समुदायमा आधारित बालसंरक्षण संयन्त्रहरूका लागि

# बालसंरक्षणसम्बन्धी तालिम

## बालसंरक्षणसम्बन्धी आधारभूत अवधारणा, पद्धति एवम् संरचनाहरू

## भाग- १

नेपाल सरकार
महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय
**केन्द्रीय बालकल्याण समिति**

समुदायमा आधारित बालसंरक्षण संयन्त्रहरूका लागि

# बालसंरक्षणसम्बन्धी तालिम

## बालसंरक्षणसम्बन्धी आधारभूत अवधारणा, पद्धति एवम् संरचनाहरू

## भाग- १

नेपाल सरकार
महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय
**केन्द्रीय बालकल्याण समिति**





| | |
|---|---|
| प्रकाशकः | केन्द्रीय बालकल्याण समिति, हरिहरभवन, ललितपुर |
| सहयोगः | प्लान इन्टरनेशनल नेपाल, श्रीमहल, ललितपुर,<br>सेभ द चिल्ड्रेन, सिनामङ्गल, काठमाडौं,<br>तेरे दे जोम्स फाउन्डेसन, पुल्चोक, ललितपुर,<br>युनिसेफ नेपाल, पुल्चोक, ललितपुर<br>वर्ल्ड भिजन इन्टरनेशनल नेपाल, सानेपा, ललितपुर । |

| | |
|---|---|
| प्रथम संस्करणः | सेप्टेम्बर, २०१५ |
| लेखन तथा सम्पादनः | चन्द्रिका खतिवडा |
| सहयोगः | शिव थापा<br>(इन्स्टिच्युट फर लिगल रिसर्च एण्ड कन्सल्टेन्सी, लाजिम्पाट, काठमाडौं) |
| चित्रः | केशव खनाल |
| आकृतिविन्यासः | रमेश दाहाल |

प्रस्तुत निर्देशिका केन्द्रीय बालकल्याण समितिले इन्टर-एजेन्सी वर्किङ्ग ग्रुपको सहयोगमा तयार गरेको हो । निर्देशिका तयार गर्दा प्लान इन्टरनेशनल नेपाल र वर्ल्ड भिजन इन्टरनेशनल नेपालको आर्थिक सहयोग रहेको थियो भने सेभ द चिल्ड्रेन, तेरे दे जोम्स फाउन्डेसन र युनिसेफ नेपालको प्राविधिक सहयोग रहेको थियो ।

# शुभकामना

बालबालिकाको अधिकार र बालसंरक्षणको विषय वर्तमानमा सबैका लागि एक प्राथमिकताका रूपमा रहिआएको छ । यसैलाई सम्बोधन गर्नका लागि स्थानीयदेखि राष्ट्रियस्तरसम्म बालसंरक्षणका संरचनाहरूको विकास गरी एक व्यवस्थित बालसंरक्षण प्रणाली स्थापित गर्ने प्रारम्भिक कार्यको थालनी भएको छ ।

प्रत्येक बालबालिकाको समृद्ध जीवनको परिकल्पना गर्दै बालबालिकालाई केन्द्रविन्दुमा राखेर धेरै सरकारी निकाय एवं राष्ट्रिय तथा अन्तर्राष्ट्रि संघ संस्थाहरूले नेपालमा विगत धेरै लामो समयदेखि बालसंरक्षणको क्षेत्रमा कार्य गर्दै आइरहेका छन् । सबैको सहयोग र सहकार्यमा केन्द्रीय बालकल्याण समिति एवं जिल्ला बालकल्याण समितिले समुदायमा आधारित बालसंरक्षण संयन्त्रहरू मार्फत बालसंरक्षणको अवधारणाको विकास, बालसंरक्षणका सवालहरूको पैरवी तथा बालसंरक्षणसम्बन्धी सचेतना अभिवृद्धि गर्ने क्रियाकलापहरू सञ्चालन गर्दै आइरहेका छन् ।

बालसंरक्षणको क्षेत्रमा क्रियाशील रहेका औपचारिक वा अनौपचारिक संरचनालाई सशक्त बनाउन यी संरचनाहरूमा रहेका सरोकारवालाहरूबीच बालसंरक्षणको आधारभूत अवधारणा, बालसंरक्षणका मुद्दाहरू, बालसंरक्षण कार्यसँग सम्बन्धित सीपहरूबारेमा क्षमता अभिवृद्धि गर्नु जरूरी छ ।

उपर्युक्त आवश्यकतालाई सम्बोधन गर्नेगरी केन्द्रीय बालकल्याण समितिको अगुवाइमा साझेदार इन्टर-एजेन्सी वर्किङ्ग ग्रुपका सदस्य संस्था तथा निकायहरूको सहयोग एवं सहकार्यमा समुदायमा आधारित बालसंरक्षण संयन्त्रहरूलाई बालसंरक्षणसम्बन्धी प्रशिक्षण दिन यी तालिम निर्देशिकाहहरू तयार पारिएका हुन् ।

यी निर्देशिकाहरू सरल भाषामा तयार भएका छन् र यिनमा गाउँ-समुदायस्तरमा बालसंरक्षण कार्यका लागि आवश्यक सीप, आधारभूत अवधारणा, मुद्दा र भिन्नभिन्न संरचनाहरूका भूमिकालाई प्रस्ट रूपमा प्रस्तुत गरिएका छन् ।

यसको तयारीमा लाग्नु हुने सबैलाई विशेष धन्यवाद दिदैं यी निर्देशिकाहरूमा आधारित भएर दिइने तालिमले गाउँ-समुदायस्तरमा रहेका बालसंरक्षण संरचना तथा सरोकारवालाहरूलाई बालसंरक्षण कार्य गर्न सहज हुनेछ भन्ने अपेक्षा गरेको छु ।

**डिल्लीराम गिरी**
अध्यक्ष
केन्द्रीय बालकल्याण समिति

# प्राक्कथन

बालबालिकाको संरक्षणका लागि घरपरिवारपछि उनीहरूको वरिपरिको समुदायको अहम् भूमिका रहन्छ । समुदायमा नै बालबालिकाले विभिन्न प्रयोजनका निम्ति आफ्नो महत्वपूर्ण समय व्यतीत गरिरहेका हुन्छन्, अन्तर्क्रिया गरिरहेका हुन्छन् र जीवनोपयोगी शिक्षा पाइरहेका हुन्छन् । समुदायमा आधारित भएर क्रियाशील अभिन्न एवं महत्वपूर्ण संरचनाहरूमा विद्यालय, स्वास्थ्य संस्था, बालसंरक्षण समिति, सामुदायिक प्रहरी, आमा समूह, बालक्लब लगायतका थुप्रै संरचनाहरू पर्दछन् ।

विद्यालय शिक्षा आर्जन गर्ने थलो मात्र नभएर बालअधिकार प्रवर्द्धन एवं बालसंरक्षणमा कार्य गर्ने एक महत्वपूर्ण निकाय पनि हो । स्वास्थ्य प्रवर्द्धनका लागि केन्द्रित समुदायतहका स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मी अर्का महत्वपूर्ण संयन्त्रहरू हुन् भने समुदायका आमा समूहहरूले पनि बालसंरक्षणमा सक्रिय भूमिका निर्वाह गरिरहेका छन् । समुदायमा अथवा विद्यालयमा आधारित बालक्लबहरूमा आबद्ध भएर बालबालिकाले आफ्नो हकअधिकार प्रवर्द्धन गर्नुका साथै बालसंरक्षणबारे चेतना जागरणमा उल्लेख्य भूमिका खेल्दै आएका छन् । बालबालिका पीडित हुन पुगेका घटनाको अनुसन्धान गरी पीडितलाई कानुनी उपचार तथा न्याय दिलाउन स्थानीय तथा समुदाय तहका प्रहरीको महत्वपूर्ण भूमिका रहन्छ । साथै, बालसंरक्षणमा कार्य गर्ने अख्तियारीसहित गठित गाउँ/नगर बालसंरक्षण तथा संवर्द्धन उप-समिति समेत स्थानीयस्तरका बालसंरक्षणका सवालहरूको सम्बोधन गर्नका लागि रोकथाममूलक कार्यका साथै घटनाको द्रुत-सम्बोधन तथा तत्काल उद्धार एवं पुनर्स्थापना लगायतका काममा क्रियाशील रहेका पाइन्छन् ।

समुदायमा आधारित यी संयन्त्रहरू बालबालिका तथा परिवारको सबैभन्दा नजिक रहेर बालसंरक्षणका सवालहरूमा सक्रिय हुन्छन् । समुदायमा बालबालिकामाथि हुने कुनै पनि प्रकारका हिंसा, दुर्व्यवहार, शोषण, विभेद, हेलचेक्र्याइँ अनि हानिकारक अभ्यासहरूबारे यी संयन्त्रहरूका सदस्यहरू प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा जानकार हुन्छन् । यसर्थ नेपालको राष्ट्रिय बालसंरक्षण प्रणालीमा समुदायमा आधारित बालसंरक्षण संयन्त्रहरूलाई एक महत्वपूर्ण अङ्गको रूपमा स्वीकार गरिएको छ । अतः यी संयन्त्रहरूलाई बालसंरक्षणमा सक्रिय बनाउन यिनका सदस्यहरूको ज्ञान, सीप तथा दक्षता अभिवृद्धि गर्न आवश्यक देखिएको छ, ताकि समुदायस्तरमा बालसंरक्षणका सवालहरूलाई रोकथाम गर्ने अनि सकेसम्म चाँडो तिनलाई सम्बोधन गरी बालबालिकालाई पुनर्पीडित हुनबाट जोगाई उनीहरूलाई सुलभ एवं उपयुक्त न्याय प्रदान गर्न सकियोस् । यस सन्दर्भमा विभिन्न संघ-संस्था तथा निकायहरूले आ-आफ्नै शैलीमा यस्ता समुदायमा आधारित संयन्त्रहरूको क्षमता अभिवृद्धिका लागि तालिम कार्यशालाहरू गर्दै आएका छन् । तर सबैको सम बुझाइका निम्ति क्षमता अभिवृद्धिका सन्दर्भमा प्रयोग गरिने सामग्रीहरूमा एकरूपता ल्याई एक समानस्तर कायम गर्नुपर्ने आवश्यकता महसुस गरिएकाले नै बालसंरक्षणको क्षेत्रमा क्रियाशील तथा यस समितिका साझेदारका रूपमा रहँदै आएका ईन्टर-एजेन्सी वर्किङ्ग ग्रुपका सदस्य संस्था तथा निकायहरूसँगको सहकार्यमा समुदायमा आधारित बालसंरक्षण संयन्त्रहरूलाई लक्षित यो तालिम निर्देशिका तयार गरिएको हो । यसबाट आगामी दिनहरूमा सबैका तर्फबाट यसैलाई आधार मानी एकै प्रकारका तालिम कार्यशालाहरू सम्पन्न भई एकरूपता कायम हुने विश्वास गरिएको छ ।

यस तालिम प्याकेजमा जम्मा आठवटा निर्देशिकाहरू छन् । निर्देशिकाको भाग १ देखि ३ सबै समुदायमा आधारित बालसंरक्षण संयन्त्रहरूका लागि उपयोगी हुनेगरी तयार गरिएको छ । तिनमा बालसंरक्षणका आधारभूत अवधारणा, पद्धति, संरचनाहरू, मुद्दाहरू तथा आवश्यक आधारभूत सीपहरू जस्ता पक्षहरूलाई समेटिएको छ । भाग ४ देखि ८ कुनै संयन्त्र विशेषको लागि निर्दिष्ट छ र तत्तत् बालसंरक्षण संयन्त्रको भूमिकामा आधारित भएर छुट्टै तालिम सञ्चालन गर्न सहयोगी हुनेगरी तयार गरिएको छ । भाग ४ विद्यालयको तहमा बालसंरक्षणका निम्ति, भाग ५ समुदायतहका स्वास्थ्यकर्मीका लागि बालसंरक्षण प्रशिक्षणका निम्ति, भाग ६ बालक्लबका सदस्यहरूका लागि बालसंरक्षण प्रशिक्षणका निम्ति, भाग ७ आमा समूहका सदस्यहरूका लागि बालसंरक्षण प्रशिक्षणका निम्ति र भाग ८ समुदायस्तरमा क्रियाशील प्रहरीहरूका लागि बालसंरक्षण प्रशिक्षणका निम्ति केन्द्रित गरी तयार गरिएका छन् ।

यी तालिम निर्देशिकाहरूले समुदायमा आधारित विभिन्न बालसंरक्षण संयन्त्रहरूको क्षमता विकास गरी बालसंरक्षण कार्यलाई अझै

प्रभावकारी बनाउने अपेक्षा गरेको छु । अनुभवले के देखाएको छ भने समुदायमा आधारित बालसंरक्षण संयन्त्रहरूलाई सुदृढ एवं दक्ष बनाउन सकिएमा मात्र बालसंरक्षण कार्यमा अपेक्षित परिणाम पाउन सकिन्छ ।

बालसंरक्षण कार्यमा समुदायमा आधारित बालसंरक्षण संयन्त्रहरूका भूमिका अनुरूप उनीहरूको क्षमता अभिवृद्धि गर्ने सन्दर्भमा विभिन्न संस्था तथा निकायहरूले प्रयोग गर्दै आएका सामग्रीहरू समेतलाई एकीकृत गर्दै समानस्तर कायम गर्ने अभिप्रायले तयार गरिएका यी निर्देशिकाहरू तयार गर्नुहुने बालअधिकारकर्मी श्री चन्द्रिका खतिवडा तथा उहाँको टिमलाई धेरै धन्यवाद दिन्छु । विभिन्न चरणमा भएका छलफलमा सक्रिय सहभागी भई पृष्ठपोषण गर्नुहुने केन्द्रीय तथा जिल्ला बालकल्याण समिति एवम् अन्य संघसंस्था तथा निकायका मित्रहरू सबै धन्यवादका पात्र हुनुहुन्छ । केन्द्रीय बालकल्याण समितिको यो अभियानलाई साकार गर्न लेखन तथा प्रकाशनमा आर्थिक सहयोग गर्ने प्लान ईन्टरनेशनल नेपाल र वर्ल्ड भिजन ईन्टरनेशनल नेपाललाई धेरै धन्यवाद व्यक्त गर्दछु । साथै, निर्देशिकाको समग्र खाका तयार गर्न तथा यसका विषयवस्तुमा आफ्नो सुझाव, कार्यक्षेत्रमा सँगालेका अनुभवहरू तथा स्रोत-सामग्री उपलब्ध गराएर प्राविधिक सहयोग प्रदान गर्ने ईन्टर-एजेन्सी वर्किङ्ग ग्रुपका अन्य सदस्यहरू युनिसेफ नेपाल, सेभ द चिल्ड्रेन र तेरे दे जोम्स फाउन्डेसनलाई म हृदयदेखि नै धन्यवाद दिन्छु ।

अब यो हामी सबैको साझा सामग्रीको रूपमा रहेको छ । समुदायमा आधारित बालसंरक्षण संयन्त्रहरूको क्षमता अभिवृद्धि गर्न सबैबाट यी निर्देशिकाहरूको प्रयोग गरी त्यसबाट प्राप्त व्यवहारिक सुझावहरूलाई समावेश गरी आवश्यकताअनुरूप आगामी दिनहरूमा यिनमा नियमित परिमार्जन गरिने नै छ ।

धन्यवाद !

**तारक धिताल**
कार्यकारी निर्देशक
केन्द्रीय बालकल्याण समिति

# मन्तव्य

बालबालिकाको अधिकारको सुनिश्चितता र बालसंरक्षण वर्तमानमा विश्वकै प्रमुख सवालको रूपमा उठदै आइरहेको छ । नेपालमा पनि बालसंरक्षणका मुद्दाहरूलाई सम्बोधन गर्नका लागि स्थानीयदेखि राष्ट्रियस्तरसम्म बालसंरक्षणका संरचनाहरूलाई सक्रिय गराई एक बालसंरक्षण प्रणालीको विकास गर्न प्रारम्भिक कार्यको थालनी भएको छ । राष्ट्रिय बालसंरक्षण प्रणालीमार्फत बालबालिका र समुदायको प्रतिरोधात्मक क्षमतामा अभिवृद्धि तथा बालसंरक्षणका सवालहरूको पैरवीको कार्य समुदायस्तरदेखि राष्ट्रियस्तरसम्म हुँदै आइरहेको छ ।

प्रत्येक बालबालिकाको समृद्ध जीवनको परिकल्पना गर्दै बालबालिकालाई केन्द्रविन्दुमा राखेर वर्ल्ड भिजन ईन्टरनेशनल नेपाल, प्लान ईन्टरनेशनल नेपाल, सेभ द चिल्ड्रेन, युनिसेफ नेपाल र तेरे दे जोम्स फाउन्डेसनलगायत अन्य संस्थाहरूले नेपालमा लामो समयदेखि बालसंरक्षणको क्षेत्रमा कार्य गर्दै आइरहेका छन् । हामी ईन्टर-एजेन्सी वर्किङ्ग ग्रुपका सदस्य अन्तर्राष्ट्रिय संस्था तथा निकायहरूले आ-आफ्नो प्रयासबाट केन्द्रीय बालकल्याण समिति एवं जिल्ला बालकल्याण समितिको साझेदारीमा समुदायमा आधारित बालसंरक्षण संयन्त्रहरूमार्फत बालसंरक्षणको अवधारणाको विकास, बालसंरक्षणका सवालहरूको पैरवी तथा बालसंरक्षणसम्बन्धी सचेतना अभिवृद्धि गर्ने क्रियाकलापहरू सञ्चालन गर्दै आएका छन् ।

बालबालिकालाई समृद्ध जीवन जीउन सक्षम बनाउन उनीहरूको अधिकार तथा संरक्षणको सुनिश्चितता हुन जरूरी छ र यसका लागि समुदायदेखि राष्ट्रियस्तरसम्म बालबालिकाको संरक्षणको जिम्मेवारी पाएका बालसंरक्षण संरचनाहरूको सबलीकरण गर्न जरूरी छ । हामी बालकेन्द्रित अन्तर्राष्ट्रिय संस्था तथा निकायहरू त्यसलाई अत्यन्त आवश्यक एवं महत्वको कार्य ठान्दछौं । यी संरचनाहरूमा रहेका सरोकारवालाहरूको बालसंरक्षणको आधारभूत अवधारणा, बालसंरक्षणका मुद्दाहरू, बालसंरक्षण कार्यसँग सम्बन्धित सीपहरू बारेमा क्षमता अभिवृद्धि गर्नु जरूरी ठान्दछौं ।

उपर्युक्त आवश्यकतालाई सम्बोधन गर्नेगरी केन्द्रीय बालकल्याण समितिको अगुवाइमा वर्ल्ड भिजन ईन्टरनेशनल नेपाल र प्लान ईन्टरनेशनल नेपालको आर्थिक सहयोग एवं ईन्टर-एजेन्सी वर्किङ्ग ग्रुपको सदस्य संस्था तथा निकायहरूको प्राविधिक सहयोगमा समुदायमा आधारित बालसंरक्षण संयन्त्रहरूलाई बालसंरक्षणसम्बन्धी प्रशिक्षण दिन यी तालिम निर्देशिकाहहरू तयार पारिएका हुन् । आठवटा भागहरूमा प्रस्तुत गरिएका यी निर्देशिकाहरू समुदायका छुट्टाछुट्टै बालसंरक्षण संयन्त्रहरूः गाउँ/नगर बालसंरक्षण तथा संवर्द्धन उपसमिति, विद्यालय, स्वास्थ्यकर्मी, आमा समूह, बालक्लबहरू तथा स्थानीय प्रहरीहरूको क्षमता अभिवृद्धिको लागि सहयोग पुर्‍याउनेगरी तयार गरिएका छन् । यी निर्देशिकाहरू सरल भाषामा तयार भएका छन् र यिनमा गाउँ-समुदायस्तरमा बालसंरक्षण कार्यका लागि आवश्यक सीप, आधारभूत अवधारणा, मुद्दा र भिन्नभिन्न संरचनाहरूका भूमिकालाई प्रस्टरूपमा प्रस्तुत गरिएका छन् ।

यी निर्देशिकाहरू तयार पार्ने क्रममा केन्द्रीय बालकल्याण समिति, जिल्ला बालकल्याण समिति र ईन्टर-एजेन्सी वर्किङ्ग ग्रुपको सदस्य संस्था तथा निकायहरूको साथै अन्य सरोकारवालाहरूसँग छलफल गरी पृष्ठपोषण लिइएको थियो । अतः यी निर्देशिकाहरूमा आधारित भएर दिइने तालिमले समुदायस्तरमा रहेका बालसंरक्षण संरचना तथा सरोकारवालाहरूलाई बालसंरक्षण कार्य गर्न सहज हुनेछ भन्ने अपेक्षा गरेका छौं ।

अन्त्यमा, यी तालिम निर्देशिकाहरू प्रकाशनका लागि आर्थिक सहयोग गर्ने वर्ल्ड भिजन, यु.के. र प्लान नर्वेलाई विशेष धन्यवाद दिन्छौं । यी तालिम निर्देशिकाहरू तयार पर्दा प्राविधिक सहयोग प्रदान गर्नुहुने ईन्टर-एजेन्सी वर्किङ्ग ग्रुपका सबै सदस्यहरूका सम्बन्धित कर्मचारीहरूलाई पनि धन्यवाद व्यक्त गर्दछौं । साथै, यी निर्देशिकाहरूको लेखनको अभिभारा लिनुहुने श्री चन्द्रिका खतिवडा र उहाँको सम्पूर्ण टिम तथा चित्राङ्कन र लेआउट डिजाइन गर्नुहुने ईको नेपालको टिमलाई समेत विशेष धन्यवाद व्यक्त गर्दछौं ।

**माटियस् ब्रायन्सन्**
राष्ट्रिय निर्देशक
प्लान ईन्टरनेशनल नेपाल

**दलैलाह् (लाला) बोर्जा**
राष्ट्रिय निर्देशक
सेभ द चिल्ड्रेन

**डा. सेबाष्टियन चुग**
देशीय प्रतिनिधि
तेर दे जोम् - लोजान (टिडिएच)

**तोमु होजुमी**
देशीय प्रतिनिधि
यूनिसेफ नेपाल

**लिज साटो**
राष्ट्रिय निर्देशक
वर्ल्ड भिजन ईन्टरनेशनल नेपाल

# कृतज्ञता

गाउँ/नगर बालसंरक्षण तथा संवर्द्धन उप-समितिलगायत समुदायमा आधारित बालसंरक्षण संयन्त्रहरूको क्षमता अभिवृद्धिको लागि सिलसिलेवाररूपमा तालिम सञ्चालन गर्न निर्देशिकाको आवश्यकता बोध भएपछि केन्द्रीय बालकल्याण समिति र ईन्टर-एजेन्सी वर्किङ्ग ग्रुपका सदस्य संस्था वा निकायहरूको तर्फबाट संयुक्तरूपमा तीन चरणको तालिमको पाठ्यक्रम तर्जुमा गरियो । सोहीअनुरूप इन्स्टिच्यूट फर लिगल रिसर्च एण्ड कन्सल्टेन्सीका तर्फबाट हामीले निर्देशिकाको प्रारम्भिक लेखन कार्य थाल्यौं । निर्देशिकाको भाग १, २ र ३ को लेखन कार्य सम्पन्न भएपछि समुदायमा क्रियाशील विद्यालय, स्वास्थ्यकर्मी, स्थानीय प्रहरी, आमा समूह र बालक्लबहरूलाई लक्षित गरी थप सामग्रीसहित खासखास निर्देशिकासमेत तयार गर्ने निर्णय भयो । त्यसैअनुरूप निर्देशिकाहरू ८ भागमा तयार भएका हुन् । भाग १ देखि ३ सम्म सबै समुदायमा आधारित बालसंरक्षण संयन्त्रहरूका लागि सञ्चालन हुने तालिममा आवश्यकताअनुरूप उपयोग गरिनुपर्दछ भने अन्य भागहरू निर्दिष्ट लक्षित समूहको तालिमका लागि उपयोगी हुनेछन् ।

यी निर्देशिकाहरूको लेखन तथा सम्पादनका क्रममा हामीले धेरै महानुभावहरूको सहयोग पाएका छौं । समुदायतहमा बालसंरक्षण संयन्त्रहरूलाई तालिम दिन खासगरी प्लान ईन्टरनेशनल नेपाल, वर्ल्ड भिजन ईन्टरनेशनल नेपाल र सेभ द चिल्ड्रेनले उपयोग गर्दै आएका सामग्री तथा बालसंरक्षण कार्यमा खासगरी समुदायतहमा कार्यरत महानुभावहरूका अनुभव तथा सिकाइलाई आवश्यकताअनुसार निर्देशिकामा समावेश गरिएको छ । त्यस्तै निर्देशिकाको मस्यौदा तयार भएपछि जिल्ला बालकल्याण समिति, प्लान ईन्टरनेशनल नेपाल र वर्ल्ड भिजन ईन्टरनेशनल नेपालका कर्मचारी/पदाधिकारी तथा साझेदार संस्थाका कर्मचारीहरूलाई आमन्त्रित गरी परीक्षण तालिम सञ्चालन गरिएको थियो । ती तालिमहरूबाट आएका सुझावको आधारमा निर्देशिकामा आवश्यक परिमार्जन गरिएको थियो ।

यस निर्देशिकालाई यसरूपमा ल्याउन योगदान पुर्‍याउनुहुने सबै महानुभावहरूप्रति म कृतज्ञता ज्ञापन गर्दछु ।

*निर्देशिकाको अवधारणा, पाठ्यक्रम तर्जुमा तथा मस्यौदामाथि सुझाव प्रदान गर्नुहुने:*

केन्द्रीय बालकल्याण समितिका श्री तारक धिताल, श्री नमूना भुषाल र श्री नीता गुरूङ्ग ।

प्लान ईन्टरनेशनल नेपालका श्री मधुवन्ती तुलाधर र श्री सुभाषा श्रेष्ठ ।

वर्ल्ड भिजन ईन्टरनेशनल नेपालका श्री अर्पणा रोंगोन, श्री दिलिप गिरी र श्री भविन्द्र राई ।

सेभ द चिल्ड्रेनका श्री कीर्ति थापा र श्री मदन गोतामे ।

युनिसेफ नेपालका श्री ब्रिजिट र श्री इभान राई ।

तेरे दे जोम्स फाउन्डेसनका श्री नवजीत कर्माचार्य ।

*निर्देशिकाको परीक्षण प्रशिक्षणका सहभागी तथा प्रशिक्षकहरू:*

प्लान ईन्टरनेशनल नेपालको आयोजनामा बुढानीलकण्ठ, काठमाडौंमा सम्पन्न पहिलो चरणको तथा हेटौंडा मकवानपुरमा सम्पन्न दोस्रो चरणको तालिमका सहभागी प्लान ईन्टरनेशनल नेपाल र साझेदार संस्थाका कर्मचारी तथा पदाधिकारीज्यूहरू,

वर्ल्ड भिजन ईन्टरनेशनल नेपालको आयोजनामा धुलिखेल, काभ्रेपलाञ्चोकमा सम्पन्न तालिमका सहभागी वर्ल्ड भिजन ईन्टरनेशनल नेपाल र साझेदार संस्थाका कर्मचारी तथा पदाधिकारीज्यूहरू,

वर्ल्ड भिजन ईन्टरनेशनल नेपाल, सुनसरीको आयोजनामा ईटहरीमा सम्पन्न तालिमका सहभागी वर्ल्ड भिजन ईन्टरनेशनल नेपाल र साझेदार संस्थाका कर्मचारी तथा पदाधिकारीज्यूहरू तथा सुनसरी जिल्लाका गाउँ बालसंरक्षण तथा संवर्द्धन उपसमितिका सदस्यज्यूहरू,

केन्द्रीय बालकल्याण समितिले चितवन र ललितपुरमा सम्पन्न गरेको तालिमहरूमा सहभागी बालकल्याण अधिकारीज्यूहरू, जिल्ला बालकल्याण समितिका पदाधिकारीज्यूहरू तथा बालअधिकार अधिकृतज्यूहरू,

*निर्देशिकाको परीक्षण प्रशिक्षण कार्यमा सहयोग पुऱ्याउनुहुने :*

नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानका वरिष्ठ अध्ययन निर्देशक श्री भरत थापा, स्वतन्त्र विज्ञ श्री उद्धवराज पौड्याल, स्वतन्त्र विज्ञ श्री प्रकाश कोइराला, स्वतन्त्र विज्ञ श्री प्रल्हाद ढकाल, इन्स्टिच्यूट फर लिगल रिसर्च एण्ड कन्सल्टेन्सीका श्री सुरेन्द्र रेग्मी, श्री शिव थापा, श्री कृष्णप्रसाद सुवेदी र निना महर्जन ।

*लेखन तथा सम्पादन कार्यमा सहयोग :*

श्री शिव थापा, श्री सुरेन्द्र रेग्मी, श्री निना महर्जन र श्री कृष्णप्रसाद सुवेदी ।

निर्देशिकाको चित्रलेखन गर्नुहुने श्री केशव खनाल र आकृतिविन्यास गर्नुहुने श्री रमेश दहाल ।

सबैलाई धेरै धेरै धन्यवाद !


**चन्द्रिका खतिवडा**,

निर्देशक, इन्स्टिच्यूट फर लिगल रिसर्च एण्ड कन्सल्टेन्सी,

काठमाडौं, नेपाल

# निर्देशिकाको परिचय

सुरक्षित वातावरणसहित आफ्नो संरक्षणको सुनिश्चितता पाउनु सबै बालबालिकाको अधिकार हो । यस अधिकारलाई नेपालको अन्तरिम संविधान, २०६३, राष्ट्रिय कानुन र बालबालिकासम्बन्धी नीति, २०६९ तथा नेपालले अनुमोदन गरेको संयुक्त राष्ट्रसंघीय बालअधिकारसम्बन्धी महासन्धि, १९८९ तथा यसका दुईवटा इच्छाधीन आलेखहरू[१] (बालबालिकाको बेचबिखन, बालवेश्यावृत्ति र अश्लील चित्रणविरूद्ध तथा सशस्त्र द्वन्द्वमा बालबालिकाको प्रयोगविरूद्धका इच्छाधीन आलेखहरू, २०००) ले सुनिश्चित गरेका छन् । यसर्थ, बालबालिकाविरूद्ध हुने कुनै पनि प्रकारका हिंसा, दूर्व्यवहार, शोषण, भेदभावलगायतका हानिहरूबाट जोगाउन सम्भव सबै प्रयत्न हुनु जरूरी छ ।

बालबालिकाको संरक्षणको अधिकार सुनिश्चित गर्ने प्रमुख दायित्व राज्यको हो । यस कार्यमा बाबुआमा, अभिभावक एवं समुदायका प्रत्येक सदस्य र स्वयं बालबालिकाको सहभागिता र सहकार्य आवश्यक हुन्छ । त्यसरी नै समुदायमा आधारित भएर बालसंरक्षणका लागि क्रियाशील महत्त्वपूर्ण संरचनाहरूमा विद्यालय, स्वास्थ्य संस्था, बालसंरक्षण समिति, स्थानीय प्रहरी, आमा-समूह, बालक्लबलगायतका संरचनाहरू पर्दछन् ।

समुदायमा आधारित यी संयन्त्रहरू बालबालिका तथा परिवारको सबैभन्दा नजिक रहेर बालसंरक्षणका सवालहरूमा सक्रिय हुन्छन् । समुदायमा बालबालिकामाथि हुने कुनै पनि प्रकारका हिंसा, दूर्व्यवहार, शोषण, विभेद, हेलचेक्र्याइँ अनि हानिकारक अभ्यासहरूबारे यी संयन्त्रहरूका सदस्यहरू प्रत्यक्ष वा अप्रत्यक्षरूपमा जानकार हुन्छन् । यसर्थ नेपालको राष्ट्रिय बालसंरक्षण प्रणालीमा महत्त्वपूर्ण अङ्गको रूपमा समुदायमा आधारित बालसंरक्षण संयन्त्रहरूलाई स्वीकार गरिएको छ । अतः यी संयन्त्रहरूलाई बालसंरक्षणमा सक्रिय बनाउन यिनका सदस्यहरूको ज्ञान, सीप तथा दक्षता अभिवृद्धि गर्न आवश्यक देखिएको छ ताकि समुदायस्तरमा बालसंरक्षणका सवालहरूलाई रोकथाम गर्ने अनि सकेसम्म चाँडो तिनलाई सम्बोधन गरी बालबालिकालाई पुनर्पीडित हुनबाट जोगाई उनीहरूलाई सुलभ अनि उपयुक्त न्याय प्रदान गर्न सकियोस् ।

नेपाल सरकारले बालअधिकार संरक्षण तथा सम्वर्द्धन कार्यक्रम निर्देशिका, २०६५ लागु गरी गाउँ/नगर बालसंरक्षण तथा सम्वर्द्धन उप-समिति र जिल्ला बालसंरक्षण तथा सम्वर्द्धन उप-समिति (यी समितिलाई 'भिसीपिसी', 'एमसीपिसी' र 'डिसीपिसी' भनेर पनि चिनिन्छ) को गठनको व्यवस्था गर्नुका साथै तिनका भूमिका तथा कार्यहरू तय गरेको छ ।

गाउँ/नगरस्तरमा गठन भएका बालसंरक्षण समितिलगायत समुदायमा आधारित बालसंरक्षण संयन्त्रहरूको कार्यमा सहयोग पुर्‍याई खासगरी समुदायतहमा बालसंरक्षण कार्यको प्रभावकारिता बढाउन बालसंरक्षण संयन्त्रहरूका सदस्यहरूको क्षमता बढाउन आवश्यक छ । त्यसरी नै बालसंरक्षणमा क्रियाशील व्यक्ति, संस्था तथा निकायहरूको विषयगत ज्ञान, सीप र दक्षता अभिवृद्धि गर्न समेत आवश्यक देखिएको छ । यही निर्दिष्ट लक्ष्यका साथ यी निर्देशिकाहरू तयार गरिएका हुन् । अनुभवले के देखाएको छ भने समुदायमा आधारित बालसंरक्षण संयन्त्रहरूलाई सुदृढ एवं दक्ष बनाउन सकिएमा मात्र बालसंरक्षण कार्यमा अपेक्षित परिणाम पाउन सकिन्छ ।

प्रस्तुत 'समुदायमा आधारित बालसंरक्षण संयन्त्रहरूका लागि बालसंरक्षणसम्बन्धी तालिम निर्देशिका' लाई आठवटा अलग-अलग पुस्तकको रूपमा प्रस्तुत गरिएको छ :

भाग १ : बालसंरक्षणसम्बन्धी आधारभूत अवधारणा, पद्धति एवम् संरचनाहरू,
भाग २ : बालसंरक्षणसँग सम्बन्धित स्थानीय मुद्दाहरू,
भाग ३ : बालसंरक्षण कार्यसँग सम्बन्धित आधारभूत सीपहरू,
भाग ४ : विद्यालयको तहमा बालसंरक्षण,
भाग ५ : समुदायतहका स्वास्थ्यकर्मीका लागि बालसंरक्षण प्रशिक्षण,
भाग ६ : बालक्लबका सदस्यहरूका लागि बालसंरक्षण प्रशिक्षण,
भाग ७ : आमा-समूहका सदस्यहरूका लागि बालसंरक्षण प्रशिक्षण,
भाग ८ : समुदायस्तरमा क्रियाशील प्रहरीहरूका लागि बालसंरक्षण प्रशिक्षण

१ बालअधिकारसम्बन्धी महासन्धि, १९८९ को तेस्रो इच्छाधीन आलेख अर्थात उजुरी प्रक्रियासम्बन्धी इच्छाधीन आलेख, २०११ ले भने बालअधिकारसम्बन्धी महासन्धि तथा यसका दुईवटा इच्छाधीन आलेखहरूले प्रदत्त गरेका हकअधिकारहरूको हनन भएको सन्दर्भमा राज्यस्तरबाट कुनै उपचार नपाएको अवस्थामा संयुक्त राष्ट्रसंघीय बालअधिकार समितिमा गर्न सकिने उजुरीको अधिकार बालबालिकालाई प्रदान गरेको छ। तर नेपालले आजसम्म यो इच्छाधीन आलेखमा हस्ताक्षर वा अनुमोदन गरिसकेको छैन ।

यी आठवटै निर्देशिकाहरूमा विषयगतरूपमा तालिम सत्रहरू र सोसँग सम्बन्धित जानकारी (अर्थात अध्ययन–सामग्री) उपलब्ध गराइएको छ । निर्देशिकाको प्रत्येक भागहरूमा उल्लिखित विषयवस्तुलाई समेटी सिलसिलेबाररूपमा प्रशिक्षण सञ्चालन गर्नु जरूरी छ । त्यसैले प्रत्येक भागका विषयवस्तुबारे प्रशिक्षण सञ्चालन गर्नका लागि आवश्यक पर्ने सामग्रीहरू तथा लाग्ने समयावधिबारे पनि सम्बन्धित भागहरूमा नै उल्लेख गरिएको छ । यसका साथै ती सत्रहरू सञ्चालन गर्न सहजकर्ता/प्रशिक्षकले गर्नुपर्ने आवश्यक तयारी तथा सत्र सञ्चालनका क्रममा ध्यान दिनुपर्ने कुराहरू समेत सत्रको वर्णनमा उल्लेख छ ।

निर्देशिकाको भाग १ देखि ३, सबै समुदायमा आधारित बालसंरक्षण संयन्त्रहरूका लागि उपयोगी हुनेगरी तयार गरिएको छ जसमा बालसंरक्षणका आधारभूत अवधारणा, पद्धति, संरचनाहरू, मुद्दाहरू तथा आवश्यक आधारभूत सीपहरू जस्ता पक्षहरूलाई समेटिएको छ । अनि, भाग ४ देखि ८ कुनै संयन्त्र विशेषको लागि निर्दिष्ट छ र तत्तत् बालसंरक्षण संयन्त्रको भूमिकामा आधारित भएर छुट्टै तालिम सञ्चालन गर्न सहयोगी हुनेगरी तयार गरिएको छ ।

अतः यी निर्देशिकाहरूले समुदायस्तरमा बालसंरक्षण कार्यमा संलग्न व्यक्ति, संस्था तथा निकायहरूको क्षमता अभिवृद्धिमा एक औजारका रूपमा सहयोग पुऱ्याउनेछ र बालसंरक्षण कार्यलाई अझै प्रभावकारी बनाउनेछ भन्ने हाम्रो विश्वास छ । निर्देशिकाको व्यवहारिक कार्यान्वयनबाट प्राप्त हुने अनुभवहरूबाट सिक्दै यसलाई समयसापेक्षरूपमा परिमार्जन गर्दै लगिनेछ ।

## निर्देशिका प्रयोगका सन्दर्भमा प्रशिक्षक तथा सहजकर्तालाई केही सुझावहरू

- प्रशिक्षक/सहजकर्ताले प्रशिक्षणअघि नै यस निर्देशिकाको आठवटै भागहरूको गहन अध्ययन गर्नु जरूरी छ । पर्याप्त तयारीबिना प्रशिक्षणमा जानुहुँदैन ।
- यस निर्देशिकाअनुरूप सञ्चालन हुने तालिममा समुदायमा रहेका बालसंरक्षण संयन्त्रहरूमा विभिन्न पृष्ठभूमिका व्यक्तिहरूको संलग्नता हुने भएकोले प्रशिक्षण सञ्चालन गर्दा उपलब्ध समयलाई हेक्का राख्दै विषयवस्तुको प्राथमिकीकरण गर्नु आवश्यक हुन्छ ।
- तालिममा सहभागी हुने सहभागीहरूको विषयप्रतिको ज्ञान र बुझाइको स्तरलाई तालिम सत्र सञ्चालन गर्नुअगावै बुझ्ने कोशिस गर्नुहोस् र आवश्यकताअनुरूप अध्ययन–सामग्री पढी थप जानकारी सङ्ग्रह गर्नुहोस् ।
- आवश्यकतानुसार मुख्य–मुख्य बुँदालाई न्यूजप्रिन्ट पेपरमा लेख्नुहोस्, जसलाई सत्र सञ्चालनको क्रममा सहभागीहरूलाई विषयबारे बुझाउन सजिलोसँग प्रयोग गर्न सकिन्छ ।
- यस निर्देशिकाको प्रत्येक सत्रमा एक निश्चित प्रक्रिया र विधिहरू तय गरिएको छ । खासगरी प्रशिक्षार्थीको सिकाइलाई व्यवस्थित गर्न सकियोस् भनी त्यसो गरिएको हो । प्रशिक्षक/सहजकर्ताले यहाँ दिइएको विधि, प्रक्रिया सञ्चालन गर्न अभ्यस्त हुनुपर्दछ र/वा त्यसको विकल्पमा अर्कै कुनै विधि वा प्रक्रिया उपयोग गर्ने हो भने त्यसबारेमा विश्वस्त हुनु जरूरी छ ।
- यस निर्देशिकामा उल्लेख गरिएका सत्रको प्रक्रियाहरू स्थानीय परिवेशसँग मिल्दो भएनभएको सुनिश्चित गर्नुपर्दछ । यदि कुनै विधि र प्रक्रिया व्यवहारिक नभएको पाइएमा त्यसलाई प्रशिक्षक/सहजकर्ताले परिवर्तन गरी उपयोगी विधि र प्रक्रिया अवलम्बन गर्नुपर्दछ ।
- यस निर्देशिकाको प्रत्येक सत्रको लागि आवश्यक पर्ने सामग्रीहरूको जोहो तालिम स्थलमा जानुपूर्व नै गर्नुपर्दछ । तालिमका सहभागीहरूको सङ्ख्याअनुसार आवश्यक सामग्री व्यवस्थापन गर्नु प्रशिक्षक/सहजकर्ताको जिम्मेवारी हो ।
- तालिमलाई प्रभावकारी बनाउन तालिम कक्षको भौतिक व्यवस्थापनले महत्त्व राख्दछ । त्यसैले प्रशिक्षक/सहजकर्ताले तालिमको व्यवस्थापनका लागि आवश्यक पर्ने सबै पक्षहरूको चेकलिष्ट तयार गरी तालिम अगावै आयोजकसँग सरसल्लाह गरी सुनिश्चित गर्नुपर्दछ । त्यसैगरी, प्रशिक्षक/सहजकर्ताले तालिमका लागि चाहिने उपकरण तथा मसलन्द एवम् लजिस्टिकको अग्रिमरूपमा व्यवस्थापन गर्नुपर्दछ ।

## प्रशिक्षक/सहजकर्ताका लागि केही व्यवहारिक सीपहरू

### सत्र वा प्रस्तुतीकरणको तयारीको क्रममा

- सहजकर्ता/प्रशिक्षकले सँधै आफ्ना श्रोता को हुन् भन्ने कुराबारे जानकारी राख्नुपर्दछ । साथै, सहजकर्ता/प्रशिक्षकले समूह गतिशीलता (Group Dynamics) को बारेमा पनि जान्न जरूरी हुन्छ, जसको कारणले प्रस्तुतीकरणको क्रममा सबै

सहभागीहरूका स्वभाव बुझेर उनीहरूलाई साथै लिई प्रस्तुतीकरण गर्न सहजकर्ता/प्रशिक्षकका लागि सहज हुन्छ ।

- आफूले किन प्रस्तुति गर्दै हुनुहुन्छ, अर्थात सो प्रस्तुतिको उद्देश्य के हो भन्ने कुरा पनि राम्ररी मनन् गर्नुहोस् ।
- आफूले कहाँ अनि कहिले अर्थात कुन स्थान, परिवेश अनि परिस्थितिमा प्रस्तुति गर्दै हुनुहुन्छ, त्यसको हेक्का राख्नुहोस् तथा त्यसैअनुरूप आफ्नो भेषभुषा अनि प्रस्तुतीकरणको तयारी गर्नुहोस् ।
- आफ्नो प्रस्तुतिको लागि कति समय दिइएको छ, त्यसलाई ध्यानमा राख्नुहोस् त्यति समयमा आफ्नो विषयवस्तुलाई कसरी सहभागी सुहाउँदो भाषामा प्रभावकारी रूपमा प्रस्तुति गर्ने हो, त्यसको तयारी गर्नुहोस् ।
- सत्र सञ्चालन गर्ने स्थान तथा तालिम हलमा उपलब्ध सुविधाहरूको आधारमा आफूले प्रस्तुतिको क्रममा प्रयोग गर्ने विधिको निर्धारण गर्नुहोस् । उदाहरणको लागि यदि आफूले प्रस्तुति गर्न लागेको स्थानमा विद्युत उपलब्ध छैन वा आफ्नो प्रस्तुतिको समयमा लोडसेडिङ्गको कारणले विद्युत उपलब्ध हुन सक्दैन भने एल.सी.डी. प्रोजेक्टरजस्ता विद्युतीय उपकरणहरूको प्रयोग गर्ने विधिहरू अनुपयुक्त हुन सक्दछन्, अतः वैकल्पिक विधिहरू निर्धारण गर्नुहोस् ।
- आफूले के-कस्ता विषयवस्तुहरू आफ्नो प्रस्तुतिमा समावेश गर्न चाहनुहुन्छ, त्यसलाई सहभागीहरूको आवश्यकता तथा ज्ञान र बुझाइको स्तरअनुसार प्राथमिकीकरण गर्नुहोस् ।
- आफूले प्रयोग गर्ने सहायक सामग्रीहरू (पावरप्वाईन्ट प्रिजेन्टेशन, महत्त्वपूर्ण बुँदाहरू, अध्ययन-सामग्री हातेपत्र) बारे जानकारी राख्नुहोस् ।
- साथै प्रस्तुतीकरणको क्रममा आफूलाई आवश्यक पर्ने सम्पूर्ण सामग्रीहरूको जोहो पनि तयारीको क्रममा नै गर्नुहोस् ।

**प्रस्तुतीकरण गर्नुअघि**

- प्रस्तुतिको सुरुवातको क्रममा सहभागीहरूलाई आफ्नो परिचय दिनुहोस् । त्यसपश्चात आफूले के-के प्रस्तुति गर्दैछु भन्ने कुरा जानकारी गराउनुहोस् ।
- सहभागीहरूलाई तालिम हल कक्षाकोठा नरहेको तथा आफू शिक्षक नभई प्रशिक्षक/सहजकर्ता हूँ भन्ने कुरा जानकारी गराउनुहोस् । यसर्थ, आफू र सहभागीहरूको स्तरमा कुनै अन्तर नरहेको कारण सहभागीहरूलाई खुला रूपले प्रस्तुतीकरणमा सहभागी हुन आव्हान गर्नुहोस् ।
- सहभागीहरूमाझ आफू सबैभन्दा जान्नेसुन्ने हूँ भन्ने भाव कहिले पनि प्रकट नगर्नुहोस् तर सो विषयसँग सम्बन्धित सहभागीहरूका जिज्ञासा मेटाउनका लागि भने आफू जसरी पनि तयार हुने कुरा भने दर्शाउनुहोस् । आफूसँग भएको ज्ञान नपुग्दो भएको अवस्थामा पनि आफूले अन्य ज्ञानका स्रोत प्रयोग गर्नसक्ने जानकारी भने दिनुहोस् ।
- प्रस्तुतीकरणको क्रममा सहभागीहरूले आफ्नो कुनै प्रश्न वा जिज्ञासा रहेको स्थितिमा कुनै पनि बेला सहजकर्ता/प्रशिक्षकलाई रोकेर आफ्नो अभिव्यक्ति राख्न सक्ने कुरा बताउनुहोस् ।
- सहभागीहरूलाई आफूले अब प्रस्तुतीकरण सुरू गर्दैछु भन्ने कुरा जानकारी गराउनुहोस् र प्रस्तुतीकरणका लागि अनुमति मागेर प्रस्तुतीकरण थाल्नुहोस् ।

**प्रस्तुतीकरणको क्रममा**

- सहजकर्ता/प्रशिक्षकले भन्न लागेको कुरा सहभागीहरूको लागि नयाँ विषय हो वा होइन भन्ने यकीन गर्नुहोस् । यसका लागि सहभागीहरूसँग सो विषयमा के-कस्तो ज्ञान छ भन्ने कुरा जान्ने प्रयत्न गर्नुहोस् ।
- प्रस्तुतीकरणको क्रममा सदैव उत्साही हुनुहोस् र सकेसम्म माफी नमाग्नुहोस् ।
- डर स्वभाविक हो भन्ने कुरा सोच्नुहोस् र आफूलाई देखिने र सुनिने बनाउनुहोस् । साथै, सबै सहभागीहरूसम्म आँखाको माध्यमबाट पुग्नुहोस्, अर्थात Eye Contact गर्नुहोस् ।
- आफ्नो विषयलाई संक्षिप्त तथा सरल तरिकाले तार्किक रूपमा प्रस्तुतीकरण गर्नुहोस् । विस्तृत रूपरेखाहरू दिइरहनु केबल समयको बर्बादी हो, त्यसको साटो पर्याप्त उदाहरणहरू दिनुहोस् ।
- सम्भव भएसम्म आफ्नो प्रस्तुतिलाई अन्तर्क्रियात्मक बनाउनुहोस् । अन्तर्क्रियात्मक बनाउने क्रममा सकेसम्म सबै सहभागीहरूलाई संलग्न गराउनुहोस् । समूहमा छिट्टै आफ्ना विचारहरू राख्न नसक्ने सहभागीहरूलाई आफ्ना विचारहरू राख्न उत्प्रेरित गर्नुहोस् । तर यसो गर्दा ती सहभागीहरूलाई हीनताबोध नहोस् भन्ने कुरामा सहजकर्ता/प्रशिक्षकले विशेष ध्यान पुऱ्याउनुपर्दछ ।

- प्रस्तुतीकरणको क्रममा सकेसम्म प्राविधिक जानकारीहरूलाई कम गर्नुहोस् । यदि प्राविधिक जानकारीहरू दिनै परेको स्थिति छ भने पनि तिनलाई सरल भाषामा सहभागीहरूलाई बुझ्न सहज हुनेगरी प्रस्तुति गर्नुहोस् ।
- प्रस्तुतीकरणको क्रममा प्रश्नहरू आउनु राम्रो हो । ती प्रश्नहरूको आफ्नो ज्ञान र क्षमताले भ्याएसम्म उत्तर दिनुहोस्, तर यस क्रममा आफूले दिएको जानकारी सत्य तथ्यपरक छ भन्ने कुराको यकीन भने अवश्य गर्नुहोस् । साथै त्यसभन्दा बढी जानकारी सहभागीहरूले कहाँ पाउन सक्दछन् भन्ने स्रोत पनि सहभागीहलाई बताउनुहोस् ।
- सँधै समयको परिपालना गर्नुहोस् । आफूलाई दिइएको समयभित्र नै आफ्नो प्रस्तुतीकरण सिध्याउनुहोस् ।
- मौखिक (शब्द, विषयवस्तु, भाषा) अर्थात, सहजकर्ताले जे बोल्छ, त्यसले ७ प्रतिशत, आवाज (उत्साह, आत्मविश्वास, गति) अर्थात जसरी भनिन्छ, त्यसले ३८ प्रतिशत र दृष्य (अनुहारको हावभाव, शरीरको हावभाव, इसारा, आँखाको चाल) अर्थात सहजकर्ताले जसरी हेर्छ र व्यवहार गर्छ, त्यसले ५५ प्रतिशत सहभागीहरूमा प्रभाव पार्दछ । यसर्थ, प्रस्तुतीकरणमा सबैभन्दा महत्त्वपूर्ण भनेकै सहजकर्ताको अमौखिक सञ्चार हो । त्यसैले आफ्ना अमौखिक सञ्चारहरूमा सहजकर्ता/प्रशिक्षकले ध्यान दिनुपर्ने हुन्छ ।
- प्रस्तुतीकरणको क्रममा कुनै विधि प्रयोग गर्दै हुनुहुन्छ भने, त्यसलाई प्रभावकारी ढङ्गले प्रयोग गर्नुहोस् ।
- प्रस्तुतिपछि सारांशमा पुनः आफूले भनेका कुराहरू दोहोऱ्याउनुहोस् ।
- अभ्यासले मानिसलाई उत्तम बनाउँछ । प्रस्तुतीकरणपछि सहभागीहरूसँग केही प्रश्नहरू छन् भने सोध्ने अवसर दिनुहोस् । त्यसपछि सबै सहभागीहरूलाई ध्यानपूर्वक आफ्ना कुराहरू सुनिदिएकोमा धन्यवाद दिनुहोस् ।

***

# विषय-सूची


| | | |
|---|---|---|
| १. | सहभागीबीच परिचय तथा तालिमको उद्देश्यबारे जानकारी | १ |
| २. | बालबालिका र बालअधिकारको आवश्यकता | ३ |
| ३. | बालअधिकार | ६ |
| ४. | बालअधिकारका सिद्धान्तहरू | ९ |
| ५. | बालबालिकाको संरक्षणको अधिकार | १९ |
| ६. | बालबालिकामाथि हुने हानिहरू | २३ |
| ७. | समुदायमा विद्यमान बालसंरक्षणका सवालहरू | २६ |
| ८. | समुदायभित्र जोखिम क्षेत्रको पहिचान | २८ |
| ९. | बालसंरक्षण पद्धति | ४२ |
| १०. | समुदायस्तरका विद्यमान बालसंरक्षणका संरचनाहरू र यसका कार्यहरू | ५३ |
| ११. | समुदाय तथा जिल्लास्तरमा उपलब्ध सेवा तथा सेवा प्रदायक (संस्था/व्यक्ति) हरूको नक्साङ्कन | ६६ |
| १२. | बालसंरक्षण नीति | ७० |
| १३. | बालसंरक्षणमा बालबालिकाको सहभागिता | ७७ |
| १४. | समुदायतहमा बालसंरक्षणका लागि गरिने क्रियाकलापहरू (कार्ययोजना) | ८४ |

# १. सहभागीबीच परिचय तथा तालिमको उद्देश्यबारे जानकारी



**४५ मिनेट**

### १.१ सत्रको परिचय :

तालिममा यो एक औपचारिक सत्र हो । यसले तालिममा संलग्न आयोजक, सहजकर्ताहरू र सहभागीहरूबीच एकआपसमा परिचय आदानप्रदान भई तालिम सञ्चालनको लागि उपयुक्त वातावरण बनाउन सहयोग गर्दछ । यो सत्रले सहभागीहरूबीचको सम्बन्ध विस्तार गर्न तथा तालिमको उद्देश्यहरूबारे जानकारी लिनदिन मद्दत गर्दछ । साथै सत्रमा तालिमको सीमितता र तालिममा कस्ता क्रियाकलापहरू कसरी र किन गरिन्छन् भन्नेबारे पनि सहभागीहरूले जानकारी पाउँदछन् । यसबाट तालिम सञ्चालनका लागि आधार बन्दछ ।

### १.२ अपेक्षित उपलब्धि :

यस सत्रको अन्त्यमा सहभागी र तालिमका सहजकर्ताहरू,

- आपसमा परिचित भई तालिम सञ्चालनका लागि उपयुक्त एवम् सहज वातावरण बन्नेछ ।
- तालिमका उद्देश्यबारे जानकारी प्राप्त गरी आपसमा छलफल गर्न सक्नेछन् ।

### १.३ सत्र सञ्चालनका लागि आवश्यक सामग्री :

बल (भकुण्डो) वा हातमा समाउन मिल्ने अन्य गोलाकार वस्तु, न्यूजप्रिन्ट पेपर वा ह्वाइट बोर्ड, पर्मानेन्ट र बोर्ड मार्कर, मास्किङ्ग टेप आदि ।

### १.४ सत्रको तयारी :

- सत्र सञ्चालनका लागि आवश्यक बल (भकुण्डो) वा गोलाकार वस्तु जुटाउनुहोस् ।
- तालिमको उद्देश्य (यस सत्रको अन्तिममा दिइएको छ) लाई सफा र बुझिने अक्षरमा न्यूजप्रिन्ट पेपरमा उतार्नुहोस् ।

### १.५ सत्र सञ्चालन गर्ने प्रक्रिया :

- सर्वप्रथम तालिमका सहजकर्ता तथा आयोजकले उपस्थित सबै सहभागीलाई स्वागत गर्नुहोस् । र, तालिममा सहभागी भई बालसंरक्षण अभियानप्रति प्रतिबद्धता जनाएकोमा धन्यवाद दिनुहोस् ।
- यसपछि 'हामी खेल विधिबाट एकापसमा परिचय गर्नेछौं' भनी जानकारी दिँदै देहायका क्रियाकलापहरू सञ्चालन गर्नुहोस् ।

### क्रियाकलाप १: परिचय खेल (२० मिनेट)

- सहभागीहरूलाई एकापसमा सबैको अनुहार देखिनेगरी गोलाकारमा उभिन लगाउनुहोस् र सहजकर्ता पनि सहभागीसँगैं उभिनुहोस् ।
- अब यस परिचय खेलको नियम बताउनुहोस्:
    - आफ्नो हातमा बल पर्ने सहभागीले आफ्नो नाम, ठेगाना र आफू आबद्ध भएको संस्था वा समूहको बारेमा र उक्त संस्थामा आफ्नो जिम्मेवारीबारे बताउनुपर्नेछ ।
    - आफ्नो परिचय दिइसकेपछि गोलाकारमा उभिएका अर्को कुनै व्यक्तिलाई बल पास गर्नुपर्नेछ ।
    - बल पाएको व्यक्तिले आफ्नो परिचय दिई अर्को व्यक्तिलाई पास गर्ने । माथिको प्रक्रियालाई दोहोऱ्यानु पर्नेछ ।
- खेलको नियमबारे सबै सहभागीहरू जानकार भएनभएको यकीन गर्नुहोस् ।
- अब, बल (वा हातमा समाउन मिल्ने र भूईँमा खसे पनि नफुट्ने गोलाकार अन्य कुनै वस्तु) सहजकर्ताले लिनुहोस् र आफ्नो नाम, ठेगाना र तालिममा सहजकर्ताको भूमिकाबारे जानकारी दिनुहोस् ।
- त्यसपछि सहजकर्ताले गोलाकारमा बसेको कुनै सहभागीलाई बल पास गरी परिचय खेलको सुरूवात गर्नुहोस् । बल हातमा पर्ने व्यक्तिले आफ्नो नाम, ठेगाना र आफू आबद्ध भएको संस्था वा समूह र त्यहाँ आफ्नो जिम्मेवारी बताउनुहोस् ।
- त्यसपछि उक्त सहभागीलाई अरु कुनै साथीलाई बल पास गर्न लगाई र सोहीअनुसार परिचय खेललाई निरन्तरता दिनुहोस् ।
- सबै सहभागी, सहजकर्ता तथा आयोजकहरूको परिचय सकिएपछि सबैलाई धन्यवाद दिएर खेलको अन्त्य गर्नुहोस् ।

### क्रियाकलाप २: तालिमको उद्देश्यबारे जानकारी (१० मिनेट)

- तालिमको उद्देश्यहरू लेखिएको न्यूजप्रिन्टपेपर सबैले देख्नेगरी टाँस्नुहोस् ।
- अब, सबैले बुझ्नेगरी तालिमका उद्देश्यहरूबारे विस्तृत रूपमा जानकारी दिनुहोस् ।

**तालिमको उद्देश्य**

यस तालिमको उद्देश्य समुदायमा आधारित बालसंरक्षण संरचनाका पदाधिकारी तथा सदस्यहरूलाई बालसंरक्षण र यसको आवश्यकताबारे जानकारी दिई स्थानीयस्तरमा बालसंरक्षणका लागि सक्रिय रूपमा स्व-परिचालित हुन मद्दत गर्नु हो ।

यस तालिमको अन्त्यमा सहभागीहरूले,

- बालबालिकामाथि हुने हानिहरूबारे बताउन सक्नेछन् ।
- बालबालिकाको संरक्षण के हो र किन आवश्यक छ भन्ने बारे छलफल गर्न सक्नेछन् ।
- समुदायमा विद्यमान बालसंरक्षणका सवालहरू पहिचान गर्नसक्ने हुनेछन् ।
- समुदायमा उपलब्ध सेवा तथा सेवाप्रदायकहरूको नक्साङ्कन गरी अभिलेख गर्न सक्षम हुनेछन् ।
- समुदायमा आधारित बालसंरक्षण संरचनाको आवश्यकता र भूमिकाबारे व्याख्या गर्न सक्नेछन् ।

- उद्देश्यबारे प्रस्तुति गरिसकेपछि त्यसबारे सहभागीहरूका केही प्रश्न वा जिज्ञासा भएमा त्यसबारे आयोजक वा सहजकर्ताले जानकारी दिनुहोस् ।
- परिचय सत्रमा सहभागिताका लागि धन्यवाद दिंदै 'यसपछि हामी विषयगत क्षेत्रमा छलफल गर्नेछौं' भनी सहभागीहरूलाई जानकारी दिनुहोस् ।

***

# २. बालबालिका र बालअधिकारको आवश्यकता



१ घण्टा

### २.१ सत्रको परिचय :

बाल्यकाल कुनै पनि व्यक्तिको खास अवस्था हो । यस अवस्थाका खास आवश्यकताहरू पूरा गर्न बालबालिकालाई विशेष अधिकारहरूको आवश्यकता हुन्छ । यी अधिकारलाई नै बालअधिकार भनिन्छ । यसर्थ बालबालिका र उनीहरूका लागि विशेष अधिकारको आवश्यकताबारे सहभागीबीच छलफल गरी जानकारी प्रदान गर्नु यस सत्रको मूल उद्देश्य हो । बालसंरक्षणसम्बन्धी यस तालिमपूर्व सहभागीहरू बालअधिकारसम्बन्धी तालिममा सहभागी भएका हुनेछन् भन्ने आश गरिएको छ । सोहीअनुरूप बालअधिकारबारे पुर्नताजगी र बालसंरक्षणको विषय उठानका लागि प्रस्तुत सत्र तयार गरिएको हो ।

### २.२ अपेक्षित उपलब्धि :

यस सत्रको अन्त्यमा सहभागीहरूले,

- विद्यमान कानुनले 'बालबालिका' बारे गरेको परिभाषा बताउन सक्नेछन् ।
- बालबालिकालाई विशेष अधिकारको आवश्यकता पर्नुका कारणबारे बताउन सक्नेछन् ।

### २.३ सत्र सञ्चालनका लागि आवश्यक सामग्री :

न्यूजप्रिन्ट पेपर, मार्कर, कलर मेटाकार्ड, गम र मास्किङ्ग टेप, आदि ।

### २.४ सत्रको तयारी :

- सम्भव भएमा सहभागीको ज्ञानको स्तर र बालअधिकारबारे बुझाइलाई पूर्व-अवलोकन गर्नुहोस् र आवश्यकताअनुरूप अध्ययन सामग्रीको साथमा थप सामग्री पढ्नुहोस् ।
- बालअधिकारको परिभाषा र सामान्य सिद्धान्तहरूलाई न्यूजप्रिन्ट पेपरमा उतार्नुहोस् ।

### २.५ सत्र सञ्चालन गर्ने प्रक्रिया :

- यस सत्रअन्तर्गत सञ्चालन गरिने क्रियाकलापबारे संक्षिप्त जानकारी दिनुहोस् ।

### क्रियाकलाप १: बालबालिका र बालअधिकार (२५ मिनेट)

- 'बालबालिका को हुन् ?' भन्ने प्रश्नको जवाफ सबै सहभागीहरूलाई आ-आफ्नो कापीमा २ मिनेटभित्र टिप्न अनुरोध गर्नुहोस् । सहभागीहरूले शब्दबाहेक चित्राङ्कन वा अन्य कुनै विधिबाट समेत अभिव्यक्त गर्न सक्ने कुराको जानकारी गराउनुहोस् ।
- सहभागीले तयार गरेका उत्तर वा चित्रलाई प्रस्तुत गर्न लगाउनुहोस् र बालबालिकालाई दिइएको सङ्केतको अर्थ स्पष्ट गर्न भन्नुहोस् । (यदि सहभागीहरू लेखपढ गर्न कठिनाई पर्ने खालका छन् भने उनीहरूलाई मौखिक रूपमा उत्तर भन्न लगाउनुहोस्) । सहभागी सङ्ख्या धेरै भएमा प्रतिनिधिमूलक रूपमा केही सहभागीहरूलाई मात्र प्रस्तुत गर्ने अवसर दिन सकिन्छ ।

- सबै सहभागीहरूले वा एक निश्चित सङ्ख्याका सहभागीहरूले आ–आफ्ना विचार प्रस्तुत गरिसकेपछि उनीहरूलाई धन्यवाद दिंदै 'तपाईँहरूले सोचेअनुसारका बालबालिकाको अधिकारबारे छलफल गर्न तपाईँ–हामी यस तालिममा जुटेका हौं' भन्नुहोस् । र, देहायको जानकारीसहित प्रस्तुति गर्नुहोस् ।

**बालअधिकार**

बालबालिका मानवसमुदायका विशिष्ट सदस्य हुन् । बालबालिकालाई कुनै पनि राष्ट्रको भविष्यको आधार भनेर व्याख्या गर्ने गरिन्छ । बालबालिका साना उमेरका मानव हुन् । उनीहरू समग्र मानवअधिकारका हकदार हुन्छन् । बालबालिका स्वभाविकरूपमा नै एक निश्चित उमेरसम्म शारीरिक र मानसिक हिसाबले परिपक्व भइसकेका हुँदैनन् । यसर्थ एक बालक वा बालिकाको जन्मअघि (गर्भावस्था) र जन्मपछि उनको बढ्दो शारीरिक, मानसिक, सामाजिक तथा संवेगात्मक पक्षमा समुचित विकासका लागि उचित स्याहार र हेरचाहको साथै कानुनी संरक्षणको आवश्यकता पर्दछ । बालबालिकाको उमेर अनि बढ्दो शारीरिक र मानसिक विकासको लागि बाल्यकालका आधारभूत आवश्यकता नै बालअधिकार हुन् ।

संयुक्त राष्ट्रसंघको महासभाबाट सन् १९८९ नोभेम्बर २० मा सर्वसम्मतरूपमा बालअधिकारसम्बन्धी महासन्धि, १९८९ पारित भई लागु भएको छ । यस महासन्धिलाई विश्वका सबैजसो देशहरूले स्वीकार गरेका छन् । यस्तै, बालअधिकारसम्बन्धी महासन्धिका तीनवटा इच्छाधीन आलेखहरू पारित भएका छन् । ती हुन्- १) बालबालिकाको बेचबिखन, वेश्यावृत्ति र अश्लील चित्रणविरुद्धको इच्छाधीन आलेख, २०००, २) सशस्त्र द्वन्द्वमा बालबालिकाको प्रयोगविरुद्धको इच्छाधीन आलेख, २०००, र ३) उजुरी प्रक्रियासम्बन्धी इच्छाधीन आलेख, २०११ ।

- माथि उल्लिखित जानकारी दिइसकेपछि सहभागीहरूका कुनै जिज्ञासा भए सोध्न आग्रह गर्नुहोस् र छलफल अगाडि बढाउनुहोस् ।

## क्रियाकलाप २ : बालबालिकालाई बिशेष अधिकारको आवश्यकता (२५ मिनेट)

- तालिम हलभित्र नजिकै वा सँगै रहेका सहभागीहरूबीच तीन–तीन जनाको 'गुनगुने समूह' (बज ग्रुप) तयार गर्नुहोस् ।
- अब सहभागीलाई आ–आफ्नो समूहमा रहेर 'बालबालिकालाई किन विशेष अधिकार चाहिएको हो ?' छलफल गर्न भन्नुहोस् र, आएका महत्वपूर्ण बुँदालाई मेटाकार्ड वा कापीमा टिप्न भन्नुहोस् ।
- सबै समूहलाई छलफलबाट आएका बुँदाहरू एक–एक गरी भन्न लगाउनुहोस् ।
- सहभागीबाट आएका बुँदाहरूलाई ह्वाइटबोर्ड वा न्यूजप्रिन्ट पेपरमा बुझिनेगरी टिप्नुहोस् ।
- तल दिइएको जानकारीको आधारमा सहभागीबाट आएका कुरासमेतलाई यथोचित समायोजन गर्दै प्रस्तुति गर्नुहोस् ।

### बालबालिकालाई विशेष अधिकार किन ?

बालबालिकालाई निम्न कारणले गर्दा 'विशेष अधिकार' चाहिएको हो :

- बालबालिका संवेदनशील हुन्छन् । वयस्कभन्दा बालबालिकाका भिन्न खालका आवश्यकता हुन्छन् । उनीहरूका अलग सामाजिक, भावनात्मक र शारीरिक आवश्यकताहरू हुन्छन् ।
- धेरैजसो समाजमा बालबालिकामाथि दूर्व्यवहार भइरहेका छन् । जसमा घर, विद्यालयमा हुने पिटाइदेखि, बेचबिखन, यौनदूर्व्यवहार, यौनशोषण, श्रमशोषणसम्मका दूर्व्यवहार हुने गरेका छन् ।
- कतिपय अवस्थामा समाजमा बालबालिकालाई पूर्ण मानवको रूपमा नै मानिएको हुँदैन । यसकारण धेरै सन्दर्भमा बालिकामाथि भेदभाव हुन्छ र फरक व्यवहार गरिन्छ । उदाहरणको लागि नेपालमा कतिपय छोरीहरूलाई छोरासरह पढ्न दिइँदैन, खाना पनि राम्रोसँग खान दिइँदैन ।
- बालबालिकालाई सुखद र स्वाभाविक बाल्यकाल बिताउने वातावरण दिन अनि भोलि वयस्क भएर सफल जीवन यापन गर्नसक्ने हुन बाल्यकालमा नै विशेष हेरचाह, मायाममता, स्याहार र संरक्षण आवश्यक हुन्छ ।
- बालबालिका समाजको शक्ति संरचनामा जहिले पनि तल परेका हुन्छन् । उनीहरूको कुरा सामान्यतयाः कहीँकतै पनि सुनिँदैन । उनीहरूलाई सानो ठानेर हेपिन्छ । धेरैजसो अवस्थामा उनीहरूका विचार र भावनामा ठेस पुऱ्याउने काम गरिन्छ ।
- कतिपय अवस्थामा बालबालिका (खासगरी सानो उमेरका, जोखिममा परेका र सामाजिक संरक्षणबाट वञ्चित भएका) आफ्नो हकअधिकारको मागदाबी गर्न सक्दैनन् । वयस्कले उनीहरूलाई सहयोग गरिदिनुपर्दछ ।
- बालबालिकाको अधिकार वयस्कहरूको जिम्मेवारी हो ।

## क्रियाकलाप ३ : सत्रको मूल्याङ्कन र सारसंक्षेप (१० मिनेट)

- यस सत्रमा हामीले के के छलफल गऱ्यौं ? भनी सहभागीहरूसँग प्रश्न गर्नुहोस् । यसको लागि सहभागीहरूसँग देहायका प्रश्नहरू गर्न सकिन्छ :
    - बालबालिका भनेका को हुन् ?
    - बालबालिकालाई विशेष अधिकार किन आवश्यक परेको होला ?
- सहभागीबाट आएका जवाफहरूको आधारमा समान बुझाइ कायम गर्न सहयोग गर्नुहोस् ।

***

# ३. बालअधिकार



**१ घण्टा ३० मिनेट**

## ३.१ सत्रको परिचय :

बालअधिकारलाई विश्वव्यापी रूपमा नै मान्यता प्रदान गरिएको छ । अर्थात् बालअधिकारसम्बन्धी महासन्धि, १९८९ लाई विश्वका सबैजसो देशहरूले अनुमोदन गरिसकेका छन् । व्यक्तिको बाल्यकाल महत्वपूर्ण हुने भएकाले बालअधिकार सुनिश्चित गर्ने सबै प्रयत्न जारी राखिनुपर्दछ । यसर्थ बालबालिकाका अधिकारबारे सहभागीबीच छलफल गरी जानकारी प्रदान गर्नु यस सत्रको मूल उद्देश्य हो ।

## ३.२ अपेक्षित उपलब्धि :

यस सत्रको अन्त्यमा सहभागीले,

- बालबालिकाका आधारभूत अधिकारहरूबारे बताउन सक्नेछन् ।
- बालअधिकारसम्बन्धी महासन्धि, १९८९ का सामान्य सिद्धान्तहरूबारे बताउन सक्नेछन् ।

## ३.३ सत्र सञ्चालनका लागि आवश्यक सामग्री :

न्यूजप्रिन्ट पेपर, मार्कर, कलर मेटाकार्ड, गम र मास्किङ्ग टेप, आदि ।

## ३.४ सत्रको तयारी :

यस सत्रका लागि निम्न तयारी गर्नुपर्दछ :

- सम्भव भएमा सहभागीको ज्ञानको स्तर र बालअधिकारबारे उनीहरूमा भएको अग्रिम बुझाइलाई पूर्व अवलोकन गर्नुहोस् र आवश्यकताअनुरूप अध्ययन सामग्री पढी थप जानकारी सङ्ग्रह गर्नुहोस् ।
- बालअधिकारसम्बन्धी महासन्धि, १९८९ मा भएका मुख्यमुख्य व्यवस्थाहरू (सत्र सञ्चालनको प्रक्रियामा दिइएको छ) लाई छुट्टाछुट्टै मेटाकार्डमा उतार्नुहोस् ।
- चारवटा न्यूजप्रिन्ट पेपरमा छुट्टाछुट्टै रूपमा '१) बाँच्न पाउने अधिकार, २) संरक्षणको अधिकार, ३) विकासको अधिकार, र ४) सहभागिताको अधिकार' लेख्नुहोस् ।

## ३.५ सत्र सञ्चालन गर्ने प्रक्रिया :

- 'अब हामी बालअधिकारबारे छलफल गर्नेछौं' भनी सहभागीहरूलाई विषयगत छलफलतिर ध्यानाकर्षण गर्नुहोस् ।

### क्रियाकलाप १: बालबालिकाका अधिकारहरू के के हुन् ? (४० मिनेट)

- प्रत्येक सहभागीलाई एक-एकवटा मेटाकार्ड बाँड्नुहोस् र त्यसमा बालबालिकाका के-के अधिकारहरू छन् भनी ५/५ वटा बुँदाहरू लेख्न लगाउनुहोस् (यदि मेटाकार्ड उपलब्ध छैन भने आ-आफ्नो कापीमा टिप्न आग्रह गर्नुहोस्) ।

- सबै सहभागीहरूले लेखिसकेपछि नजिकै रहेका २/२ जना सहभागीबीच छलफल गरी अर्को मेटाकार्ड वा कापीमा एक ठाउँमा लेख्न लगाउनुहोस् र दोहोरिएका बुँदाहरूलाई हटाउन लगाउनुहोस् ।
- अब चार-चारजना सहभागीहरूको समूहबीच पुनः छलफल गरी एउटा न्यूजप्रिन्ट पेपरमा बालअधिकारका बुँदाहरू लेखी तयार गर्न लगाउनुहोस् ।
- समूह-कार्य सकिएपछि उक्त समूहकार्यबाट आएको बुँदाहरूलाई भित्तामा टाँस्न लगाई एकअर्काको समूह-कार्यबाट आएको बुँदाहरू अध्ययन गर्न लगाउनुहोस् ।
- र, यदि अवलोकनको क्रममा कुनै समूहका बुँदामाथि थप जिज्ञासा भएमा छलफल गर्न र कुनै बुँदा थप्न मन लागेमा थप्न अनुरोध गर्नुहोस् ।
- सबै सहभागी समूहले अर्को समूहबाट आएका बुँदाहरू अध्ययन गरिसकेपछि आ-आफ्नो स्थानमा बस्न दिनुहोस् । र, समूह-कार्य र प्रस्तुतिका लागि सबैलाई धन्यवाद दिनुहोस् ।

### क्रियाकलाप २ : बालअधिकारका चार क्षेत्रहरू (४० मिनेट)

- अब 'हामी संयुक्त राष्ट्रसंघीय बालअधिकारसम्बन्धी महासन्धि, १९८९ मा भएका व्यवस्थाहरूबारे छलफल गर्दैछौं' भनी सहभागीलाई जानकारी दिनुहोस् ।
- अनि, मेटाकार्डमा लेखिएको बालअधिकारका प्रावधानहरूलाई प्रत्येक सहभागीलाई एक एकवटा बाँड्नुहोस् र यसलाई पढ्न भन्नुहोस् (यदि कुनै सहभागी पढलेख गर्न नसक्ने भएमा सँगै रहेको अर्को सहभागीबाट पढ्नका लागि सहयोग लिन अनुरोध गर्ने वा दुई दुईजनाबीच छलफल गर्न भन्नुहोस्) ।
- अब '१) बाँच्न पाउने अधिकार, २) संरक्षणको अधिकार, ३) विकासको अधिकार र ४) सहभागिताको अधिकार' लेखिएको चारवटा न्यूजप्रिन्ट पेपरलाई भित्तामा छुट्टाछुट्टै टाँस्नुहोस् र सहभागीलाई आफूलाई परेको बालअधिकारका प्रावधानलाई कुन समूहमा पर्दछ, सोही समूहमा टाँस्न अनुरोध गर्नुहोस् ।
- सहभागीहरूबीच बालअधिकारका प्रावधानहरू कुन समूहमा पर्दछन् भन्ने बारेमा मतभिन्नता आएमा पुनः त्यसबारे समूहमा छलफल गर्न र स्पष्ट हुन अवसर दिनुहोस् । सहजकर्ताको तर्फबाट पनि आवश्यक विचारहरू दिएर त्यस छलफललाई निचोडमा पुऱ्याउन सहयोग गर्नुहोस् ।
- अन्त्यमा बालअधिकारका चार क्षेत्र अन्तर्गत बालअधिकारहरूलाई देहायअनुसार राख्न सकिन्छ भनी छलफल गर्नुहोस् ।

| बाँच्न पाउने अधिकार | संरक्षणको अधिकार |
|---|---|
| • आमाबाबुबाट प्राप्त गर्ने हेरचाह (धारा ५), जीवन, बाँच्ने र विकास (धारा ६),<br>• स्वास्थ्य हेरचाह र सेवा (धारा २४),<br>• बाँच्नका लागि निश्चितस्तरको मापदण्ड (धारा २७) | • भेदभाव गर्न नहुने (धारा २), अवैध स्थानान्तरण र नफर्काउनु (धारा ११), सबै प्रकारको हिंसा, दूर्व्यवहार र उपेक्षाबाट संरक्षण (धारा १९), शरणार्थी बालबालिकाको अधिकार (धारा २२),<br>• बालश्रमबाट संरक्षण (धारा ३२), ओसारपसार र बेचबिखन हुन नदिने (धारा ३५), यौनशोषणबाट संरक्षण (धारा ३४), दण्डसजाय गर्न नहुने (धारा ३७), सशस्त्र द्वन्द्वमा परेका बालबालिका (धारा ३८),<br>• कानुनी विवादमा परेका बालबालिका (धारा ४०) |

| विकासको अधिकार | सहभागिताको अधिकार |
|---|---|
| नाम, जन्मदर्ता, राष्ट्रियता र हेरचाह (धारा ७), आमाबाबुसँग बस्ने (धारा ९), परिवारसँग पुनर्मिलन (धारा १०), सामाजिक सुरक्षा (धारा २६), शिक्षा (धारा २८), फुर्सद, खेल र संस्क्रिति (धारा ३१), | विचार अभिव्यक्तिको स्वतन्त्रता र व्यक्त विचारको सम्मान (धारा १२), जानकारी प्राप्त गर्ने र त्यसमा आफ्नो धारणा राख्ने (धारा १३), विचार, विवेक र धर्मको स्वतन्त्रता (धारा १४), सङ्ठनसम्बन्धी स्वतन्त्रता (धारा ५), नीजिपना र गोपनीयताको हक (धारा १६), आमसञ्चार र सूचनामा पहुँच (धारा १७) |

- यस क्रियाकलापको अन्त्यमा बालअधिकारका चार क्षेत्रभित्र परेका बालअधिकारका प्रावधानहरू पुनः एकपटक पाठ गर्नुहोस् । र, सहभागीहरूबीच कुनै द्विविधा भएमा त्यसलाई स्पष्ट पार्नुहोस् ।

### क्रियाकलाप ३ः सत्रको मूल्याङ्कन र सारसंक्षेप (१० मिनेट)

यस सत्रमा हामीले के के छलफल गऱ्यौं ? भनी सहभागीसँग प्रश्न गर्दै यस सत्रका क्रियाकलापहरूको मूल्याङ्कन गर्नुहोस् । सत्रको मूल्याङ्कन गर्न देहायका प्रश्नहरू गर्न सकिन्छ :

- बालबालिकाका के–के अधिकारहरू छन् ?
- बालअधिकारसम्बन्धी महासन्धि, १९८९ का प्रावधानहरूलाई कति र के कति समूहमा बाँडेर बुझ्न सकिन्छ ?
- सहभागीबाट जवाफ आएपछि यस सत्रमा गरिएका छलफलका विषय वा शीर्षकहरू पुनःएकपटक भनी सत्रको अन्त्य गर्नुहोस् ।

***

# ४. बालअधिकारका सिद्धान्तहरू



१ घण्टा

### ४.१ सत्रको परिचय :

बालअधिकारसम्बन्धी महासन्धि, १९८९ ले बालबालिकाको अधिकारका सम्बन्धमा विस्तृत व्यवस्था गरेको छ । संयुक्त राष्ट्रसंघीय बालअधिकार समितिले महासन्धिमा व्यवस्था भएका अधिकारहरूमध्ये-१) भेदभावविहीनता (धारा २), २) बालबालिकाको सर्वोत्तम हित (धारा ३), ३) बालबालिकाको दीर्घजीवन र विकास (धारा ६), र ४) बालबालिकाको सुनवाइको अधिकार (धारा १२) लाई सामान्य सिद्धान्तहरूको रूपमा व्याख्या गरेको छ । यी चारवटा सिद्धान्तहरूलाई महासन्धिमा व्यवस्थित अरु अधिकारहरूको कार्यान्वयनका सन्दर्भमा 'कसी' को रूपमा हेरिनुपर्दछ । यसर्थ बालअधिकारलाई व्यवस्थित गर्ने र एकरूपता कायम गर्ने यी सिद्धान्तहरूबारे स्पष्ट हुनु जरूरी छ । यस सत्रले बालअधिकारसम्बन्धी महासन्धिका सामान्य सिद्धान्तहरूबारे छलफल गरी यसको महत्वबारे स्पष्ट गर्ने उद्देश्य राखेको छ ।

### ४.२ अपेक्षित उपलब्धि :

यस सत्रको अन्त्यमा सहभागीहरूले,

- बालअधिकारसम्बन्धी महासन्धिका चार सामान्य सिद्धान्तहरूबारे भन्न सक्नेछन् ।
- समग्र बालअधिकारको कार्यान्वयन गर्दा यी चार सामान्य सिद्धान्तहरूको प्रयोगको महत्वबारे बुझी आवश्यकताअनुसार त्यसलाई उपयोग गर्न सक्ने हुनेछन् ।

### ४.३ सत्र सञ्चालनका लागि आवश्यक सामग्री :

न्यूजप्रिन्ट पेपर, मार्कर, कलर मेटाकार्ड, गम र मास्किङ्ग टेप, आदि ।

### ४.४ सत्रको तयारी :

यस सत्रका लागि देहायअनुसार तयारी गर्नु उपयोगी हुनेछ :

- सहभागीहरूको स्तर र बालअधिकारबारे उनीहरूको बुझाइका आधारमा अध्ययन सामग्रीलाई सरल पार्नुहोस् र आवश्यक भए यहाँ उल्लिखित सत्र सञ्चालन प्रक्रियालाई परिमार्जन गर्नुहोस् ।
- बालअधिकारसम्बन्धी महासन्धि, १९८९ का चार सामान्य सिद्धान्तहरू र तिनको व्याख्यालाई न्यूजप्रिन्ट पेपरमा उतार्नुहोस् ।

### १.४.५ सत्र सञ्चालन गर्ने प्रक्रिया :


- 'अब हामी बालअधिकारसम्बन्धी महासन्धिका चार सामान्य सिद्धान्तहरूबारे छलफल गर्नेछौं' भनी सहभागीहरूलाई विषयगत छलफलतिर ध्यानाकर्षण गर्नुहोस् ।

### क्रियाकलाप १: बालअधिकारका सामान्य सिद्धान्तको आवश्यकता (२० मिनेट)

- अब सहजकर्ताले देहायका सूचनाजानकारी समावेश गरी प्रस्तुति र छलफललाई अगाडि बढाउनुहोस् ।

**बालअधिकारसम्बन्धी महासन्धिका सामान्य सिद्धान्तहरूको आवश्यकता**

- संयुक्त राष्ट्रसंघीय बालअधिकार समितिले महासन्धिमा व्यवस्था भएका अधिकारहरूमध्ये-१) भेदभावविहीनता (धारा २), २) बालबालिकाको सर्वोत्तम हित (धारा ३), ३) बालबालिकाको दीर्घजीवन र विकास (धारा ६) र ४) बालबालिकाको सुनुवाइको अधिकार (धारा १२) लाई सामान्य सिद्धान्तहरूको रूपमा व्याख्या गरेको छ ।
- महासन्धिमा व्यवस्था भएका बालबालिकाका प्रत्येक अधिकारका प्रावधानहरूको कार्यान्वयनलाई जाँच्ने 'कसी'को रूपमा यी सामान्य सिद्धान्तहरूलाई उपयोग गर्न सकिन्छ ।
- यी सामान्य सिद्धान्तहरू आफैंमा बालअधिकारसम्बन्धी महासन्धि, १९८९ का प्रावधानहरू हुन् । यी चारवटा सामान्य सिद्धान्तहरूबीचको सम्बन्धलाई तलको रेखाचित्रको सहायताले थप प्रस्ट पार्न सकिन्छः




- 'यी सामान्य सिद्धान्तहरू ज्यादै महत्वपूर्ण छन् किनभने बालअधिकारसम्बन्धी महासन्धि, १९८९ मा भएका हरेक व्यवस्थाहरूलाई कार्यान्वयन गर्दा यी चार सामान्य सिद्धान्तहरूका आधारमा हेरिनुपर्ने हुन्छ' भनेर बताउनुहोस् । जस्तैः बालबालिकाको शिक्षाको अधिकार सुनिश्चित गर्दा-१) कुनै पनि बालबालिकाबीच भेदभाव हुनु भएन, २) शिक्षा बालबालिकाको उच्चत्तम हितमा आधारित हुनुपर्दछ, ३) शिक्षाले बालबालिकाको बाँच्न पाउने र दीर्घजीवनको हकलाई सुनिश्चित गर्ने खालको हुनुपर्दछ, र ४) शिक्षाको अधिकार प्रदान गरिंदा बालबालिकालाई विचार अभिव्यक्त गर्ने अवसर दिइनुपर्दछ र त्यसरी अभिव्यक्त गरिएको विचारलाई उनीहरूको उमेर र परिपक्वताको आधारमा सम्मान गरिनुपर्दछ ।

### क्रियाकलाप २: बालअधिकारका सामान्य सिद्धान्तहरू (३० मिनेट)

- यी चार सामान्य सिद्धान्तहरूबारे सहभागीको स्तरअनुसार थप व्याख्या गर्नुपर्ने भएमा अध्ययन सामग्रीको अध्ययन गरी त्यसो गर्नुहोस् ।

## बालअधिकारका सामान्य सिद्धान्तहरू

### १) भेदभाव गर्न नहुने (धारा २):

- बालबालिकालाई उनको वा उनका बाबुआमा वा वैधानिक अभिभावकको जाति, रङ्ग, लिङ्ग, भाषा, धर्म, राजनीतिक वा अन्य विचारहरू, राष्ट्रिय, जातीय वा सामाजिक उत्पत्ति, सम्पत्ति, अशक्तता, जन्म वा अन्य हैसियतलगायत अन्य कुनै पनि आधारमा भेदभाव गर्नुहुँदैन ।
- यस सिद्धान्तले सबै बालबालिकालाई समानरूपले अधिकारको प्रत्याभूति गरिनुपर्दछ, भन्दछ ।
- र, यस सिद्धान्तले कुनै किसिमको भेदभावविना सम्पूर्ण अधिकारहरू सबै बालबालिकालाई सधैँ उपलब्ध हुनेछ र हुनुपर्दछ भन्ने मान्यतालाई जोड दिन्छ ।

### २) बालबालिकाको सर्वोत्तम हित (धारा ३):

- यस सिद्धान्तले बालबालिकाको सम्बन्धमा गरिने सम्पूर्ण क्रियाकलापहरू उनीहरूको सर्वोत्तम हितलाई उचित ध्यान दिएर सञ्चालन गर्नुपर्दछ भन्ने मान्यता राखेको छ ।
- यसको अर्थ हो, बालबालिकासँग सम्बन्धित कुनै पनि कार्य गर्दा विभिन्न विकल्पहरूमध्ये बालबालिकाको वर्तमान तथा भावी वयस्क जीवनमा पर्नसक्ने प्रभावसमेतलाई मध्यनजर गरी सर्वोत्तम विकल्पको छनौट गरिनुपर्दछ ।
- यी कार्यहरू नीति वा कानुननिर्माण, योजना वा कार्यक्रमको तर्जुमा वा यसको कार्यान्वयन गर्ने लगायत हुन सक्दछ ।
- उदाहरणका लागि कुनै बालबालिकाले विद्यालय नगई अन्य काम गर्छु भन्दछ भने अभिभावकको दायित्व उक्त बालक वा बालिकालाई नियमित विद्यालय जान प्रेरित गर्नु नै हो ।

### ३) बाँच्न पाउने हक, दीर्घ जीवन र विकास (धारा ६):

- प्रत्येक बालबालिकाको बाल्यकालमा आवश्यक सबै सेवा सुविधाहरू पाई स्वाभाविक बालापन बिताउन पाउने अवसर सुनिश्चित हुनुपर्दछ ।
- सबै बालबालिकालाई जीवन बाँच्न पाउने तथा दीर्घजीवन र विकासको जन्मसिद्ध अधिकार छ । त्यसको पूर्ण प्राप्तिमा यस सिद्धान्तले जोड दिन्छ ।
- यस सिद्धान्त र बालअधिकारको सन्दर्भमा 'विकास'लाई बुझ्दा बालबालिकाको शारीरिक, मानसिक वा संवेगात्मक, आध्यात्मिक, नैतिक, मनोवैज्ञानिक र सामाजिक विकाससमेतलाई समग्र रूपमा बुझ्नुपर्दछ ।

### ४) बालबालिकाको विचार अभिव्यक्ति र त्यसको कदर (धारा १२):

- बालबालिकालाई आफ्नो जीवनसँग सम्बन्धित कुनै पनि कुरा वा कार्यविधिका सम्बन्धमा विचार प्रकट गर्न पाउने अधिकार छ ।
- त्यसैगरी बालबालिकाको विचार अनि अभिव्यक्तिलाई जिम्मेवार व्यक्ति तथा निकायले उनीहरूको बढ्दो उमेर र परिपक्वताअनुरूप उचित कदर गर्नुपर्दछ ।
- बाबुआमा, अभिभावक तथा हेरचाहकर्ताहरू र सामाजिक संघसंस्थाले बालबालिकासँग सम्बन्धित निर्णय लिँदा वा काम गर्दा बालबालिकाको विचार अभिव्यक्तिको अधिकारलाई सम्मान गर्नुपर्दछ ।
- बालबालिकालाई उनीहरूको उमेर, विकासको स्तर तथा परिपक्वताअनुरूप हुनेगरी सूचना वा जानकारी प्रदान गर्नुका साथै व्यक्तिगत वा सामुहिकरूपमा अभिव्यक्तिको लागि अवसर प्रदान गरिनुपर्दछ ।

- बालअधिकारसम्बन्धी महासन्धि, १९८९ को प्रस्तुतिको कुनै पक्ष अस्पष्ट भए प्रश्न सोध्न सहभागीलाई आग्रह गर्नुहोस् र आवश्यकतानुसार थप छलफल गर्नुहोस् ।

### क्रियाकलाप ३ : सत्रको मूल्याङ्कन र सारसंक्षेप (१० मिनेट)

- यस सत्रमा छलफल गरिएका विषयहरूसँग सान्दर्भिक प्रश्नहरू गर्दै सत्रको मूल्याङ्कन गर्नुहोस् । सहभागीहरूसँग देहायका प्रश्नहरू गर्न सकिन्छ :
    - बालअधिकारसम्बन्धी महासन्धिका सामान्य सिद्धान्तहरू केके हुन् ? तिनको महत्व के छ ?
- सत्रको अन्त्यमा छलफलमा सक्रियतापूर्वक भाग लिएकोमा सबै सहभागीलाई धन्यवाद दिँदै सत्र टुङ्ग्याउनुहोस् ।

***

# अध्ययन सामग्री-१

## १ बालअधिकारसम्बन्धी आधारभूत जानकारी

### १.१ बालअधिकार

बालबालिका साना उमेरका मानव भएकाले उनीहरू समग्र मानवअधिकारका हकदार हुन्छन् ।[1] बालबालिका स्वभाविकरूपमा नै एक निश्चित उमेरसम्म शारीरिक र मानसिक हिसाबले परिपक्व भइसकेका हुँदैनन् । यसर्थ एक बालक वा बालिकाको जन्मअघि (गर्भावस्था) र जन्मपछि उनको बढ्दो शारीरिक, मानसिक, सामाजिक तथा संवेगात्मक पक्षमा समुचित विकासका लागि उचित स्याहार र हेरचाहको साथै कानुनी संरक्षणको आवश्यकता पर्दछ । समग्रमा हेर्दा बालबालिकाको बाँच्न पाउने अधिकार, दीर्घजीवनको अधिकार र विकासको अधिकारको साथसाथै सबै प्रकारका दूर्व्यवहार, शोषण, भेदभाव, हेला, उपेक्षा र तिरस्कारबाट संरक्षण पाउने अधिकार अनि बढ्दो उमेर र परिपक्वताको सापेक्षतामा आफ्नो विचार अभिव्यक्त गर्ने तथा आफूसँग सरोकार राख्ने विषय तथा सामाजिक गतिविधिहरूको निर्णयप्रक्रियामा सहभागी हुन पाउने लगायतका अधिकारहरूको समुच्च स्वरूप नै बालअधिकार हो ।[2] बालबालिकाको उमेर अनि बढ्दो शारीरिक र मानसिक अवस्थाअनुरूप बाल्यकालका आधारभूत आवश्यकता नै बालअधिकार हुन् ।




संयुक्त राष्ट्रसंघको महासभाबाट पारित भएको बालअधिकारसम्बन्धी महासन्धि, १९८९ बालअधिकारका सन्दर्भमा अत्यन्तै महत्वपूर्ण दस्तावेज हो । यो महासन्धि संयुक्त राष्ट्रसंघको महासभाबाट सन् १९८९ नोभेम्बर २० मा सर्वसम्मत रूपमा पारित भई महासन्धिको प्रावधानअनुसार २० वटा राष्ट्रहरूले अनुमोदन गरेपश्चात् सन् १९९० सेप्टेम्बर २ देखि लागु भएको हो । नेपालले सन् १९९० को सेप्टेम्बर १४ तारिखमा यस महासन्धिलाई अनुमोदन गरी नेपाली बालबालिकाको हकअधिकारको परिपूर्तिका लागि महासन्धिका प्रावधानहरू कार्यान्वयन गरिरहेको छ । अहिलेसम्म विश्वका १९५ राष्ट्रहरूले बालअधिकारसम्बन्धी महासन्धि, १९८९ लाई अनुमोदन गरेकाले महासन्धिमा व्यवस्था भएका प्रावधानहरूले विश्वस्तरमा नै स्वीक्रिति पाएको देखिन्छ । यस्तै संयुक्त राष्ट्रसंघबाट बालअधिकारसम्बन्धी महासन्धि, १९८९ का तीनवटा इच्छाधीन आलेखसमेत पारित भएका छन् । तिनीहरूमा-१) बालबालिकाको बेचबिखन, वेश्यावृत्ति र अश्लील चित्रणविरूद्धको इच्छाधीन आलेख, २०००, २) सशस्त्र द्वन्द्वमा बालबालिकाको प्रयोगविरूद्धको इच्छाधीन आलेख, २००० र ३) उजुरी प्रक्रियासम्बन्धी इच्छाधीन आलेख, २०११ रहेका छन् । नेपालले बालबालिकाको बेचबिखन, वेश्यावृत्ति र अश्लील चित्रणविरूद्धको इच्छाधीन आलेख, २००० लाई सन् २००६ जनवरी २० र सशस्त्र द्वन्द्वमा बालबालिकाको प्रयोगविरूद्धको इच्छाधीन आलेख, २००० लाई सन् २००७ जनवरी ३ मा अनुमोदन गरेको हो । उजुरी प्रक्रियासम्बन्धी बालअधिकारसम्बन्धी महासन्धिको तेश्रो इच्छाधीन आलेख भने सन् २०११ डिसेम्बर १९ मा पारित भएको हो । यस इच्छाधीन आलेखलाई हाल (सन् २०१४ अगस्त)सम्म ४५ राष्ट्रहरूले हस्ताक्षर गरेका

१ चन्द्रिका खतिवडा, स्थानीय निकाय एवम् समुदायस्तरमा बालसहभागिता प्रबर्द्धन तथा बालसंरक्षणको लागि सहयोगी पुस्तिका, २०६३, केन्द्रीय बालकल्याण समिति र वर्ल्ड भिजन इन्टरनेशनल, ललितपुर, पृष्ठ ४ ।

२ केन्द्रीय बालकल्याण समिति, बालसंरक्षणः बालसंरक्षणमा क्रियाशील संघसंस्था तथा कार्यकर्ताहरूको शिक्षण प्रशिक्षण एवम् स्वअध्ययन सामग्री, बालअधिकार अध्ययन प्रतिष्ठान र केन्द्रीय बालकल्याण समिति, २०१०, काठमाडौं पृष्ठ १० ।

छन् भने जम्मा ६ वटा राष्ट्रहरू अल्बानिया, बोलिभिया, स्पेन, जर्मनी, थाइल्याण्ड र ग्यावोनले अनुमोदन गरिसकेका छन् ।[३] यो इच्छाधीन आलेखको धारा १९(१) अनुसार १० वटा राष्ट्रहरूले अनुमोदन गरी त्यसको जानकारी राष्ट्रसंघलाई गराएको तीन महिना पछि यो इच्छाधीन आलेख लागु हुन्छ ।

## १.२ बालबालिकालाई विशेष अधिकार किन ?

कुनै खास कारण वा अवस्थाले गर्दा मूलप्रवाहमा नरहेका व्यक्तिहरूका मानवअधिकारलाई विशेषरूपमा सुनिश्चित गर्ने अभिप्रायले विशेष अधिकारसम्बन्धी सिद्धान्त तथा प्रावधानहरूको व्यवस्था गरिएको हुन्छ । यसरी विशेष अवस्थामा रहेका मानवसमुदाय समग्र मानवअधिकारको हकदार हुनुका साथसाथै उनीहरूको लागि परिलक्षित विशेष खालका मानवअधिकारको समेत हकदार हुन्छन् । बालबालिकाको अधिकारलाई बुझ्दा यसै अनुरूप बुझिनुपर्दछ र बालबालिकालाई निम्न कारणले गर्दा 'विशेष अधिकार' चाहिएको हो :[४]

- बालबालिका संवेदनशील हुन्छन् । वयस्कभन्दा बालबालिकाका भिन्न खालका आवश्यकता हुन्छन् । उनीहरूका अलग सामाजिक, भावनात्मक र शारीरिक आवश्यकताहरू हुन्छन् ।
- धेरै समाजमा बालबालिकामाथि दूर्व्यवहार भइरहेका छन् । जसमा घर, विद्यालयमा हुने सामान्य पिटाइदेखि, बेचबिखन, यौनदूर्व्यवहार, यौनशोषण, श्रमशोषणलगायतका दूर्व्यवहार हुने गरेका छन् । कतिपय अवस्थामा उनीहरूको शारीरिक र मानसिक अपरिपक्वताको कारणले शोषण र दूर्व्यवहारमा पर्ने हुनाले त्यसबाट बालबालिकाको संरक्षण गर्न विशेष प्रयास गरिनु आवश्यक छ ।
- कतिपय समाजमा बालबालिकालाई पूर्णमानवको रूपमा नै मानिएको हुँदैन । यसकारण धेरै सन्दर्भमा बालिकामाथि भेदभाव हुन्छ र फरक व्यवहार गरिन्छ । उदाहरणको लागि कतिपय नेपाली समुदायमा छोरीहरूलाई छोरासरह पढ्न दिइँदैन, खाना पनि राम्रोसँग खान दिइँदैन । यसरी समाजमा भएका गलत धारणाका कारण बालबालिकाको अधिकारको उल्लंघन भएको छ । यस्तो स्थितिमा सुधार ल्याउन आवश्यक छ ।
- बालबालिकालाई सुखद र स्वाभाविक बाल्यकाल बिताउने वातावरण दिन अनि भोलि वयस्क भएर सफल जीवन यापन गर्नसक्ने हुन बाल्यकालमा नै विशेष हेरचाह, मायाममता, स्याहार र संरक्षण आवश्यक हुन्छ ।
- बालबालिका समाजको शक्ति संरचनामा जहिले पनि तल परेका हुन्छन् । उनीहरूको कुरा सामान्यतया कहीँकतै पनि सुनिदैन । उनीहरूलाई सानो ठानेर हेपिन्छ । धेरैजसो अवस्थामा उनीहरूका विचार र भावनामा ठेस पुऱ्याउने काम गरिन्छ ।
- कतिपय अवस्थामा बालबालिका (खासगरी सानो उमेरका, जोखिममा परेका र सामाजिक संरक्षणबाट वञ्चित भएका) आफ्नो हकअधिकारको मागदाबी गर्न सक्दैनन् । वयस्कले उनीहरूको हकअधिकार माग गरिदिनुपर्दछ । उनीहरूलाई सहयोग गरिदिनुपर्दछ ।
- बालबालिकाको अधिकार वयस्कहरूको जिम्मेवारी हो ।

## १.३ अधिकारका क्षेत्रका आधारमा बालअधिकार

महासन्धिमा व्यवस्था भएका सम्पूर्ण अधिकारहरूलाई सहजरूपमा बुझ्न, बुझाउनका लागि तिनलाई विभिन्न समूहमा विभाजन गर्ने गरिन्छ । बालअधिकारका मुख्य क्षेत्रका आधारमा बालअधिकारसम्बन्धी महासन्धिमा व्यवस्था भएका अधिकारहरूलाई बालबचावट, बालविकास, बालसंरक्षण र बालसहभागिताको अधिकार गरी देहायअनुसार चार क्षेत्रमा विभाजन गरिएको छ :

---

३ http://treaties.un.org/pages/ViewDetails.aspx?src=TREATY&mtdsg_no=IV-11-d&chapter=4&lang=en

४ चन्द्रिका खतिवडा (२०१०), स्थानीय निकाय एवम् समदायस्तरमा बालसहभागिता प्रवर्द्धन तथा बालसंरक्षणको सहयोगी पुस्तिका, केन्द्रीय बालकल्याण समिति र वर्ल्ड भिजन इन्टरनेशनल नेपाल, ललितपुर, पृष्ठ ५-६

### अ) बाँच्न पाउने अधिकार (Right to Survival):

यसअन्तर्गत पौष्टिक आहार, खोप, औषधी-उपचार, सुरक्षित जन्म, जन्म दर्ता, सफा पानी पिउने पाउने आदि अधिकारहरू पर्दछन् । बालअधिकारसम्बन्धी महासन्धि, १९८९ का प्रावधानहरू विश्लेषण गर्दा आमाबाबुबाट प्राप्त गर्ने हेरचाह (धारा ५), जीवन, बाँच्ने र विकास (धारा ६), स्वास्थ्य हेरचाह र सेवा (धारा २४), बाँच्नका लागि निश्चितस्तरको मापदण्ड (धारा २७) लगायतका अधिकारसँग सम्बन्धित प्रावधानहरू पर्दछन् ।

### आ) संरक्षणको अधिकार (Right to Protection):


यसअन्तर्गत गाली, कुटपिट, हेला, शोषण, श्रम शोषण तथा यौनशोषण, युद्ध, झगडा, बेचबिखनबाट संरक्षण, लागूपदार्थ, हत्या, अपहरणबाट संरक्षणलगायतका अधिकारहरू पर्दछन् । बालअधिकारसम्बन्धी महासन्धि, १९८९ मा व्यवस्था भएका प्रावधानहरूमध्ये भेदभाव गर्न नहुने (धारा २), अवैध स्थानान्तरण र नफर्काउनु (धारा ११), सबै प्रकारको हिंसा, दूर्व्यवहार र उपेक्षाबाट संरक्षण (धारा १९), पारिवारिक वातावरणबाट वञ्चित बालबालिका (धारा २०), धर्मपुत्र/पुत्री लिने प्रक्रियासम्बन्धमा (धारा २१), शरणार्थी बालबालिका (धारा २२), बालश्रम (धारा ३२), यौनशोषण (धारा ३४), ओसारपसार र बेचबिखन (धारा ३५), अन्य शोषण (धारा ३६) र दण्डसजाय (धारा ३७), सशस्त्र द्वन्द्वमा परेका बालबालिका (धारा ३८), कानुनी विबादमा परेका बालबालिका (धारा ४०) लगायतका संरक्षणका अधिकारसँग सम्बन्धित प्रावधानहरू पर्दछन् ।

### इ) विकासको अधिकार (Right to Development):

यसअन्तर्गत शिक्षा आर्जन, खेलकुद, मनोरञ्जन, जीवनोपयोगी सीप तथा कला, स्वास्थ्य उपचार तथा आफूसँग सम्बन्धित क्षेत्रको विषयमा सामान्य जानकारी आदि अधिकारहरू पर्दछन् । बालअधिकारसम्बन्धी महासन्धि, १९८९ को प्रावधानहरू विश्लेषण गर्दा नाम, जन्मदर्ता, राष्ट्रियता र हेरचाह (धारा ७), आमाबाबुसँग बस्ने (धारा ९), परिवारसँग पुनर्मिलन (धारा १०), सामाजिक सुरक्षा (धारा २६), शिक्षा (धारा २८), फुर्सद, खेल र संस्क्रिति (धारा ३१), अपाङ्गता भएका बालबालिकाको विशेष हेरचाह (धारा २३), र शरणार्थी बालबालिकाको सुरक्षा र विशेष हेरचाह (धारा २२) लगायतका अधिकारसँग सम्बन्धित प्रावधानहरू पर्दछन् ।

### उ) सहभागिताको अधिकार (Right to Participation):


यसअन्तर्गत आफ्नो जीवनमा प्रभाव पार्ने निर्णयमा बालबालिकाले विचार राख्न पाउनु र सो विचारको उचित कदर र मान्यता पाउनु, निर्णयप्रक्रियामा भाग लिन पाउनु, विभिन्न सभा सम्मेलनमा, समाजको हित हुने सामाजिक कार्यमा तथा सांस्कृतिक गतिविधिमा भाग लिन पाउनु आदि अधिकारहरू पर्दछन् । बालअधिकारसम्बन्धी महासन्धि, १९८९ मा व्यवस्था भएका प्रावधानहरूमध्ये बालबालिकाले आफूलाई असर गर्ने निर्णयमा सहभागी हुन पाउने, विचार अभिव्यक्तिको स्वतन्त्रता र व्यक्त विचारको सम्मान (धारा १२), जानकारी प्राप्त गर्ने र त्यसमा आफ्नो



धारणा राख्ने (धारा १३), विचार, विवेक र धर्मको स्वतन्त्रता (धारा १४), सङ्गठनसम्बन्धी स्वतन्त्रता (धारा ५), निजीपना र गोपनीयताको हक (धारा १६), आमसञ्चार र सूचनामा पहुँच (धारा १७) लगायतका अधिकारसँग सम्बन्धित प्रावधानहरू पर्दछन् । बालसहभागिता सम्बन्धमा बालअधिकार समितिले सामान्य टिप्पणी नं. १२ तयार गरी थप व्याख्या गरेको छ ।[५]

## १.४ बालअधिकारका सामान्य सिद्धान्तहरू (General Principles of the CRC)

बालअधिकारसम्बन्धी महासन्धि, १९८९ का सन्दर्भमा संयुक्त राष्ट्रसंघीय बालअधिकार समितिले निम्न चार प्रावधानहरूलाई सिद्धान्तका रूपमा स्वीकार गरेको छ । यिनीहरू आफैँ महासन्धिमा व्यवस्था भएका अधिकारका प्रावधानहरूसमेत हुन् । महासन्धिमा व्यवस्था भएका सबै अधिकार कार्यान्वयनमा समेत यी सिद्धान्तहरू त्यसको औचित्यता पुष्टि गर्ने 'कसी'का रूपमा लागु हुने भएकाले यिनले अधिकार कार्यान्वयनको स्तरसमेत निर्धारण गर्दछन् ।




### अ) भेदभाव गर्न नहुने (धारा २):

बालबालिकालाई उनको वा उनका बाबुआमा वा वैधानिक अभिभावकको जाति, रङ्ग, लिङ्ग, भाषा, धर्म, राजनीतिक वा अन्य विचारहरू, राष्ट्रिय, जातीय वा सामाजिक उत्पत्ति, सम्पत्ति, अशक्तता, जन्म वा अन्य हैसियतको आधारमा भेदभाव गर्नुहुँदैन । यस सिद्धान्तले सबै बालबालिकालाई समानरूपले अधिकारको प्रत्याभूति दिनुपर्दछ भन्दछ । र, कुनै किसिमको अपवादविना सम्पूर्ण अधिकारहरू सबै बालबालिकालाई सधैँ उपलब्ध हुनेछ र हुनुपर्दछ भन्ने मान्यता राख्दछ । राज्य वा राज्यका निकाय, सामाजिक संघ-संस्था, वा व्यक्तिहरूले बालबालिकाको हकअधिकारको लागि कार्य गर्दा उनीहरूलाई कुनै पनि किसिमको भेदभाव हुन दिनुहुँदैन । बरु अरु व्यक्तिहरूबाट हुनसक्ने भेदभावबाट जोगाउनुपर्दछ ।

५ यससम्बन्धी केन्द्रीय बालकल्याण समिति र कन्सोर्टियमले बालअधिकार समितिको सामान्य टिप्पणी नं. १२ लाई नेपाली अनुवाद गरी 'बालबालिकाको सुनुवाईको अधिकार' को पुस्तकका रूपमा प्रकाशित गरेको छ ।

### आ) बालबालिकाको सर्वोत्तम हित (धारा ३):

यस सिद्धान्तले बालबालिकाको सम्बन्धमा गरिने सम्पूर्ण क्रियाकलापहरू उनीहरूको सर्वोत्तम हितलाई उचित ध्यान दिएर सञ्चालन गर्नुपर्दछ भन्ने मान्यता राखेको छ । यसको मतलब हो, बालबालिकासँग सम्बन्धित निर्णय लिँदा, नीति र ऐन-कानुन बनाउँदा वा तिनको कार्यान्वयन गर्दा, योजना वा कार्यक्रम तर्जुमा गर्दा विभिन्न विकल्पहरूमध्ये बालबालिकाको वर्तमान तथा भावी वयस्क जीवनमा पर्नसक्ने प्रभावसमेतलाई मध्यनजर गरी सर्वोत्तम विकल्पको छनौट गरिनुपर्दछ । यसरी हेर्दा यो सिद्धान्तको परिपालनका लागि राज्यले आफ्ना जिम्मेवारी निर्वाह गर्नुको साथसाथै बालबालिकाका परिवार, अभिभावक तथा समुदायका अन्य जिम्मेवार व्यक्तिहरूलाई उनीहरूका आफ्ना जिम्मेवारीबोध गराई बालबालिकाप्रति आ-आफ्नो दायित्व निर्वाह गर्न सक्षम बनाउनुपर्दछ भन्ने समेत देखिन्छ ।

बाबुआमा, अभिभावक वा स्याहारकर्ता एवम् अन्य जिम्मेवार सार्वजनिक निकाय (सेवाप्रदायक वा कल्याणकारी निकाय वा सामाजिक संस्था, विधायक, अदालत तथा प्रशासनिक संयन्त्रहरू) ले आफ्नो कामका सन्दर्भमा बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिनुपर्दछ । बाबुआमा वा अन्य जिम्मेवार मानिसहरूले बालबालिकाको हितमा काम गरेनन् भने त्यस्तो स्थितिमा राज्यले त्यस्ता बालबालिकाको स्याहारकर्ताको सक्षमता बढाउने वा त्यसको लागि वैकल्पिक व्यवस्था गर्ने कार्य गर्नुपर्दछ वा सरकार आफैले स्याहारसुसार गर्ने जिम्मेवारी लिनुपर्दछ ।

### इ) बाँच्न पाउने हक, दीर्घजीवन र विकास (धारा ६):


प्रत्येक बालबालिकाको बाल्यकालमा आवश्यक सबै सेवा सुविधाहरू पाई स्वाभाविक बालापन बिताउने अवसर सुनिश्चित हुनुपर्दछ । सबै बालबालिकालाई जीवन बाँच्न पाउने तथा दीर्घजीवन र विकासको जन्मसिद्ध अधिकार छ । त्यसको पूर्ण प्राप्तिमा यस सिद्धान्तले जोड दिन्छ । बालअधिकारसम्बन्धी महासन्धि, १९८९ लाई अनुमोदन गरेर राज्यपक्षले बालबालिकाको बाँच्न पाउने तथा दीर्घजीवन र विकासको अधिकारलाई यथासम्भव पूरा गर्ने अठोट गरेका हुन्छन् । राज्यले बालबालिकाको जीवनको रक्षा गर्न तथा दीर्घजीवन र विकासका लागि आवश्यक नीतिगत, कानुनी, प्रशासनिक एवम् कार्यक्रमगत व्यवस्था गर्नुपर्दछ । त्यस्तै प्रत्येक परिवार र अभिभावकले बालबालिकाको दीर्घजीवन र समुचित विकासका निमित्त सुविधा पुर्‍याउने आफ्नो दायित्व बुझ्नुपर्दछ र त्यसलाई पूरा गर्न सकेसम्म बढी कोशिस गर्नुपर्दछ । यस सिद्धान्त र समग्र बालअधिकारको सन्दर्भमा 'विकास'लाई बुझ्दा बालबालिकाको शारीरिक, मानसिक वा संवेगात्मक, आध्यात्मिक, नैतिक, मनोवैज्ञानिक र सामाजिक विकाससमेतलाई समग्र रूपमा बुझ्नुपर्दछ ।

### ई) बालबालिकाको विचार अभिव्यक्ति र त्यसको कदर (धारा १२):

बालबालिकालाई आफ्नो जीवनसँग सम्बन्धित कुनै पनि कुरा वा कार्यविधिका सम्बन्धमा विचार प्रकट गर्न पाउने अधिकार छ । त्यसैगरी बालबालिकाको विचार अनि अभिव्यक्तिलाई जिम्मेवार व्यक्ति तथा निकायले उनीहरूको बढ्दो उमेर र परिपक्वताअनुरूप उचित कदर गर्नुपर्दछ । बालबालिकाको विचार अभिव्यक्तिको अधिकारलाई परिपालन गर्न, गराउन उनीहरूलाई निर्णयप्रक्रियामा सहभागी हुन पाउने वातावरण र अवसर प्रदान गर्ने उत्तरदायित्व वहन गर्न राज्यले आवश्यक नीतिगत, कानुनी, प्रशासनिक एवम् कार्यक्रमगत व्यवस्था गर्नुपर्दछ । त्यसरी नै बाबुआमा, अभिभावक तथा स्याहारकर्ताहरू र सामाजिक संघसंस्थाले बालबालिकासँग सम्बन्धित निर्णय लिँदा वा काम गर्दा बालबालिकाको विचार अभिव्यक्तिको अधिकारलाई सम्मान गर्नुपर्दछ । साथै यस सिद्धान्तको अभिप्राय पूरा गर्नका लागि बालबालिकालाई उनीहरूको उमेर, विकासको स्तर तथा परिपक्वताअनुरूप हुने गरी सूचनाजानकारी प्रदान गर्नुका साथै व्यक्तिगत वा सामुहिक रूपमा अभिव्यक्तिको लागि अवसर प्रदान गरिनुपर्दछ ।

## १.५ बालअधिकारका दुई पक्षहरू (Two Aspects of the Rights of the Child)

सामान्यतया अधिकारले- क) जीवनको सुखद सुरुवात, र ख) जीवनमा आइपर्ने नकारात्मक अनुभवहरूबाट संरक्षण गर्नुपर्ने हुन्छ । बालअधिकारको सन्दर्भमा पनि कुनै पनि बालबालिकाको अधिकार प्राप्ति वा प्रत्याभूतिका लागि यी दुई अवस्थालाई सहयोग गर्दछ र सोही उद्देश्य प्राप्तिका लागि सरोकारवाला निकाय तथा संघसंस्थाहरूले आफ्ना योजना र कार्यहरू गर्नुपर्ने हुन्छ । यसो गर्दा बालअधिकारका सर्वमान्य चार सिद्धान्तहरू सर्वोत्तम हित, भेदभावविहीनता, बचावट र विकास एवम् विचार र भावनाको कदरलाई केन्द्रविन्दुमा राखिनुपर्दछ ।




## क) जीवनको सुखद सुरूवात:

यसअन्तर्गत कुनै पनि बालबालिकाको बाल्यअवस्थाका विशेष आवश्यकता र वयस्क भएपछि समाजमा सार्थक एवम् जिम्मेवारपूर्ण सामाजिक जीवन विताउन आधार प्रदान गर्नेगरी अधिकार सुनिश्चित हुनुपर्दछ । यसका लागि आवश्यक शिक्षा, स्वास्थ्य, सीप, जन्मदर्तालगायत अवसर प्रदान गर्ने र सकेसम्म उच्चस्तरको सेवा र सुविधाहरू प्रदान गर्ने कुरामा जोड दिनुपर्दछ । यसले सुखद र सकारात्मक बाल्यकाल हुनुका साथै वयस्क जीवनका लागि अवसरको बढोत्तरी गर्दछ । सामान्यतया यस्ता कार्यहरूलाई बालअधिकार प्रवर्द्धन कार्यको रूपमा लिइन्छ । बालबालिकाको जीवनको सुखद सुरूवात भएमा राज्यले सक्षम र उत्पादनशील नागरिक प्राप्त गर्ने हुनाले यसका लागि राज्यले शैक्षिक तथा स्वास्थ्य संस्थालगायतका क्षेत्रमा आफ्नो ध्यान केन्द्रित गरिरहेको हुन्छ ।

## ख) बाल्यकालमा आइपर्नसक्ने नकारात्मक अनुभवहरूबाट संरक्षण:

यसअन्तर्गत बाल्यकालमा आइपर्नसक्ने नकारात्मक अनुभवहरूबाट जोगाउने वा पूर्णरूपले सुरक्षित राख्ने खालका कार्यहरू गरिनुपर्दछ । जसलाई वृहत्तररूपमा 'बालसंरक्षण' भनेर भन्न सकिन्छ । बालबालिकाको उमेर र बढ्दो शारीरिक, मानसिक अवस्था वा अन्य यस्तै कारणबाट उनीहरूमाथि पर्नसक्ने अनेकौं जोखिमबाट जोगाउन आवश्यक कार्यहरू गरिनुपर्दछ । यसले बालबालिकाको सुखद जीवनको सुरूवातमा सहयोग गर्नुका साथै बालबालिकामा पर्नसक्ने दीर्घकालीन असरबाट जोगाउँदछ । साथसाथै स्वयं बालबालिकालाई आफ्नो बाल्यजीवनमा आउनसक्ने खतराविरुद्ध आवाज उठाउन र प्रतिवाद गर्न सशक्तिकरण गरिनुपर्दछ ।

***

# ५. बालबालिकाको संरक्षणको अधिकार



१ घण्टा ३० मिनेट

### ५.१ सत्रको परिचय :

बालबालिका एक निश्चित उमेरसम्म वयस्कमाथि निर्भर हुनुपर्ने परिस्थितिको नकारात्मक फाइदा उठाउने गलत मनसाय भएका व्यक्तिहरूबाट उनीहरूका अधिकार जोखिममा पर्नसक्ने सम्भावना रहन्छ । हाम्रो वरिपरि घटेका/घटिरहेका अमानवीय घटनागत तथ्यले यसलाई पुष्टि गरेको छ । बाल्यकालमा आइपर्नसक्ने नकारात्मक अनुभवहरूबाट बालबालिकालाई संरक्षण गरिनुपर्दछ । यो नै बालसंरक्षण हो । यस सत्रबाट सहभागीहरूलाई बालसंरक्षणको अवधारणाबारे स्पष्ट पार्न खोजिएको छ । साथै बालसंरक्षणको आवश्यकताका सम्बन्धमा छलफल गरी घरपरिवार तथा समुदायमा हुने जोखिमबाट बालबालिकाको संरक्षण गर्नु यस सत्रको उद्देश्य हो ।

### ५.२ अपेक्षित उपलब्धि :

यस सत्रको अन्त्यमा सहभागीहरूले,

- बालसंरक्षण भनेको के हो भनी बताउन सक्नेछन् ।
- समुदायका बालबालिकाको संरक्षणको आवश्यकताबारे थाहा पाई त्यसबारे छलफल चलाउन सक्नेछन् ।

### ५.३ सत्र सञ्चालनका लागि आवश्यक सामग्री :

न्यूजप्रिन्ट पेपर, मार्कर, विभिन्न रङ्गका मेटाकार्ड, गम र मास्किङ् टेप, आदि ।

### ५.४ सत्रको तयारी :

- सत्रका लागि दिइएको अभ्यास सामग्री बालसंरक्षणसम्बन्धी व्यक्तिगत धारणा सङ्कलन फाराम (सत्र सञ्चालन सामग्रीको रूपमा दिइएको) कम्प्युटरबाट प्रिन्ट गर्नुहोस् वा न्यूजप्रिन्ट पेपरमा लेख्नुहोस् ।

### ५.५ सत्र सञ्चालन गर्ने प्रक्रिया :

- सत्रको सुरुवातमा नै प्रस्तुत सत्रमा छलफल गरिने शीर्षकहरू तथा सञ्चालन गरिने क्रियाकलापबारे संक्षिप्त जानकारी दिनुहोस् ।


### क्रियाकलाप १: बालसंरक्षण के हो ? (३० मिनेट)

- प्रत्येक सहभागीहरूलाई अभ्यास सामग्री (बालसंरक्षणसम्बन्धी व्यक्तिगत धारणा सङ्कलन फाराम) एक एकप्रति बाँड्नुहोस् (कम्प्युटरबाट प्रिन्ट गर्ने सुविधा नभएको खण्डमा न्यूजप्रिन्ट पेपरमा लेखी भित्तामा टाँसी सबै सहभागीहरूलाई कापीमा सारी भर्न लगाउनुहोस्) ।
- अब दिइएको वैकल्पिक उत्तरहरू- क) पूर्ण सहमत, ख) सहमत, ग) असहमत, र घ) पूर्ण असहमतमध्ये एक मात्र उत्तर छान्न लगाउनुहोस् ।
- सबै सहभागीहरूले उत्तर लेखिसकेपछि ती दस बुँदाहरू पुनः पाठ गर्नुहोस् र त्यसमा सहभागीहरूले कुन विकल्प छानेका छन्, त्यही उत्तर भन्न लगाउनुहोस् ।
- उक्त विकल्प किन छान्नुभएको हो भनी सो विकल्प छान्नेहरूलाई प्रश्न गर्नुहोस् र आएका बुँदाहरूलाई न्यूजप्रिन्ट पेपर वा ह्वाइट बोर्डमा लेख्नुहोस् ।

- यदि सहभागीहरूले फरकफरक विकल्प रोजेका रहेछन् भने सबभन्दा बढी सङ्ख्यामा विकल्प छान्ने समूहलाई एकपटक अघिको प्रश्न दोहोऱ्याउनुहोस् र आएका जवाफ टिप्नुहोस् । अनि सबभन्दा कम सङ्ख्यामा कुनै विकल्प रोज्ने सहभागीहरूलाई पनि 'सो विकल्प छान्नुका कारण के हो ?' भनी सोध्नुहोस् । र, आएका बुँदाहरूलाई टिप्नुहोस् (यस क्रियाकलाप गर्दा बढीभन्दा बढी विचारहरू अभिव्यक्त गर्न सहभागीहरूलाई प्रोत्साहित गर्नुहोस् । यसले बालसंरक्षणका पक्षहरूबारे बुझ्न मद्दत गर्दछ) ।
- अब, त्यस क्रियाकलापमा सक्रियरूपमा भाग लिनुभएकोमा सबै सहभागीहरूलाई धन्यवाद दिनुहोस् र बालसंरक्षण सम्बन्धमा तलको जानकारीहरूसहित प्रस्तुति गर्नुहोस् ।

## बालसंरक्षण

- बालअधिकारलाई दुई पक्ष वा भागमा राखेर यसप्रकारले हेर्न वा बुझ्न सकिन्छः




- बालबालिकामाथि हुने सबैखालका हानि वा जोखिमहरूबाट उनीहरूलाई संरक्षण गर्नु बालसंरक्षण हो । अर्को शब्दमा, बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक, नैतिक तथा बौद्धिक विकासमा गम्भीर नकारात्मक असर पर्ने खालका कार्य वा व्यवहारबाट उनीहरूलाई जोगाउनु नै बालसंरक्षण हो ।

### बालबालिकामाथि हुनसक्ने हानिहरूमा -

| | |
|---|---|
| १. भेदभाव, | २. दूर्व्यवहार, |
| ३. यातना वा हिंसा, | ४. शोषण (बेचबिखन, अपहरण र बालश्रम) |
| ५. बेवास्ता/उपेक्षा वा हेलचेक्र्याइँ, | ६. परम्परागत हानिकारक अभ्यासहरू पर्दछन् । |

- यी हानिहरूको बारेमा पुनः अर्को सत्रमा विस्तृत रूपमा छलफल गर्नेछौं, भन्नुहोस् ।

## क्रियाकलाप २: बालसंरक्षण किन आवश्यक छ ? (४० मिनेट)

- उपस्थित सहभागीहरूलाई ४ वा ५ वटा समूह हुने गरी (एक समूहमा बढीमा ७ जना परोस्) १ देखि ४ वा ५ गन्न लगाउनुहोस् ।
- सहभागीहरूलाई परेको अङ्कअनुसार (१/१ एकठाउँ, २/२ एकठाउँ ... ४/४ एकठाउँ हुनेगरी) एक ठाउँमा बस्न लगाई समूह बिभाजन गर्नुहोस् ।
- सबै समूहलाई 'बालसंरक्षण किन आवश्यक छ ?' भनी समूहमा छलफल गरी बुँदाहरू तयार गरी न्यूजप्रिन्ट पेपरमा उतार्न लगाउनुहोस् । यस समूह-कार्यका लागि १० मिनेट समय दिनुहोस् ।
- समूह-कार्य सकिएपछि प्रत्येक समूहलाई क्रमैसँग समूह-कार्य प्रस्तुत गर्न लगाउनुहोस् । यसरी कुनै एक समूहले प्रस्तुति गर्दा अन्य समूहका सहभागीहरू कुनै बुँदामाथि प्रष्ट हुन चाहेमा प्रश्न गर्नसक्ने तथा प्रस्तुत गर्ने नेता र समूहका सदस्यलाई स्पष्ट पार्न अनुरोध गर्नुहोस् ।
- सबै समूहको प्रस्तुति सकिएपछि सबै सहभागीहरूलाई धन्यवाद दिनुहोस् । र, बालसंरक्षणको आवश्यकताबारे तलको जानकारीसहित प्रस्तुति गर्नुहोस् ।

**बालसंरक्षणको आवश्यकता**

- **बालबालिकाको आफ्नो उमेर तथा अवस्था**: बालबालिका आफ्नो उमेर तथा अवस्थाका कारण (बालिका, बालक तथा अपाङ्गता भएका) दूर्व्यवहारको जोखिममा हुन्छन् ।
- दूर्व्यवहारको जोखिम सर्वव्यापी हुन्छ । घरपरिवार, विद्यालय, गाउँघर, सहरबजार तथा आवासीय स्याहार केन्द्रमा बालदूर्व्यवहारको जोखिम छ ।
- बालबालिकाको विश्वास जित्न सक्ने तथा नजिकका व्यक्तिहरूबाट नै उनीहरूमाथि बढी दूर्व्यवहार हुने गरेको पाइएको छ ।
- दूर्व्यवहारले बालबालिकाको वर्तमान र भावी जीवनमा नमेटिने असर गर्दछ ।
- बालदुर्व्यहार कानुनको गम्भीर उल्लंघन हो ।
- वयस्कहरू बालदुर्व्यवहारकर्ता र संरक्षक दुवै हुन् ।
- बाल्यकालमा जस्तो भोगाइ उस्तै सिकाइ हुने भएकाले बालबालिकालाई संरक्षण गरिनुपर्दछ ।
- संरक्षण पाउनु बालबालिकाको अधिकार हो र संस्थागत हेरचाहअन्तर्गत वा बालगृहमा रहेबसेका बालबालिकाको संरक्षण सुनिश्चित गर्न विशेष प्रयत्न गरिनुपर्दछ ।
- बालबालिकाको अधिकारको रक्षा गर्नु वयस्कको दायित्व हो ।

- बालसंरक्षणबारे कुनै अस्पष्टता भए प्रश्न सोध्न सहभागीहरूलाई आग्रह गर्नुहोस् । अस्पष्टता भएका विषयमा आवश्यक छलफल गर्नुहोस् । त्यसपछि छलफलको अन्त्य गर्नुहोस् ।

## क्रियाकलाप ३: सत्रको मूल्याङ्कन र सारसंक्षेप (२० मिनेट)

- अन्त्यमा सत्रमा छलफल भएका विषयहरूलाई स्मरण गर्दै सहभागितामूलकरूपमा सत्रको मूल्याङ्कन गर्नुहोस् ।

मूल्याङ्कनका लागि सोध्न सकिने प्रश्नहरू :

- यस सत्रमा हामीले के के विषयमा छलफल गर्यौं ?
- बालसंरक्षण भनेको के हो ?
- बालबालिकाको संरक्षण किन आवश्यक हुन्छ ?

- यस सत्रमा सक्रियतापूर्वक छलफल गरेकोमा धन्यवाद दिनुहोस् । त्यसपछि बालसंरक्षणका अन्य पक्षहरूमा थप छलफल गरिनेछ भन्ने जानकारी दिँदै विस्तृत रूपमा छलफल गर्नेछौं भन्ने जानकारी दिँदै सत्रको अन्त्य गर्नुहोस् ।

**(सत्रको अभ्यासका लागि सामग्री)**

## बालसंरक्षणसम्बन्धी व्यक्तिगत धारणा सङ्कलन

तलका वाक्यहरू गहनरूपमा अध्ययन गर्नुहोस् र त्यसपछि आफूलाई उत्क्रिष्ट लागेको धारणा जनिने गरी उपयुक्त कोठामा ठीक चिन्ह लगाउनुहोस् ।

| क्र.सं. | तथ्य वा भनाइहरू | पूर्ण सहमत | सहमत | असहमत | पूर्ण असहमत |
|---|---|---|---|---|---|
| १. | बालबालिकालाई पिट्नु नराम्रो व्यवहार हो र यो बालदूर्व्यवहारको प्रकारमध्ये एक हो । | | | | |
| २. | हाम्रो समुदायमा बालबालिकामाथि हुने यौनदूर्व्यवहारबारे छलफल गरिनु आवश्यक छैन । | | | | |
| ३. | अपाङ्गता भएका बालबालिका अन्य बालबालिकाभन्दा दुर्व्यवहारको बढी जोखिममा रहेका हुन्छन् । | | | | |
| ४. | बालिकाहरूमाथि मात्र यौनदूर्व्यवहार हुने गर्दछ । | | | | |
| ५. | समुदायतहमा बालदूर्व्यवहारविरूद्ध उजुरी गर्ने भरपर्दो संयन्त्र नै छैन । | | | | |
| ६. | बालबालिकामाथि हुने दूर्व्यवहारबारे उजुरी दिंदा पीडितलाई थप जोखिममा पुर्‍याउँदछ, यसैले कहीँकतै उजुरी नदिनु हितकारी हुन्छ । | | | | |
| ७. | बालबालिकालाई एचआइभी हुँदैन । | | | | |
| ८. | बालसंरक्षणका मुद्दाबारे बालबालिकाले जान्नुपर्दछ र उनीहरूका लागि गरिने क्रियाकलापमा बालबालिकालाई सहभागी गरिनुपर्दछ । | | | | |
| ९. | बालबालिका 'बदमास' भएको खण्डमा आमाबुबा र शिक्षकले हल्का पिटेर पनि अनुशासित बनाउन सक्नुहुन्छ । | | | | |
| १०. | बालबालिकामाथि हुने दूर्व्यवहार न्यूनीकरण गर्न र यसबारे जनचेतना अभियान चलाउन समुदायको सदस्यको नातामा म पनि उत्तिकै जिम्मेवार छु । | | | | |

**

# ६. बालबालिकामाथि हुने हानिहरू



१ घण्टा

### ६.१ सत्रको परिचय :

बालबालिकामाथि हुने हानिहरू भेदभाव, दूर्व्यवहार, शोषण, बेवास्ता वा हेलचेक्र्याइँ, यातना र हिंसा एवम् परम्परागत हानिकारक अभ्यासहरू हुन् । यी हानिहरूका कारण बालबालिका थप जोखिममा पर्दछन् । कुनै बालबालिकालाई एक प्रकारका हानि भयो भने अर्को खालको हानि हुने जोखिम बढी नै हुन्छ । यसकारण यस सत्रबाट सहभागीलाई बालबालिकामाथि हुने हानिहरूको सम्बन्धमा छलफल गरी अवधारणगत स्पष्टता प्रदान गर्न खोजिएको छ ।

### ६.२ अपेक्षित उपलब्धि :

यस सत्रको अन्त्यमा सहभागीहरूले,

- बालबालिकामाथि हुने हानिहरूबारे बताउन सक्नेछन् ।
- बालबालिकामाथि हुने बिभिन्न ६ वटा हानिहरूबारे स्पष्ट भई एकअर्काबीच छलफल गर्न सक्नेछन् ।

### ६.३ सत्र सञ्चालनका लागि आवश्यक सामग्री :

न्यूजप्रिन्ट पेपर, मार्कर, विभिन्न रङ्का मेटाकार्ड, गम र मास्किङ् टेप, आदि ।

### ६.४ सत्रको तयारी :

- सत्रका लागि दिएको घटना-अध्ययनलाई कम्प्युटरबाट प्रिन्ट गर्नुहोस् वा न्यूजप्रिन्ट पेपरमा उतार्नुहोस् ।

### ६.५ सत्र सञ्चालन गर्ने प्रक्रिया :

- 'अब हामी बालबालिकामाथि हुने हानिहरूबारे छलफल गर्दैछौं' भनी सहभागीलाई जानकारी दिई विषयगत सत्रमा ध्यानाकर्षण गर्नुहोस् ।

### क्रियाकलाप १: घटना-अध्ययन (२० मिनेट)

- सबै सहभागीहरूको ध्यानाकर्षणपश्चात् देहायको घटना-अध्ययन प्रस्तुत गर्नुहोस् ।

**रमिलाको कथा**

बाह्र वर्षकी रमिलाको घर एक विकट गाउँमा पर्दछ । उनी काठमाडौंमा एक घरमा घरेलु कामदारका रूपमा कार्यरत छिन् । उनले दिनको १६ देखि १७ घन्टासम्म काम गर्नुपर्दछ । उनले काम गर्ने घरमा आठजनाको परिवार छ । उनले खाना पकाउने, भाँडा माझ्ने, कपडा धुने जस्ता काम गर्नुपर्दछ । उनले चारतले घरको सबै झ्याल, ढोका र १० वटा कोठाहरू सफा गर्नुपर्दछ । कुनै कुनै बेला सबै काम सकिएन भने घरकी मालिकमालिक्नीको हातबाट उनले कुटाई खानुपर्दछ । उनी त्यहाँ काम गर्दा दिनरात भन्न पाउँदिनन् । उनी त्यस परिवारका सदस्यहरूले खाएर उब्रेको खानामात्र खान पाउँदछिन् । उनी स्कूल जान पाउँदिनन् । उनले कति रूपियाँ तलब पाउँछिन् भन्ने उनलाई थाहा नै छैन । राति रमिलाले ढोकामा चुकुल नभएको स्टोर कोठामा सुत्नुपर्दछ । एकरात एघार बजेतिर घरमा कोही नभएको मौकामा घरको मालिक उनी सुतेको कोठामा आए र उनलाई जबरजस्ती गर्न खोजे ।

यस घटनालाई आवश्यकताअनुसार दोहोऱ्याउनुहोस् र सहभागीलाई देहायका प्रश्नहरू क्रमैसँग सोध्दै छलफल अगाडि बढाउनुहोस् :

- ○ रमिलाले के कस्ता खालका दूर्व्यवहार वा शोषण भोग्नुपरेको छ ?
- ○ रमिलाले किन त्यस खालका दूर्व्यवहार वा शोषणहरू भोग्नुपरेको हो ?

○ रमिलाका समस्याहरूबीच तपाईँ के कस्तो सम्बन्ध पाउनुहुन्छ ?


- प्रत्येक प्रश्नमा सहभागीहरूको तर्फबाट जवाफ खोज्नुहोस् र आवश्यकतानुसार थप छलफल हुने वातावरण सिर्जना गर्नुहोस् । जस्तै, के भएमा रमिलाले यसखालको समस्या भोग्नुपर्दैनथ्यो ? रमिलाको समस्या कसरी समाधान होला त ? आदि ।
- छलफलको वातावरण तयार भएपछि बालबालिकामाथि हुने हानिहरूबारे छलफल गर्नुहोस् ।

## क्रियाकलाप २: बालबालिकामाथि हुने हानिहरू (३५ मिनेट)

- बालबालिकामाथि हुने हानिहरूलाई सामान्यतया निम्न ६ वटा क्षेत्रहरूमा  छलफल गर्न सकिन्छ भनी तलको चित्र देखाउँदै तिनको बारेमा व्याख्या गर्नुहोस् ।

### बालबालिकामाथि हुने हानिहरू

- बालबालिकामाथि हुने हानिहरूलाई सामान्यतया निम्न ६ वटा क्षेत्रहरूमा अध्ययन वा छलफल गर्न सकिन्छ :




- **दूर्व्यवहार**: सामान्यरूपमा बुझ्दा दूर्व्यवहार भनेको नराम्रो व्यवहार हो । बालदूर्व्यवहार- क) भावनात्मक दूर्व्यवहार, ख) शारीरिक दूर्व्यवहार, ग) यौनदूर्व्यवहार, घ) वेवास्ता, उपेक्षा वा हेलचेक्र्याइँ, ङ) मौखिक दूर्व्यवहार गरी ५ प्रकारका हुन सक्दछन् ।
- **भेदभाव** : लिङ्ग, जातपात, एचआइभीबाट प्रभावित वा सङ्क्रमित भएको, अपाङ्गता आदिका आधारमा बालबालिकामाथि भेदभाव हुन सक्दछन् ।
- **शारीरिक यातना र हिंसा** : अन्तर्राष्ट्रिय महासन्धिहरूले विद्यालय, घर वा कुनै निकायमा दिइने शारीरिक सजाय वा शोषणको सम्भावनालाई पनि बन्देज लगाउँदछ । यसको साथै कुनै पनि व्यक्तिको शारीरिक वा मानसिकरूपमा आघात पुग्नेगरी गरिने अपमानजक कार्य वा क्रुर व्यवहार शारीरिक यातनाको रूपमा बुझिन्छ । यस्तै कुनै पनि व्यक्ति, समूह, समाज, राज्य, धर्म, संस्कृतिद्वारा व्यक्तिमाथि शारीरिक र मानसिक क्षति पुग्ने गरी गरिएको व्यवहार व्यक्तिविरुद्धको हिंसा हो । घरभित्र अर्थात् आफ्नै परिवारका सदस्यबाट गरिने हिंसा 'घरेलु हिंसा' हो ।
- **शोषण** : वयस्कले आफ्नो स्वार्थ, फाइदा वा नाफाका लागि बालबालिकालाई अनुचित तरिकाले प्रयोग गर्नु वा उपयोग गर्नु अथवा कुनै खास परिस्थितिको फाइदा उठाएर गरिने शोषण नै 'बालशोषण' हो । बालशोषण सामान्यतया नियोजित रूपमा बालबालिकामाथि गरिने आघातपूर्ण व्यवहार वा क्रियाकलाप हो । यसमा पनि शारीरिक शोषण, यौनशोषण, श्रमशोषण लगायतका प्रकार हुन सक्दछन् । महिला र बालबालिकाको अपहरण र बेचबिखन बालशोषणको चरम रूप हो ।

- **परम्परागत हानिकारक अभ्यासहरू** : 'परम्परागत हानिकारक अभ्यास' भन्नाले बालबालिकाको हकअधिकारको परिपालनामा गम्भीर नकारात्मक असर पार्ने खालका कार्य तथा व्यवहार हुन् जुन कुनै समाज, समुदाय वा धर्म-संस्कृतिमा परम्परादेखि चल्दै आएका हुन्छन् । परम्परागत हानिकारक अभ्यासहरूले बालबालिकाको स्वास्थ्य, शिक्षा, जीवन बचावट र विकासमा नकारात्मकरूपमा असर पार्ने र कतिपय अवस्थामा हिंस्रक व्यवहारका कारण शरीरमा चोटपटक लाग्ने वा मृत्युसमेत हुनसक्ने हुन्छ । नेपालका सन्दर्भमा बालविबाह, छाउपडी प्रथा, झुमा प्रथा र मुस्लिम समुदायमा बालक तथा बालिकाको यौनअङ्ग छेदन (Circumcision or Genital Mutilations) लाई 'परम्परागत हानिकारक अभ्यास' का रूपमा लिइएको छ ।
- **बेवास्ता वा हेलचेक्रयाइँ** : बालबालिकाको हेरचाह र पालनपोषणमा बाबुआमा, अभिभावक वा स्याहारकर्ताका तर्फबाट जानीबुझीकन वा अज्ञानतावश भूल हुन जानु तथा त्यसले बालबालिकाको जीवनमा तत्काले वा दीर्घकालमा समेत समस्याहरू आउनसक्ने अवस्थालाई बेवास्ता/उपेक्षा वा हेलचेक्र्याइँ हो । उदाहरणका लागि समयमा नै बालबालिकालाई खोपहरू नलगाउनु, बालबालिकालाई उमेर र विकासका चरणअनुसार उचित किसिमबाट स्याहारसुसार नगरिनु आदिलाई लिन सकिन्छ ।

- बालबालिकामाथि हुने हानिहरूबारे कुनै अस्पष्टता भएमा त्यसबारे सोध्न सहभागीहरूलाई प्रोत्साहन गर्नुहोस् । आएका जिज्ञासाहरूमा आवश्यक छलफल गर्नुहोस् ।

## क्रियाकलाप ३ : सत्रको मूल्याङ्कन र सारसंक्षेप (१५ मिनेट)

- अन्त्यमा सत्रमा गरिएका छलफलका शीर्षकलाई स्मरण गर्दै सहभागितामूलक विधिबाट सत्रको मूल्याङ्कन गर्नुहोस् ।

मूल्याङ्कनका लागि सोध्न सकिने प्रश्नहरू

- यस सत्रमा हामीले के के विषयमा छलफल गर्‍यौं ?
- बालबालिकामाथि हुने हानिहरू के के हुन् ?
- 'दूर्व्यवहार' र 'शोषण' लाई के कसरी बुझ्न सकिन्छ ? यी दुईबीचमा के भिन्नता छ ?
- नेपालमा प्रचलनमा रहेका मुख्य खालका परम्परागत हानिकारक अभ्यासहरू के के हुन् ?

- यस सत्रमा छलफल गरिएका विषयवस्तुका मुख्य बुँदाहरू पुनः दोहोर्‍याउँदैं सत्रको अन्त्य गर्नुहोस् ।

***

# ७. समुदायमा विद्यमान बालसंरक्षणका सवालहरू



१ घण्टा

### ७.१ सत्रको परिचय :

समुदायमा बालबालिकाको संरक्षणको सवाल (वा मुद्दा) हरू विभिन्न हुने गर्दछन् । यस प्रकारका सवालहरूको सही पहिचान हुन नसक्दा समुदायमा बालसंरक्षणका सम्बन्धमा गरिने क्रियाकलापहरू यथार्थमा आधारित नभई बालबालिकाको संरक्षण गर्ने मूल ध्येय पूरा हुन सकेको हुँदैन । यसकारण समुदायका सदस्यहरूकै सहभागितामा बालसंरक्षणका सवालहरू केलाउनु उपयुक्त हुन्छ । यसले एकातिर बालसंरक्षणका क्रियाकलापहरू निर्धारण गर्न वा योजना तय गर्न एकातर्फ मद्दत गर्दछ भने अर्कोतर्फ समुदायका सदस्यहरूलाई नै समुदायमा रहेका बालसंरक्षणका सवालहरूबारे जानकारी वा समान धारणा बनाउन सघाउँदछ । यस सत्रबाट सहभागीबाटै समुदायमा विद्यमान बालसंरक्षणका सवालहरूलाई पहिचान गरी आवश्यकतानुसार क्रियाकलाप तय गर्ने उद्देश्य राखिएको छ ।

### ७.२ अपेक्षित उपलब्धि :

यस सत्रको अन्त्यमा सहभागीहरूले,

- समुदायमा रहेका बालसंरक्षणका सवालहरू पहिचान गर्न सक्नेछन् ।
- समुदायभित्रै सहयोगी व्यक्ति वा निकाय र बालदूर्व्यवहारकर्ता हुन सक्दछन् भन्नेबारे स्पष्ट भई छलफल गर्न सक्नेछन् ।

### ७.३ सत्र सञ्चालनका लागि आवश्यक सामग्री :

बेलुन, धागो, न्यूजप्रिन्ट पेपर, मार्कर, कलर मेटाकार्ड, गम र मास्किङ्ग टेप, आदि ।

### ७.४ सत्रको तयारी :

- सहभागी सङ्ख्या बराबरको बेलुनभित्र हावा भरी टुप्पो बाँधी खुट्टामा बाँध्न मिल्ने लम्बाइ राखी धाँगो छोड्नुहोस् ।
- निर्धारित सहभागी सङ्ख्या बराबरको सङ्ख्यामा चार वा पाँच रङ्गको मेटाकार्डलाई गोलो आकार (चपाती) मा काटी तयार गर्नुहोस् ।

### ७.५ सत्र सञ्चालन गर्ने प्रक्रिया :

- सहभागीलाई 'अब हामी समुदायमा विद्यमान बालसंरक्षणको मुद्दाहरूबारे छलफल गर्दैछौं' भनी जानकारी दिनुहोस् ।

### क्रियाकलाप १: बेलुन खेल (३० मिनेट)

- विषय प्रवेशभन्दा अगाडि खेल खेलेर सामुहिक छलफल गर्नेछौं भनी सहभागीलाई भन्नुहोस् ।
- सबै खेलका आ–आफ्ना नियमहरू हुन्छन् र नियमानुसार नै यस बेलुन खेल खेल्नेछौं भनी बताउनुहोस् ।
- अब सबै सहभागीहरूलाई बराबर सङ्ख्या भएको तीन समूहमा बाँड्नुहोस् । (यस खेलका लागि एक समूहमा कम्तीमा ५ जना हुनुपर्दछ, ८ वा १० जना एक समूहमा भए पनि कुनै फरक पर्दैन ।)
- अब प्रत्येक तीनवटै समूहलाई छुट्टाछुट्टै निर्देशन दिनुहोस्, एक समूहलाई दिइएको निर्देशन अर्को समूहले सुन्नुहुँदैन ।

- पहिलो समूहलाई फुकेको बेलुन खुट्टामा बाँध्न लगाउनुहोस् र उनीहरूलाई आफ्नो खुट्टामा बाँधिएको बेलुनलाई अरू कसैले फुटाउन लागेमा रोक्न वा फुट्नबाट बेलुनलाई बचाउन भन्नुहोस् ।
- दोस्रो समूहलाई खेलमा सहभागी साथीहरूले खुट्टामा बेलुन बाँधेको हुन्छ, यसलाई जसरी भए पनि बेलुन फुटाउनुपर्दछ भन्ने निर्देशन दिनुहोस् ।
- तेस्रो समूहलाई सहभागी साथीहरूले खुट्टामा बेलुन बाँधेका हुन्छन्, ती बेलुनहरू जोगाउनलाई सहयोग गर्न भन्नुहोस् ।
- सबै समूहका सदस्यहरूले आआफ्नो भूमिका र खेलको नियम बुझे वा नबुझेको यकीन गर्नुहोस् र सबैले बुझेपछि हल वा खुल्ला चौरमा सबै सहभागीलाई एकठाउँमा जम्मा भई र आआफ्नो भूमिका निर्वाह गर्नेगरी खेल सुरु गर्नुहोस् ।
- सबै सहभागीको गोडामा भएको बेलुन फुटेपछि खेल अन्त्य भएको घोषणा गर्नुहोस् ।
- अब, सहभागीलाई हलभित्र आआफ्नो ठाउँमा बस्न भन्नुहोस् र तलका प्रश्नहरू सोध्नुहोस् ।
    - खेल खेल्दा कस्तो अनुभव भयो ? तीनवटै समूहलाई पालैपालो भन्न दिनुहोस् ।
    - प्रत्येक समूहको भूमिका के-के थियो ? निर्देशन के-के दिइएको थियो ?
    - किन बेलुन फुटे ? बेलुनलाई जोगाउन के गर्न सकिने थियो ?
    - यदि बेलुनलाई बालबालिका मान्ने हो भने तपाईँमा के विचार आउँथ्यो होला ? के गर्नु हुन्थ्यो होला ?
    - यो खेलबाट के सिक्नुभयो ?
- सबै विचारहरूलाई एकठाउँमा टिप्नुहोस् र खेलमा सक्रियतापूर्वक सहभागी भइदिनुभएको धन्यवाद भन्नुहोस् ।

### क्रियाकलाप २ : समुदायमा विद्यमान बालसंरक्षणका सवालहरू (२० देखि २५ मिनेट)

- सहभागीको सङ्ख्या बराबर विभिन्न चार वा पाँच रङ्को मेटाकार्डका चपातीहरूलाई एकठाउँ मिसमास पारी प्रत्येक सहभागीलाई एकएक वटा चपाती टिप्न लगाउनुहोस् ।
- सबैले चपाती लिइसकेपछि एकै रङ्का सहभागीहरू एक ठाउँमा जम्मा हुन भन्नुहोस् र त्यसबाट समूह निर्माण गर्नुहोस् ।
- अब सबै समूहलाई देहायका कार्य समूहमा छलफल गरी न्यूजप्रिन्ट पेपरमा लेख्न लगाउनुहोस् ।
    - समुदायमा विद्यमान बालसंरक्षणका सवाल(मुद्दा)हरू के के छन् ?
- प्रत्येक समूहको नेतालाई क्रमैसँग समूह-कार्य प्रस्तुत गर्न लगाउनुहोस् र अन्य समूहलाई कुनै बुँदामाथि प्रष्ट हुन चाहेमा प्रश्न गर्न समूह-नेता वा सदस्यहरूलाई स्पष्ट पार्न अनुरोध गर्नुहोस् ।

### क्रियाकलाप ३ : सत्रको मूल्याङ्कन र सारसंक्षेप (१५ मिनेट)

- अन्त्यमा सहभागितामूलक विधिबाट सत्रको मूल्याङ्कन गर्नुहोस् ।

मूल्याङ्कनका लागि सहभागीलाई सोध्न सकिने प्रश्नहरू

- यस सत्रमा हामीले कुन-कुन विषयमा छलफल गऱ्यौं ?
- समुदायमा के-कस्ता खालका बालसंरक्षणका सवालहरू रहेछन् ?

छलफलमा सक्रियतापूर्वक सहभागी भएकोमा सबैलाई धन्यवाद दिँदै सत्रको अन्त्य गर्नुहोस् ।

***

# ८. समुदायमा रहेका जोखिमी ठाउँ वा क्षेत्रहरूको पहिचान[१]



**१ घण्टा ३० मिनेट**

## ८.१ सत्रको परिचय :

समुदायमा बालबालिकाका लागि सुरक्षित र जोखिम क्षेत्र दुवै हुनसक्दछ । बालबालिकालाई जोखिम क्षेत्रबारे जानकारी हुनु आवश्यक हुन्छ किनभने यसले बालबालिकाले अपनाउनुपर्ने सतर्कता र कतिपय अवस्थामा ती क्षेत्रहरूमा जानुपर्दा वयस्क वा अभिभावकको सहयोग लिन सकिन्छ । यस सन्दर्भमा, समुदायभित्र जोखिम क्षेत्रहरूको पहिचान गर्न सहयोग गर्ने उद्देश्य यस सत्रको रहेको छ ।

## ८.२ अपेक्षित उपलब्धि :

यस सत्रको अन्त्यमा सहभागीहरूले,

- बालबालिकाका लागि समुदाय वा उनीहरूको वरिपरि जोखिमी ठाउँहरू कहाँ-कहाँ छन् भन्ने बारे जानकारी प्राप्त गरी यसबारे छलफल गर्न सक्नेछन् ।
- समुदायमा विद्यमान जोखिमी क्षेत्रको पहिचान गरी ती क्षेत्रमा अपनाउनुपर्ने सर्तकताका बारेमा जान्नेछन् ।

## ८.३ सत्र सञ्चालनका लागि आवश्यक सामग्री :

न्यूजप्रिन्ट पेपर, मार्कर, कलर मेटाकार्ड, गम र मास्किङ्ग टेप, आदि ।

## ८.४ सत्रको तयारी :

- यदि सम्भव छ भने समुदायमा विद्यमान बालसंरक्षणका सवालहरूबारे पूर्व जानकारी लिनुहोस् र यससम्बन्धी नोट पनि तयार गर्नुहोस् ।

## ८.५ सत्र सञ्चालन गर्ने प्रक्रिया :

- सहभागीलाई 'समुदायभित्र वा बालबालिका रहनेबस्ने ठाउँमा जोखिम क्षेत्रहरू कहाँ-कहाँ छन् भनी छलफल गर्नेछौं' भनी जानकारी दिनुहोस् ।

### क्रियाकलाप १: जोखिम र जोखिमी ठाउँ वा क्षेत्रहरूको पहिचान (४० मिनेट)

- सहभागीहरूलाई ६ देखि १० जनाको समूहमा विभाजन गर्नुहोस् ।

१ यो सत्र खासगरी बालबालिकाको लागि तय गरिएको हो तर पनि वयस्कहरूसँग छलफल गर्दा आफ्ना बालबालिकाको सन्दर्भमा कुन कुन क्षेत्र जोखिम हुन्छन् भन्ने सचेतना जगाउन सकिन्छ ।

- सहभागीहरूलाई आ–आफ्नो समूहमा आ–आफ्नो समुदायको नक्सा कोर्न लगाउनुहोस् (नक्सामा घर, धारा, चौर, विद्यालय, जंगल, मन्दिर, बाटो, बजार, खेतबारी, पाटीपौवा, चौतारा आदिजस्ता ठाउँहरूलाई सङ्केत गर्न भिन्नाभिन्नै खालका रङ्ग भर्न वा मेटाकार्ड काटेर टाँस्न सकिन्छ) ।
- बालबालिकाले आफ्नो समुदायको नक्सा बनाइसकेपछि त्यसमा समुदायको जुनजुन स्थानमा बालबालिकाका लागि सुरक्षित स्थान छ त्यहाँ हँसिलो अनुहारको बालक वा बालिका बनाउन लगाउनुहोस् वा त्यस्तै भाव झल्कने चित्र तथा स्टीकर टाँस्न लगाउनुहोस् ।
- त्यस्तै बालबालिकाका लागि असुरक्षित तथा डरलाग्दा स्थानहरूमा दुःखी अनुहारको बालक वा बालिकाको चित्र बनाउन लगाउनुहोस् वा त्यस्तै भाव झल्कने चित्र तथा स्टीकर टाँस्न लगाउनुहोस् ।
- चित्र कोरिसकेपछि सहभागीहरू एकआपसमा निम्न प्रश्नमाथि छलफल गरी दुइ–तीनवटा कारणहरूसमेत उल्लेख गर्न लगाउनुहोस् र आवश्यकतानुसार छलफलमा सहजीकरण गर्नुहोस् ।
    - चित्रमा कोरिएको ठाउँ वा क्षेत्र किन सुरक्षित छन् ?
    - चित्रमा कोरिएको ठाउँहरू किन असुरक्षित छन् ?
- अब, सोही समूहलाई यी जोखिमी ठाउँ वा क्षेत्रहरूबाट बच्नका लागि बालबालिकाले के गर्न सक्दछन् भनी छलफल गरी अर्को न्यूजप्रिन्ट पेपरमा टिप्न लगाउनुहोस् ।
- सबै सहभागी समूहले समूह–कार्य गरिसकेपछि तालिम हलभित्रको एक एकठाउँमा टाँस्न लगाउनुहोस् र एकले अर्को समूहको समूह–कार्य अवलोकन गर्न लगाउनुहोस् ।
- यदि कुनै समूह सदस्यहरूलाई अर्को समूहले गरेको कार्यमा थप जिज्ञासा भएमा उल्लेख गर्न सकिने व्यहोरा जानकारी गराउनुहोस् ।
- सबै समूह सदस्यहरूले सबै समूहको समूह–कार्य अवलोकन तथा छलफल गर्न सकिएपश्चात आ–आफ्नो स्थानमा बस्न आग्रह गर्नुहोस् ।

### क्रियाकलाप २: सत्रको मूल्याङ्कन र सारसंक्षेप (२० मिनेट)

- अन्त्यमा सहभागीहरूबाट आएका कुरालाई पुनःस्मरण गर्दै समुदायभित्र रहेका जोखिम क्षेत्रहरू के के रहेछन् र बालबालिका कसरी बच्न सक्दछन् भन्ने जस्ता कुराहरू उल्लेख गर्नुहोस् ।
- सक्रियतापूर्वक सहभागी भएकोमा सबैलाई धन्यवाद दिंदै सत्रको अन्त्य गर्नुहोस् ।

***


# अध्ययन सामग्री-२

## २. बालसंरक्षण (Child Protection) बारे आधारभूत जानकारी

### २.१ बालसंरक्षण (Child Protection)


बाल्यकालमा आइपर्नसक्ने नकारात्मक अनुभवहरूबाट बालबालिकालाई संरक्षण गरिनुपर्दछ । यो नै बालसंरक्षण हो । बालबालिका एक निश्चित उमेरसम्म वयस्कमाथि निर्भर हुनुपर्ने परिस्थितिको नकारात्मक फाइदा उठाउने गलत मनसाय भएका व्यक्तिहरूबाट बालबालिकाका अधिकार जोखिममा पर्नसक्ने सम्भावना हुन्छ । हाम्रो वरिपरि घटेका/घटिरहेका अमानवीय घटनागत तथ्यले यसलाई पुष्टि गरेको छ । बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक, नैतिक तथा बौद्धिक विकासमा गम्भीर नकारात्मक असर पार्ने खालका कार्य वा व्यवहारबाट उनीहरूलाई जोगाउनु नै बालसंरक्षण हो । सामान्यरूपमा बालसंरक्षणअन्तर्गत क) रोकथाममूलक कार्य, र ख) बालसंरक्षणका कार्यहरू पर्दछन् (बालसंरक्षणका कार्यलाई तालिम पुस्तकको भाग ३ मा विस्तृतरूपमा छलफल गरिनेछ) ।

बालसंरक्षण कार्यअन्तर्गत बालबालिकामाथि हुने वा हुनसक्ने हानिहरू एवम् उनीहरूलाई शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक, आर्थिकलगायतका पक्षहरूमा पर्नसक्ने सबै खालका आघातहरूबाट जोगाउन गरिने- क) जोखिमको पहिचान, रोकथाम, ख) पीडित बालबालिकाको उद्धार, स्वास्थ्य तथा मनोसामाजिक स्याहार, पुनर्स्थापना, र ग) पीडकलाई कानुनको दायरामा ल्याउने लगायतका कार्यहरू पर्दछन् । यसरी हेर्दा बालबालिकामाथि हुने वा हुनसक्ने सबै खालका नियोजित तथा अनियोजित जोखिम वा हानिबाट जोगाउन तथा कथम्कदाचित उनीहरूमाथि त्यस्ता घटना, दुर्घटना भएमा त्यसबाट उनीहरूमा पर्ने असरलाई कम गर्न र उनीहरूलाई परिवार तथा समाजमा पुनर्स्थापना गर्न गरिनेलगायतका सबै कामलाई समष्टिगत रूपमा बालसंरक्षण भनेर बुझ्न सकिन्छ । बालबालिकाको- क) बढ्दो उमेर, ख) शारीरिक, मानसिक वा बौद्धिक, सामाजिक वा संवेगात्मक परिपक्वता, र ग) विकासको स्तरका



आधारमा वयस्कको तुलनामा जोखिम वा हानि पुऱ्याउने गलत कार्यहरू हुन सक्ने सम्भावना बढी हुन्छ । यसको मुख्य कारणहरूमा बालबालिकाले– क) आफूमाथि हुनसक्ने सम्भावित गलत कार्यको आँकलन गर्न नसक्नु, ख) कुनै गलत कार्य हुन लागेको अवस्थामा त्यसको प्रतिकार गर्न नसक्नु, ग) खासगरी नजिकको नाता–सम्बन्धका वयस्कहरूबाट भएको गलत कार्य गलत हो वा सही हो छुट्याउन नसक्नु र घ) आफूमाथि भएको गलत कार्यको कानुनी उपचार खोज्न नसक्नु आदि रहेका पाइन्छन् ।

बालअधिकारमुखी अवधारणाअनुसार बालबालिकामाथि तत्कालीन र दीर्घकालीनरूपमा नकारात्मक असर पर्ने सबै खालका जोखिम वा हानिहरूलाई रोक्नका लागि लिइने उत्तरदायित्व तथा जिम्मेवारी नै बालसंरक्षण हो । अझ, कुनै पनि खालका जोखिम वा हानिहरूको कारणबाट बालबालिकामा हुने नोक्सानी अथवा नकारात्मक अनुभवबाट जोगाउन गरिने सोचपूर्ण, प्रक्रियासङ्गत वा योजनाबद्ध कार्य वा क्रियाकलापको समग्र रूपलाई बालसंरक्षणका रूपमा परिभाषित गर्न सकिन्छ । यसरी हेर्दा बालसंरक्षण कार्यक्षेत्रअन्तर्गत मूलभूत रूपमा– क) बालसंरक्षणसम्बन्धी जोखिमका कारकहरूलाई सम्बोधन गरेर गरिने रोकथाम, ख) पीडित बालबालिकाको उद्धार, उपचार (स्वास्थलाभ वा मनोसामाजिक सेवा र स्याहारसमेत) र राहत सहयोग, ग) पीडित बालक वा बालिकाको सामाजिक पुनर्स्थापना, घ) पीडकलाई कानुनी कारवाही र पीडितलाई क्षतिपूर्ति, र ङ) बालसंरक्षण र जोखिम वा हानिबारे आमसमुदाय र व्यवसायिक समूहका व्यक्तिहरू (मिडियासमेत) मा चेतना जागरण र वकालत आदिलगायतका कार्यहरू पर्दछन् । यसर्थ, 'बालसंरक्षण कार्य भनेको बहुआयामिक र बहुपक्षीय उपायहरू अपनाएर बालबालिकाको अधिकार परिपालना गरी उनीहरूको स्वीकार्य/स्वाभाविक विकासलाई सुनिश्चित गर्ने सोचपूर्ण कार्य हो । यसमा रोकथाममूलक कार्यमात्र नभएर जोखिममा रहेको वा पीडित बालक वा बालिकालाई सबै खालको जोखिम वा हानिबाट पूर्णरूपमा मुक्त नभएसम्मका लागि आवश्यक सबै सेवाहरूको व्यवस्था गर्ने समेतका कार्यहरू पर्दछन् ।



## २.२ बालसंरक्षणको आवश्यकता

बालबालिकाको संरक्षण निम्न कारणले आवश्यक हुने गर्दछः

१. बालबालिकाको उमेर तथा अवस्थाका कारणले बालसंरक्षणको आवश्यकता छ ।

- आफ्नो उमेर तथा अवस्थाका कारण बालबालिका (बालिका, बालक तथा अपाङ्गता भएका) दूर्व्यवहारको जोखिममा हुन्छन् ।
- खासगरी सानो उमेरका, जोखिममा परेका तथा सामाजिक संरक्षणबाट वञ्चित भएका बालबालिका आफ्नो हकअधिकार हनन भएकोमा बोल्न सक्दैनन् र अधिकार मागदाबी गर्न सक्दैनन् ।

२. दूर्व्यवहारको जोखिम सर्वव्यापी हुन्छ, घरपरिवार वा विद्यालयमा पनि बालदूर्व्यवहारको जोखिम हुने गर्दछ ।

- संसारका सबै देशहरूका, धर्मका, वर्गका, जातजातिका, उमेरका, लिङ्गका बालबालिकामाथि दूर्व्यवहार हुन सक्दछ । अध्ययनहरूले संस्थागत संरक्षणमा रहेका बालबालिका संरक्षणको उच्च जोखिममा भएको देखाएका छन् ।

- नेपालका बालगृहमा बालबालिकामाथि भएका कुटपिटदेखि यौनदूर्व्यवहार/ शोषणलगायतका दूर्व्यवहारका भएका घटनाहरू बाहिर आएका छन् (अझै, कतिपय त बाहिर आउन सकेका छैनन्) ।

३. बालबालिकाको विश्वास जित्न सक्ने तथा नजिकका व्यक्तिहरूबाट नै बढी बालदूर्व्यवहार हुन्छ ।

- अध्ययनहरूले आफ्ना नजिकका र चिनेका व्यक्तिहरू (बालबालिकाको विश्वास जित्न सक्ने वा प्रलोभनमा पार्न सक्ने)बाट नै बढी बालबालिका दूर्व्यवहारमा परेका देखाउँदछन् ।
- बालबालिका आफ्ना दौंतरीहरू र केही ठूलो उमेरका बालबालिकाबाट समेत दूर्व्यवहारमा पर्न सक्दछन् ।

४. दूर्व्यवहारले बालबालिकाको वर्तमान र भावी जीवनमा नमेटिने दाग लाग्दछ वा दीर्घकालीन असर हुने गर्दछ ।

- बालदूर्व्यवहारले बालबालिकाको वर्तमान र भावी जीवनमा असर गर्नेगरी मस्तिष्कमा गहिरो र जीवनभर नमेटिने दाग लाग्दछ ।
- बालबालिकालाई अहिले संरक्षण गर्न नसकिएमा उनीहरूको र समाजको भविष्य सुनिश्चित हुन सक्दैन ।
- संरक्षणको जोखिममा परेका बालबालिकाले अपेक्षाक्रितरूपमा अवसरको पहुँच कम पाउँदछन् ।

५. बालदुर्व्यहार कानुनको गम्भीर उल्लंघन हो ।

- बालदुर्व्यहार आफैमा बालअधिकारको गम्भीर उल्लंघन हो । र, नेपालको प्रचलित कानुनअनुसार बालदूर्व्यवहार दण्डनीय अपराध हो ।

६. वयस्कहरू बालदूर्व्यबहारकर्ता र संरक्षक दुवै हुन् ।

- वयस्कहरू बालदुर्व्यबहारकर्ता र दुर्व्यबहारबाट बालबालिकालाई संरक्षण गर्ने संरक्षक दुवै हुन् ।

७. बालबालिका र शक्ति संरचना


- बालबालिका समाजमा शक्ति संरचनामा जहिले पनि तल परेका हुन्छन् र उनीहरूको कुरा सामान्यतया कहीँ कतै पनि सुनिदैन ।
- कतिपय अवस्थामा बालबालिकालाई पूर्ण मानवको रूपमा नै मानिएको हुँदैन । समाजमा भएका गलत धारणाका कारण उनीहरूको अधिकारको हनन भएको छ । (उदाहरणः कतिपय सन्दर्भमा बालिकामाथि भेदभाव हुन्छ, उनीहरूलाई छोरासरह पढन दिईंदैन, खाना पनि राम्रोसँग खान दिइँदैन)
- बाल्यकालमा जस्तो भोगाइ उस्तै सिकाइ हुने भएकाले बालबालिकालाई संरक्षण गरिनुपर्दछ ।

८. संरक्षण पाउनु बालबालिकाको अधिकार हो र संस्थागत हेरचाहअन्तर्गत वा बालगृहमा रहेका बालबालिकाको संरक्षण सुनिश्चित गर्न विशेष प्रयत्न गरिनुपर्दछ । बालबालिकाको अधिकारको रक्षा गर्नु वयस्कको दायित्व हो ।

## २.३ बालबालिकालाई जोखिम वा हानि पुऱ्याउने गलत कार्यहरू र तिनबाट संरक्षण (Protecting Children from Harmful Acts that Makes Them Vulnerable)

बालबालिकामाथि हुने सबै खालका हानिहरूबाट उनीहरूलाई संरक्षण गर्नु बालसंरक्षण हो । बालबालिकामाथि हुनसक्ने हानिअन्तर्गत– १. भेदभाव, २. दूर्व्यवहार, ३. शोषण, ४. बेवास्ता/उपेक्षा वा हेलचेक्र्याइँ ५. यातना र हिंसा तथा ६. परम्परागत हानिकारक अभ्यासहरू पर्दछन् । यी हानिहरू एउटै बालक वा बालिकामा पनि सामान्यतयाः एकखाले हानि मात्र देखा पर्नसक्छ भने कहिलेकाहीँ यी हानिहरूमध्ये दुई वा दुईभन्दा बढी हानिहरू एकसाथ देखा पर्दछन् । महत्वपूर्ण कुरा के हो भने बालबालिकामाथि हुने कुनै एक हानिका कारण अन्य हानिहरू हुनसक्ने सम्भावना उत्तिकै हुने गर्दछ । हानिहरू एकअर्कामा जेलिएर रहेका हुन्छन् । यी सबै हानिहरू सामाजिक अपराध हुन् र कानुनतः दण्डनीय पनि छन् । यस्ता सबै प्रकारका हानिबाट संरक्षण पाउनु बालबालिकाको अधिकार हो र बालअधिकारको रक्षा गर्नु वयस्कहरूको दायित्व हो ।

बालबालिकामाथि हुने हानिहरू (Harms against Children)




## २.३.१ दूर्व्यवहार (Abuse)

सामान्यरूपमा बुझ्दा दूर्व्यवहार भनेको नराम्रो व्यवहार हो । बालबालिकाको शारीरिक, मानसिक वा वौद्धिक, भावनात्मक वा संवेगात्मक र सामाजिक विकासमा तत्कालीन वा दीर्घकालीनरूपमा आघात पुऱ्याउने नकारात्मक बोली, व्यवहार वा कार्य नै बालदूर्व्यवहार हो । आफ्नो शारीरिक, मानसिक/बौद्धिक अपरिपक्वता एवम् तत्काल प्रतिकार गर्न नसक्ने अवस्थाका कारण बालबालिका दुर्व्यबहारबाट पीडित बन्न पुग्दछन् । निश्चित उमेरसम्म बालबालिका वयस्कहरूमा निर्भर/आश्रित हुनुपर्ने भएकोले पनि उनीहरू दुर्व्यबहार सहन बाध्य हुन्छन् । कतिपय अवस्थामा बाबुआमा, अभिभावक वा हेरचाहकर्ताले उपयुक्तस्तरको सेवा तथा संरक्षण दिन नसकेको वा बेवास्ता/लापरवाही गरेको कारणबाट पनि बालबालिकाले दूर्व्यवहार भोग्नुपर्ने हुन्छ । सामान्यतया बालबालिकामाथि दूर्व्यवहार गर्ने व्यक्ति वयस्क हुन्छन् तर अन्य कतिपय अवस्थामा बालबालिकाले पनि अरु बालबालिकामाथि (खासगरी ठूलो उमेरका बालबालिकाले साना उमेरका बालबालिकामाथि) दूर्व्यवहार गर्न सक्दछन् । बालदूर्व्यवहार- क) भावनात्मक दूर्व्यवहार (Emotional Abuse), ख) शारीरिक दूर्व्यवहार (Physical Abuse), ग) यौनदूर्व्यवहार (Sexual Abuse) घ) बेवास्ता, उपेक्षा वा हेलचेक्र्याइँ (Neglect), ङ) मौखिक दूर्व्यवहार (Verbal Abuse) गरी ५ प्रकारका हुन सक्दछन् ।

## बालदूर्व्यवहारका स्वरूपहरू

क) शारीरिक दूर्व्यवहार

- बालबालिकालाई कुटपिट गर्नु, चिमोट्नु वा घाउ, चोटपटक लगाउनु,
- बालबालिकालाई शारीरिक, मानसिक र शैक्षिक विकासमा असर पर्नेगरी र उसको शारीरिक क्षमताभन्दा बढी काममा लगाउनु वा लामो समयसम्म फुर्सद वा आरामको अवसर नदिई निरन्तर काममा लगाउनु,
- अध्ययनशील र अनुशासित बनाउने नाममा विद्यालय र घरपरिवारमा बालबालिकालाई शारीरिक सजाय दिनु,

- बालबालिकालाई रक्सी, चुरोट तथा नशालु पदार्थको लतमा फसाउनु वा त्यसको ओसारपसारमा लगाउनु,
- बालबालिकालाई मनोरञ्जनको साधनका रूपमा प्रयोग गर्नु/गराउनु आदि ।

ख) भावनात्मक दूर्व्यवहार

- बालबालिकालाई चित्त दुख्ने गरी गाली गर्नु,
- बालबालिकाको आत्मविश्वासमा चोट पुग्ने खालको कुनै पनि बोली बोल्नु तथा व्यवहार वा कार्य गर्नु,
- बालबालिकालाई बहकाउ, प्रलोभन वा दवाबमा पारेर वयस्कले आफ्नो स्वार्थका लागि प्रयोग गर्नु आदि ।

ग) मौखिक दूर्व्यवहार

- बालबालिकालाई विनाकारण जिस्क्याउनु
- उसलाई नराम्रो लाग्नेगरी उपनाम दिएर बोलाउनु
- विना कारण हप्काउनु, दबाउनु, हेप्नु, सराप्नु, खिल्ली उडाउनु, गालीगलौज गर्नु आदि ।

घ) बेवास्ता, उपेक्षा वा हेलचेक्र्याइँ

- बालबालिकालाई रेखदेख वा हेरचाह नगर्नु, फोहरी बनाएर राख्नु, भोकै वा नाङ्गो राख्नु,
- बालबालिकालाई हेरचाहविना एक्लै छोड्नु वा आइपर्नसक्ने खतरालाई अड्कल गर्न नसक्नु,
- बालबालिकाको पोषण र औषधिउपचारको आवश्यकतालाई बेवास्ता गर्नु वा गरे पनि समयमा नगर्नु,
- बालबालिकाको कुरा नसुन्नु, बेवास्ता गर्नु र त्यसै छोडिदिनु ।

ङ) यौनदूर्व्यवहार

- बालबालिकालाई कुनै पनि प्रकारका यौनक्रियाकलापहरू, अश्लील चित्रणमा संलग्न गराउनु ।


बालअधिकारसम्बन्धी महासन्धि, १९८९ को धारा १९ को प्रावधानले सबै बालबालिकालाई कुनै पनि प्रकारको दूर्व्यवहारविरूद्धको अधिकार प्रदान गरेको छ । त्यसैगरी महासन्धिको धारा ३४ ले सबै बालबालिकालाई सबैखाले यौनशोषण र यौनदूर्व्यवहारबाट संरक्षण पाउने अधिकार सुनिश्चित गरेको छ ।

### २.३.२ भेदभाव (Discrimination):

लिङ्ग, जातपात, एचआइभीबाट प्रभावित वा सङ्क्रमित भएको, अपाङ्गता आदिका आधारमा बालबालिकामाथि भेदभाव हुन सक्दछन् । त्यसैगरी बालबालिकामाथि उसका बाबुआमा, अभिभावकको वा परिवारको आर्थिक वा सामाजिक हैसियत, वर्ग, जातजाति, लिङ्ग, भाषा, धर्म, राजनीतिक आस्था वा अन्य विचारहरू, जातीय वा सामाजिक उत्पति, सम्पत्ति, अशक्तता, जन्म वा अन्य हैसियतलगायतका आधारमा समेत भेदभाव हुन्छ । बालबालिकाको हकअधिकारसँग सम्बन्धित राष्ट्रिय कानुन तथा अन्तर्राष्ट्रिय महासन्धिहरूले बालबालिकालाई भेदभावविरूद्धको हक सुनिश्चित गरेको छ । यसको अर्थ बालबालकामाथि कुनै पनि आधारमा भेदभाव गर्न पाइँदैन भन्ने नै हो । त्यस्तै बालक वा बालिकामाथि निजको रूप, शारीरिक वा मानसिक अवस्था, लिङ्ग, रङ्ग वा वर्ण, जाति, धर्म, विचार वा आस्था आदिका आधारमा राज्यका निकाय, सेवाप्रदायक संस्था वा अन्य कुनै संस्था तथा व्यक्तिले कुनै पनि किसिमको भेदभाव गर्नु हुँदैन । तर, कतिपय नेपाली समुदायमा बालबालिकामाथि गर्भमा रहेदेखि, उनीहरूको जन्म र हुर्काइका अवस्थामा, हेरचाह, शिक्षा, स्वास्थ्य र सुरक्षालगायतका पक्षमा विभिन्न आधारमा भएका भेदभावका घटनाहरू देख्नु, सुन्नु परिरहेको छ । यो विडम्बना हो ।

मानवअधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा १ मा "सबै व्यक्ति जन्मजात समान एवम् अधिकारमा स्वतन्त्र र समान छन् । तिनमा कारणवादिता र अन्तःस्करण भएकाले तिनले परस्परमा भातृत्वको भावनाले व्यवहार गर्नुपर्दछ" भन्ने व्यवस्था भएको छ । सोही दस्तावेजको धारा २ मा उल्लेख भएको छ- "जाति, वर्ण, लिङ्ग, भाषा, धर्म, राजनीतिक वा अरु विचार, राष्ट्रियता वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म अथवा अन्य अधिस्थानका आधारमा कुनै पनि भेद नगरी प्रत्येक व्यक्तिलाई यस घोषणापत्रमा

उल्लिखित अधिकार र स्वतन्त्रता प्राप्त हुनेछ । यसका साथै कुनै पनि व्यक्ति रहेको देश अथवा इलाकाको राजनैतिक अधिकार क्षेत्रगत अथवा अन्तर्राष्ट्रिय अधिस्थानका आधारमा कुनै भेद गरिने छैन चाहे ती स्वतन्त्र, संरक्षित, स्वशासनगत अथवा सार्वभौमिकत्वमा अन्य कुनै सीमाङ्कन भएका किन नहोऊन् ।"




अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि, २००६ को धारा २ को परिभाषामा "अपाङ्गताका आधारमा हुने विभेद" बारे भनिएको छः 'अन्य व्यक्तिहरूसरह समान आधारमा राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, नागरिक वा अन्य क्षेत्रहरूमा सम्पूर्ण मानवअधिकार तथा आधारभूत स्वतन्त्रताहरूको स्वीकार्यता, उपभोग वा प्रयोगमा व्यवधान पार्ने वा शुन्यीकरण गर्ने उद्देश्यले वा त्यस्तो प्रभाव भएको अपाङ्गताका आधारमा हुने कुनै पनि विषमता, उपेक्षा वा प्रतिबन्ध सम्झनुपर्छ । सो शब्दले उपयुक्त अनुकुलताको अस्वीकारलगायतका सबै प्रकारका विभेदहरूसमेतलाई जनाउँछ ।'

त्यसैगरी संयुक्त राष्ट्रसंघीय सबै प्रमुख मानवअधिकारसम्बन्धी महासन्धिहरूले भेदभावविरुद्धको अधिकारलाई आधारभूत सिद्धान्तका रूपमा स्वीकार्दै विभिन्न प्रावधानहरूको व्यवस्था गरेका छन् । उदाहरणको लागि बालअधिकारसम्बन्धी महासन्धि, १९८९ को धारा २ ले बालबालिकालाई सबै प्रकारका भेदभावबाट सुरक्षित हुने अधिकार प्रदान गरेको छ । यसको सुनिश्चितताका लागि 'सबै प्रकारका उपयुक्त मादण्डहरू पूरा गर्नु राज्यको दायित्व हुनेछ' भनी तोकिएको छ । सोही महासन्धिको धारा १९ ले 'बालबालिकाप्रति निजको बाबु, आमा, वैधानिक अभिभावक वा अरूको हेरचाहमा रहेको अवस्थामा त्यस्तो व्यक्तिका तर्फबाट हुनसक्ने कुनै पनि प्रकारको शारीरिक वा मानसिक चोट वा दूर्व्यवहार, हेला वा उपेक्षित व्यवहार वा यौनदुराचारलगायतका दूर्व्यवहार तथा शोषणबाट बालबालिकालाई जोगाउन उपयुक्त वैधानिक, प्रशासनिक, सामाजिक वा शैक्षिक उपायहरू अपनाउनेछन्' भन्ने व्यवस्था गरेको छ । त्यसरी नै महासन्धिको धारा २८ (२) मा 'बालबालिकाको मानवीय मर्यादाअनुकूल र यस महासन्धिको प्रावधानबमोजिम विद्यालयमा अनुशासनसम्बन्धी नियम लागु गर्न सबै उपयुक्त कदमहरू चाल्नेछन्' भनी उल्लेख गरिएको छ ।


महिलाविरुद्ध हुने सबै प्रकारका भेदभावको अन्त्यसम्बन्धी महासन्धि, १९७९ मा 'महिलाविरुद्ध हुने भेदभाव' लाई परिभाषित गर्दै भनिएको छ-"...महिलाले राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, नागरिक वा अरु कुनै विषयसम्बन्धी मानवअधिकार तथा स्वतन्त्रतालाई, आफ्नो वैवाहिक स्थिति जेजस्तो रहेको भए तापनि पुरुष र महिलाको समानताका आधारमा उपभोग गर्नमा वा प्रयोग गर्नमा व्यवधान पार्ने वा त्यसको मान्यतालाई नै क्षति वा शून्यीकरण पार्ने उद्देश्य भएको, लिङ्गका आधारमा हुने कुनै पनि भेदभाव वा बहिष्कार वा प्रतिबन्ध सम्झनुपर्दछ ।"

महासन्धिको धारा १० को प्रावधानले 'राष्ट्रपक्षहरूले महिलालाई शिक्षाका क्षेत्रमा पुरुषसरह समान अधिकार प्राप्तिको व्यवस्था सुनिश्चित गर्नका लागि तथा महिलाविरुद्ध हुने भेदभाव उन्मुलन गर्न सबै आवश्यक कदमहरू चाल्नेछन्' भनिएको छ । यसले 'एउटै पाठ्यक्रम, एउटै परीक्षा, एकै स्तरको योग्यताप्राप्त शिक्षक तथा उस्तै प्रकारको विद्यालय भवन तथा उपकरणमा शिक्षा पाउने अवसर (१०ख)' र 'सबै प्रकारका तहको शिक्षामा देखापर्ने गरेको पुरुष र महिलाको भूमिका नै फरक छ भन्ने पुरातनवादी धारणालाई उन्मुलन गर्न तथा यस लक्ष्यप्राप्तिको लागि सहायक हुने सह-शिक्षा तथा अन्य प्रकारका शिक्षणविधिलाई प्रोत्साहन दिने ...(१०ग)' लगायतका व्यवस्था गर्ने दायित्वलाई इङ्गित गरेको छ ।

आदिवासी मानिसहरूको अधिकारसम्बन्धी घोषणापत्र, २००७ को धारा ६ आदिवासी बालबालिकाका हकमा 'भेदभावविरुद्धको आधारभूत सिद्धान्तका आधारमा शैक्षिक, सामाजिक तथा अन्य पक्षहरूमा विशेष संरक्षणको हक राख्दछन्' भनिएको छ ।

### २.३.३ शारीरिक यातना वा हिंसा (Torture and Violence)

**शारीरिक सजाय वा यातना (Torture):** मानवअधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा ५ मा "कसैलाई पनि यातना अथवा निर्दयी, अमानवीय अथवा अपमानजनक व्यवहार अथवा दण्ड भोगाउन पाइनेछैन" भन्ने व्यवस्था भएको छ । नागरिक तथा राजनैतिक अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय अनुबन्ध, १९६६ को दफा ७ मा "कुनै पनि व्यक्तिलाई कुनै क्रूर, निर्दयी, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय भोग्न लगाइनेछैन" भन्ने व्यवस्था भएको पाइन्छ ।



यातना वा अरु क्रूर, अमानवीय वा घृणित व्यवहार वा दण्डविरुद्धको महासन्धि, १९६९ को धारा १ ले यातनालाई देहायअनुसार परिभाषित गरेको छ– "यातना भन्नाले कुनै पनि कार्य जसले कुनै पनि व्यक्तिबाट आफ्नो वा तेस्रो व्यक्तिका बारेमा सूचना वा सहमति पाउने उद्देश्यका साथ उसलाई शारीरिक वा मानसिक पीडा वा भोगाइ नियतपूर्वक दिइने कार्यलाई बुझाउँछ ।" यस परिभाषाले विद्यालयमा दिइने शारीरिक सजाय वा शोषणको सम्भावनालाई पनि बन्देज लगाउँछ । यस महासन्धिको धारा १६ ले ' धारा १ मा गरिएको परिभाषामा यातना ठहर्ने बाहेकका अरु क्रूर, अमानवीय वा अपमानजनक व्यवहार रोक्नुपर्दछ' भन्दछ ।

यसैगरी, बालअधिकारसम्बन्धी महासन्धि, १९८९ को धारा ३७ ले 'कुनै पनि बालबालिकालाई यातना वा क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्ड दिइनु हुँदैन' भनेको छ । र, स्वतन्त्रताबाट वञ्चित प्रत्येक बालबालिकालाई कानुनी वा अन्य उपयुक्त सहयोग पाउने अधिकार साथै कुनै अदालत वा अन्य सक्षम स्वतन्त्र र निष्पक्ष अधिकारीसमक्ष आफ्नो स्वतन्त्रता वञ्चित गर्ने प्रक्रियाको वैधताबारे उजुरी दिने अधिकार र त्यस्तो उजुरीमा तदारुकता साथ निर्णय पाउने अधिकार हुनेछ ।

**हिंसा (Violence):** कुनै पनि व्यक्ति, समूह, समाज, राज्य, धर्म, संस्क्रितिद्वारा व्यक्तिमाथि शारीरिक र मानसिक क्षति पुग्ने गरी गरिएको व्यवहार व्यक्तिविरुद्धको हिंसा हो । घरभित्र अर्थात् आफ्नै परिवारका सदस्यबाट गरिने हिंसा 'घरेलु हिंसा' हो ।

अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि, २००६ ले 'शैक्षिक संस्थाहरूमा अपाङ्गता भएका बालबालिकामाथि हुनसक्ने हिंसा, शोषण र बेवास्तालाई विशिष्ट ध्यान दिइनुपर्दछ', भन्दछ । सोही महासन्धिले 'अपाङ्गता भएका व्यक्तिहरूका हकमा विना कुनै भेदभाव, पूर्ण र प्रभावकारी सहभागिता, भिन्नताको स्वीकार, समान अवसरहरू र पहुँचयोग्य रूपमा व्यक्तिको छनौटलाई सम्मानित, स्वाभिमान र स्वतन्त्रताको सम्मान गर्ने सिद्धान्तमा आधारित भएर गरिनुपर्दछ', भन्दछ ।

आप्रवासी कामदार र उनीहरूको पारिवारिक सदस्यको अधिकारको सुरक्षासम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, २००३ को धारा १६ ले ' आप्रवासी कामदार र उनीहरूको परिवारका सदस्यहरूलाई सरकारी अधिकारी वा आमव्यक्ति, समूह वा संस्थाबाट हुनसक्ने हिंसा, शारीरिक चोटपटक, धम्की र त्रासविरुद्ध राष्ट्रले प्रभावकारी संरक्षण गरिनुपर्दछ' भनी उल्लेख गरिएको छ । धारा ३० को प्रावधानले 'आप्रवासी बालबालिकाले राष्ट्रको नागरिकसँग समानताका आधारमा शिक्षामा पहुँचको आधारभूत अधिकार पाउनेछन्' भनेको छ ।

### २.३.४ शोषण (Exploitation)

वयस्कले आफ्नो स्वार्थ, फाइदा वा नाफाका लागि बालबालिकालाई अनुचित तरिकाले प्रयोग गर्नु वा उपयोग गर्नु अथवा कुनै खास परिस्थितिको फाइदा उठाएर गरिने शोषण नै बालशोषण हो । बालशोषण सामान्यतया नियोजितरूपमा बालबालिकामाथि गरिने आघातपूर्ण व्यवहार वा क्रियाकलाप हो । यसमा पनि शारीरिक शोषण, यौनशोषण, श्रमशोषणलगायतका प्रकार हुन सक्दछन् । महिला र बालबालिकाको अपहरण र बेचबिखन बालशोषणको चरम रूप हो ।

क) **यौनशोषण** (Sexual Exploitation): आर्थिक फाइदा वा नाफाको लागि वा अन्य उद्देश्यका लागि बालबालिकालाई वेश्यावृत्तिमा लगाउने, लगातार उनीहरूलाई यौन क्रियाकलापमा संलग्न गराउनु, यौनशोषणका लागि बालबालिकाको बेचबिखन गर्नु, उनीहरूलाई बन्धक बनाउनु वा अश्लील चित्रणमा बालबालिकाको दुरूपयोग गर्नुसमेत पर्दछन् ।




बालअधिकारसम्बन्धी महासन्धि, १९८९ को धारा ३४ ले वेश्यावृत्ति तथा अश्लील चित्रमा संलग्न गराउनेजस्ता क्रियाकलाप तथा यौनशोषण, यौनदुराचार र यौनदूर्व्यवहारबाट संरक्षण पाउने हरेक बालबालिकाको अधिकार सुनिश्चित गरेको छ । राज्यले बालबालिकालाई यौनशोषणबाट संरक्षण गर्नका लागि उत्तरदायित्व वहन गर्नुपर्दछ । यसका लागि सबै उपयुक्त राष्ट्रिय, द्विपक्षीय र बहुपक्षीय उपायहरू अपनाउनुपर्दछ । महासन्धिको धारा ३५ को प्रावधानले राज्यलाई बालबालिकाको बेचबिखन, सौदाबाजी र अपहरणलाई रोक्न हरेक प्रयास गर्नुपर्ने दायित्व सुम्पेको छ । बालबालिकाको अधिकारसम्बन्धी महासन्धिको बालबालिकाको बेचबिखन, बालवेश्यावृत्ति तथा अश्लील चित्रणमा बालबालिकाको प्रयोगविरुद्धको इच्छाधीन आलेख, २००० ले बालबालिकाको बेचबिखन, बालवेश्यावृत्ति र अश्लील चित्रणलाई बन्देज लगाएको छ । यस इच्छाधीन आलेखले यसका राज्यपक्षहरूलाई आफ्नो भूभागमा यस आलेखका सिद्धान्त तथा प्रावधानहरूलाई कार्यान्वयन गर्नका लागि कानुनको तर्जुमा एवम् मापदण्डहरू तयार गरी लागु गराउनुपर्दछ भन्ने कुरामा जोड दिएको छ ।

महिलाविरूद्ध हुने सबै प्रकारका भेदभावको अन्त्यसम्बन्धी महासन्धि, १९७९ को धारा ६ ले "राज्यपक्षहरूले महिलाको किनबेच तथा महिलाको वेश्यावृत्तिको शोषणलगायत सबै प्रकारका कार्यलाई दमन गर्ने कानुन बनाउन सबै आवश्यक कदमहरू चाल्नेछन्" भनेको छ ।

ख) **आर्थिक शोषण/बालश्रम शोषण** (Economic/Child Labour Exploitation): कानुनले तोकेको भन्दा कम उमेरका बालबालिका आर्थिक उपार्जनका लागि श्रममा संलग्न हुनु/गराउनु वा कानुनले श्रम गर्न छुट दिएको उमेरका बालबालिकालाई निषेधित काममा लगाउनु आर्थिक शोषण वा बालश्रम शोषण हो । बालश्रम शोषण कानुनले स्वीकृत गरेका र कानुनतः बन्देज गरेका दुवै प्रकारका श्रमका क्षेत्रमा हुनसक्दछ । वयस्कहरूले बेरोजगार हुनुपरेको नेपाली समाजमा बालबालिकालाई श्रममा संलग्न गराइएको पाइनुले पनि उनीहरूमाथि श्रमशोषणको मनसाय रहेको प्रष्ट हुन्छ ।

अर्थात् बालबालिकालाई काममा लगाउन सजिलो, काम गरेवापत कम ज्याला दिए पुग्ने र उनीहरूको बाध्यताको आर्थिक लाभ लिन पाइने कुरा प्रमुख रहेको पाइन्छ । कानुनद्वारा तोकिएकोभन्दा कम उमेरका बालबालिकालाई अर्को व्यक्तिको घरमा घरेलु कामधन्दामा संलग्न गराइने कार्यलाई घरेलु बालश्रम भनिन्छ।

आर्थिक शोषण/बालश्रम शोषण : यसअन्तर्गत- क) कानुनले स्वीकृत गरेका उमेरका बालबालिकाको श्रमशोषण गर्नु तथा निषेधित काममा लगाउनु र ख) कानुनले निषेध गरेका उमेरका बालबालिकालाई श्रमिकका रूपमा काममा लगाउनु दुवै अवस्था पर्दछन् । त्यस्तै कानुनले श्रमिकका रूपमा काम गर्न स्वीकृत गरेको अवस्थामा निश्चित उमेरका बालबालिकालाई काममा लगाउने शर्त र प्रक्रियाहरू तय भएका छ र तिनको बर्खिलाप काम गर्नु पनि बालश्रमशोषण हो । आर्थिक लाभ वा गैरकानुनीरूपमा मुनाफा कमाउने हेतुले बालबालिकालाई श्रमिकका रूपमा काममा लगाउनु र उनीहरूलाई नाफा कमाउने साधनका रूपमा दुरूपयोग गर्नु आर्थिक शोषण हो ।

**बालश्रमः निर्धारण गर्ने तत्वहरू**

- बालबालिकाको उमेर
- कामको प्रकृति र अवधि वा समय
- गरिनुपर्ने कामको अवस्था वा वातावरण
- राष्ट्रिय कानुन तथा नीतिनियमहरू
- बालश्रामसम्बन्धी अन्तर्राष्ट्रिय मापदण्डहरू

नेपालमा विद्यमान कानुनअनुसार १४ वर्ष उमेर पुगेका बालबालिकालाई श्रममा लगाउन पाइन्छ तर खासखास क्षेत्रको काम गर्न योग्य हुन १६ वर्ष र १८ वर्ष उमेर पूरा भएको हुनुपर्दछ । बालश्रमले बालबालिकाको स्वास्थ्य, शारीरिक, मानसिक, बौद्धिक, नैतिक तथा सामाजिक विकासमा नकारात्मक प्रभाव पर्ने र उनीहरूको शिक्षा प्राप्त गर्ने अधिकार कुण्ठित हुन्छ । घरेलु बालश्रमिक भएका बालबालिकाले स्वतन्त्रताको उपभोग गर्न पाएका हुँदैनन् । घरेलु बालश्रममा साना उमेरका बालबालिका र प्रायःजसो बालिकाहरू संलग्न गराइएको हुन्छ र उनीहरूलाई रोजगारदाता परिवारले खाना खाने कुरामा समेत भेदभावपूर्ण व्यवहार गर्दछन् । घरेलु बालश्रम दासत्वको आधुनिक रूप हो ।

बालबालिकाले गरेका सबै कार्य बालश्रम होइन । बालश्रम केही पाउन (वा फाइदा) का लागि गरिने कार्यमा मात्र सीमित छैन । घरभित्रका क्रियाकलापहरू भएपनि शोषणयुक्त, जोखिमपूर्ण, बालबालिकाको उमेर अनुपयुक्त वा विकासका लागि हानिकारक कार्यहरू छन् भने पनि बालश्रमअन्तर्गत पर्दछन् । खासगरी बालश्रमले निम्न कार्यलाई जनाउँछः

बालबालिकाका लागि मानसिक, शारीरिक र सामाजिक वा नैतिक रूपमा खतरनाक वा हानिकारक ।

उनीहरू (बालबालिका) को समग्र विकासका लागि उनीहरूको विद्यालय जानलाई अवरोध गर्ने खालका, जस्तै :

- विद्यालयका लागि अवसरबाट वञ्चित गर्नेगरी,
- सधैंका लागि विद्यालय छोड्न बाध्य बनाउनेगरी,
- विद्यालय जानु अघिपछि रातिसम्म काम गर्न र गह्रुँगो काम गर्ने शर्त राखी विद्यालय पठाउनु ।

बालअधिकारसम्बन्धी महासन्धि, १९८९ को धारा ३२ (१) मा 'राज्यपक्षहरूले आर्थिक शोषणबाट र हानिकारक खालको काम गर्नबाट वा बालबालिकाको शिक्षा, स्वास्थ्यमा दखल पुग्ने वा बालबालिकाको स्वास्थ्य वा तिनीहरूका शारीरिक, मानसिक, आध्यात्मिक, नैतिक र सामाजिक विकासमा हानि पुग्ने कुनै पनि कामबाट संरक्षित हुन पाउने बालबालिकाको अधिकारलाई मान्यता दिन्छन्', भन्ने उल्लेख गरिएको छ । नेपालले अनुमोदन गरेका अन्तर्राष्ट्रिय श्रम सङ्गठन (आइएलओ) का बालश्रमसँग सम्बन्धित दुईवटा महासन्धिहरूले श्रमका लागि न्यूनतम उमेर र निक्रिष्ट प्रकारको बालश्रमका बारे स्पष्ट पारेका छन् । रोजगारीमा संलग्न हुन पाउने न्यूनतम उमेरसम्बन्धी महासन्धि, १९७३ (नं.१३८) को धारा २(३) ले रोजगारीमा संलग्न हुन तोकिएको 'न्यूनतम उमेर अनिवार्य शिक्षा पूरा गर्दा पुग्ने उमेरभन्दा कम हुनेछैन साथै कुनै पनि अवस्थामा त्यो १५ वर्षभन्दा कम हुनेछैन' भनेको छ ।

बालश्रमका निक्रिष्ट स्वरूपसम्बन्धी महासन्धि, १९९९ (नं. १८२) को धारा ३ मा "बालश्रमका निक्रिष्ट स्वरूपहरू" लाई

देहायअनुसार व्याख्या गरिएको छः क) दासत्व अथवा दासत्व समान व्यवहारका सबै स्वरूपहरू जस्तैः बालबालिकाको बेचबिखन, ऋण बँधुवा र बाँधा प्रथा, सशस्त्र सङ्घर्षमा बालबालिकाको बलपूर्वक वा अनिवार्य भर्नालयायतका बलपूर्वक वा अनिवार्य श्रम, ख) वेश्यावृत्तिका लागि, अश्लील साहित्य उत्पादनका लागि वा अश्लील प्रदर्शनका लागि बालबालिकाको प्रयोग, प्राप्ति वा अर्पण, ग) गैरकानुनी क्रियाकलापहरू खासगरी सम्बन्धित अन्तर्राष्ट्रिय सन्धिहरूमा परिभाषा गरिए बमोजिमका लागुऔषधिहरूको उत्पादन तथा ओसारपसारमा बालबालिकाको प्रयोग प्राप्ति वा अर्पण, र घ) स्वयंमा वा यसलाई सम्पादन गरिने अवस्थाहरूले गर्दा बालबालिकाको स्वास्थ्य, सुरक्षा वा नैतिकतामा हानि पुऱ्याउन सक्ने कार्य ।

नेपालले आफ्ना यी प्रतिबद्धतालाई कार्यान्वयन गर्न बालबालिकासम्बन्धी ऐन, २०४८, बालबालिकासम्बन्धी नियमावली, २०५१, बालश्रम (निषेध तथा नियमित गर्ने) ऐन, २०५६, सोको नियमावली, २०६२ र बालश्रमसम्बन्धी राष्ट्रिय गुरुयोजना (परिमार्जित सन् २०१०) तय गरी लागु गरेको छ ।

ग) **बेचबिखन र अपहरण (Trafficking and Abduction):** श्रमशोषण तथा यौनशोषणको उद्देश्यले देशभित्र र देशबाहिर बालबालिकाको बेचबिखन र ओसारपसार हुने गरेको पाइन्छ । साना उमेरका बालबालिकालाई सर्कसमा काम लगाउन र कतिपय अवस्थामा शरीरका अङ्ग झिकी अरूहरूमा प्रत्यारोपण गर्नका लागि पनि बेचबिखन र ओसारपसार हुने गरेको पाइन्छ ।



बालबालिकाको अङ्ग तस्करी, श्रमशोषण, यौनशोषण वा यौनव्यापार, वेश्यावृत्ति, आर्थिक कारोबार वा आर्थिक फाइदाको प्रयोजनले गरिने धर्मसन्तान लिने वा दिने समेतका उद्देश्यले बालबालिकालाई एक ठाउँबाट अर्को ठाउँमा लैजाने, देशको सीमाना कटाउने तथा बन्धक बनाउने काम बेचबिखन तथा ओसापसार हो । त्यस्तै, बालबालिकालाई फिरौती वा अन्य लोभमा अपहरण गर्ने र बन्धक बनाउने कार्यसमेत यसअन्तर्गत पर्दछन् ।

महिला र बालबालिकाको बेचबिखनको रोकथाम, दमन र सजाय गर्नेसम्बन्धी संयुक्त राष्ट्रसंघीय आलेख, २००१ ले बेचबिखनलाई यसरी परिभाषित गरेको छ– "धम्की, बल प्रयोग गरेर वा अन्य तरिकाले जबरजस्तीपूर्वक बन्धक बनाएर, जालसाजी गरेर, ढाँटेर, शक्ति वा ओहदाको दुरूपयोग गरी, लोभ देखाएर, पैसा दिएर वा अन्य कुनै फाइदाको आशा देखाएर रोजगारीमा भर्ना गर्ने वा सहमति गराई अर्को व्यक्तिमाथि नियन्त्रण कायम गरी बिक्री गर्ने उद्देश्यका साथ एक ठाउँबाट अर्को ठाउँमा लैजाने, लगेर आश्रय लिने कार्य बेचबिखन हो ।"

मानवबेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा (१) ले "मानवबेचबिखन भन्नाले– क) कुनै पनि उद्देश्यले मानिस बेच्ने वा किन्ने, ख) कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने, ग) प्रचलित कानुनबमोजिम बाहेक मानिसका शारीरिक अङ्ग झिक्ने, घ) वेश्यागमन गर्ने कार्यलाई बुझाउँछ" भनेर परिभाषित गरेको छ । त्यस्तै ऐनको दफा ४ (२) मा "मानवओसारपसार भन्नाले– क) किन्ने वा बेच्ने उद्देश्यले मानिसलाई विदेशमा लैजाने, ख) वेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने उद्देश्यले शारीरिक वा मानसिकरूपमा दबाव वा प्रलोभनमा पारी कसैलाई बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाई लग्ने वा आफूसँग राख्ने वा आफ्नो नियन्त्रणमा लिने वा कुनै स्थानमा राख्ने, वेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने उद्देश्यले मन्जूरीविना नेपालभित्रको कुनै ठाउँबाट अर्को ठाउँमा वा विदेशमा लैजाने वा अरु कसैलाई दिने कार्यलाई जनाउँछ" भनेर परिभाषा गरिएको छ ।

मुलुकी ऐन २०२० को (१२ औँ संशोधन) भाग ४ को महल ८ क अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको दफा नं. १ अनुसार "कसैले कुनै व्यक्तिलाई बल प्रयोग गरी वा प्रयोग गर्ने धम्की दिई, डर त्रास देखाई, जोरजुलुम गरी, हातहितयार देखाई, छलकपट गरी, झुक्यानमा पारी वा नशालु वा मादक पदार्थ सेवन गराई वा कुनै यातायातको साधन कुनै किसिमले कब्जा वा नियन्त्रणमा लिई कुनै ठाउँमा जान बाध्य गराउन वा कुनै व्यक्तिलाई निजको मन्जूरी विना वा नाबालक र मानसिकरूपमा अस्वस्थ व्यक्तिलाई निजको हितका निमित्त निजको बाबु, आमा वा संरक्षकको मञ्जुरीबाहेक कुनै ठाउँमा लैजान हुँदैन र त्यसो गरे अपहरण गरेको मानिनेछ" भनिएको छ ।

बालअधिकारसम्बन्धी महासन्धि, १९८९ ले धारा ३५ मा कुनै पनि उद्देश्यले वा कुनै पनि रूपमा बालबालिकाको अपहरण, बेचबिखन वा ओसारपसारको रोकथामका लागि उपयुक्त कदम चाल्नका निमित्त राज्यपक्षहरूलाई प्रतिबद्ध भएर लाग्न आग्रह गरिएको छ । त्यस्तै महासन्धिको धारा २० को प्रावधानअनुसार पारिवारिक वातावरणबाट वञ्चित भएका बालबालिकाको संरक्षण र सहयोगका लागि राज्यपक्षहरू प्रतिबद्ध हुनुपर्दछ, भनिएको छ ।

### २.३.५ परम्परागत हानिकारक अभ्यासहरू (Traditional Harmful Practices)

'परम्परागत हानिकारक अभ्यास' भन्नाले बालबालिकाको हकअधिकारको परिपालनामा गम्भीर नकारात्मक असर पार्ने खालका कार्य तथा व्यवहार हुन् जुन कुनै समाज, समुदाय वा धर्म-संस्कृतिमा परम्परादेखि चल्दै आएका हुन्छन् । परम्परागत हानिकारक अभ्यासहरूले बालबालिकाको स्वास्थ्य, शिक्षा, जीवन बचावट र विकासमा नकारात्मकरूपमा असर पार्ने र कतिपय अवस्थामा हिंस्रक व्यवहारका कारण शरीरमा चोटपटक लाग्ने वा मृत्युसमेत हुनसक्ने हुन्छ ।



नेपालका सन्दर्भमा बालविवाह, छाउपडी प्रथा, झुमा प्रथा र मुस्लिम समुदायमा बालक तथा बालिकाको यौनअङ्ग छेदन (Circumcision or Genital Mutilation) लाई 'परम्परागत हानिकारक अभ्यास' का रूपमा लिइएको छ (क) बालविवाह- धर्म, संस्कृति वा अन्य कुनै पनि नाममा कानुनले तोकेको भन्दा कम उमेरमा गरिने विवाह, ख) छाउपडी प्रथा र महिनावारीसँग सम्बन्धित महिला तथा बालिकामाथि हुने सबै खालका विभेदहरू, ग) झुमा प्रथा-बौद्ध सम्प्रदायमा परिवारको माहिली छोरीले अनिवार्यरूपमा आनी भएर बौद्ध गुम्बामा बस्नुपर्ने चलन, र घ) यौनअङ्ग छेदन गर्ने कार्य- इस्लाम धर्म मान्ने समुदायका बालबालिकाको सन्दर्भमा प्रचलित अभ्यासलाई लिन सकिन्छ ।

यी परम्परागत हानिकारक अभ्यासहरूले बालबालिकाको स्वाभाविक बालापन उनीहरूबाट खोस्दछ र उनीहरूको शिक्षा, स्वास्थ्यलगायत संरक्षण, विकास र सहभागिताको अधिकारको परिपालनामा गम्भीर आघात पुऱ्याउँदछ । त्यसैले त्यो बालबालिकाको अधिकारको हनन हो । यौनअङ्ग छेदन कार्यलाई लैङ्गिकरूपमा गरिने हिंसा पनि मानिन्छ, यसले स्वास्थ्यसम्बन्धी जटिलताहरू जन्माउन सक्दछ र कतिपय अवस्थामा बालिकाहरूको मृत्युसमेत भएका घटना घटेका पाइन्छन् ।

बालअधिकार तथा महिलाअधिकारलाई परिभाषित गर्ने अन्तर्राष्ट्रिय महासन्धिहरूमा पनि परम्परागत हानिकारक अभ्यासहरूको बारेमा स्पष्ट परिभाषा गरिएको पाइँदैन । तथापि बालअधिकारसम्बन्धी महासन्धि, १९८९ को धारा २४(३) मा बालबालिकाको स्वास्थ्यको सम्बन्धमा- "राज्यपक्षहरूले बालबालिकाको स्वास्थ्यलाई हानि पुऱ्याउने खालको परम्परागत उपचारलाई निर्मूल गर्ने उद्देश्यले सम्पूर्ण प्रभावशाली कदमहरू चाल्नेछन्" भनिएको छ ।

नेपालका कानुन तथा कार्यविधिहरूले यी अभ्यासहरूलाई गैरकानुनी घोषित गर्नुका साथसाथै तिनलाई निराकरण गर्नको लागि विभिन्न

खालका कार्यक्रमहरू सञ्चालन गरिएका छन्, तापनि यी अभ्यासहरूले कुनै न कुनै रूपमा निरन्तरता पाइरहेका छन् ।

### २.३.६ वेवास्ता वा हेलचेक्र्याइँ (Neglect)

बालबालिकाको हेरचाह र पालनपोषणमा बाबुआमा, अभिभावक वा हेरचाहकर्ताका तर्फबाट जानीबुझीकन वा अज्ञानतावश भूल हुन जानु तथा त्यसले बालबालिकाको जीवनमा तत्कालै वा दीर्घकालमा समेत समस्याहरू आउनसक्ने अवस्था बेवास्ता/उपेक्षा वा हेलचेक्र्याइँ हो । उदाहरणका लागि समयमा नै बालबालिकालाई खोपहरू नलगाउनु, बालबालिकालाई उमेर र विकासका चरणअनुसार उचित किसिमबाट स्याहारसुसार नगरिनु आदिलाई लिन सकिन्छ । त्यस्तै बालबालिकाबाट हुनसक्ने सम्भावित जोखिमपूर्ण, गैरकानुनी वा गलत कार्य गर्नबाट उनीहरूलाई नरोक्नु वा नजोगाउनु र यस्ता कार्यबारे पूर्वसचेत गर्ने खालको उचित मार्गदर्शन नदिनु पनि बेवास्ता/उपेक्षा वा हेलचेक्र्याइँ हो । बालबालिकालाई जोगाउन सम्भावित जोखिमलाई आँकलन गरेर सर्तकतापूर्ण कार्य नगर्नु वा त्यसमा होस् नपुऱ्याइएको अवस्थासमेत बेवास्ता/उपेक्षा वा हेलचेक्र्याइँ हो ।

त्यसैगरी बालबालिकालाई लगाताररूपमा वा गम्भीर किसिमले ठण्डी, भोकमरी वा अन्य कुनै खतराको सम्मुख बेवास्तापूर्वक छोड्नु तथा हेरचाहको महत्वपूर्ण पक्षमा गम्भीर त्रुटी हुनुको परिणामस्वरूप उसको स्वास्थ्य तथा विकासमा सोचनीय समस्या आउनुलाई वेवास्ता वा हेलचेक्र्याइँ मान्न सकिन्छ । हेलचेक्र्याइँ सुनियोजित वा अन्य किसिमको पनि हुनसक्छ । यो बालसंरक्षणको एक गम्भीर चुनौती हो । उदाहरणका लागि मायास्नेह, शिक्षा, पोषण र हेरचाह पाउने अधिकारबाट वञ्चित भई कैयौ बालबालिका भोकमरीमा परेका, सडक र गल्लीमा अलपत्र परेका, मगन्ते भएका, परित्यक्त र उपेक्षित अवस्थामा रहेका पाइन्छन् ।



बालअधिकारसम्बन्धी महासन्धि, १९८९ को धारा ५ मा "...बालबालिकाको अधिकारको प्रयोगको सिलसिलामा निजहरूको उदयोन्मुख व्यक्तिगत क्षमतासँग मेल खाने किसिमबाट उपयुक्त निर्देशन र मार्गदर्शन प्रदान गर्न बाबु, आमा वा स्थानीय परम्पराले दिएअनुसार समुदायका वैधानिक अभिभावक वा बालबालिकाको निम्ति कानुनीरूपमा जिम्मेवार अन्य व्यक्तिहरूको उत्तरदायित्व, अधिकार तथा कर्तव्य..." लाई राज्यपक्षहरूले मान्यता दिनेछन् भनिएको छ । महासन्धिको धारा १८ को व्यवस्थाले 'आफ्ना बालबालिकाको लालनपालनका लागि बाबुआमा दुवैको संयुक्त दायित्व हुन्छ । बाबुआमा वा अभिभावकले सधैँ बालबालिकाको उचित के हुन्छ भन्ने सोच्नुपर्दछ' भन्ने कुरामा जोड दिएको छ । त्यसैगरी महिलाविरुद्ध हुने सबैप्रकारका भेदभावको अन्त्यसम्बन्धी महासन्धि, १९७९ को धारा ५(ख) ले "बालबालिकाको हितलाई जुनसुकै हालतमा पनि सर्वोपरि ध्यान दिइनेछ भन्ने कुरालाई मध्यनजर राख्दै... आफ्ना बालबालिकाको पालनपोषण एवम् विकासमा पुरुष तथा महिलाको समान जिम्मेवारी रहेको हुन्छ ..." भन्दछ ।

उल्लिखित प्रावधानहरूको मर्मअनुसार बालबालिकाको उचित लालनपालन, हेरचाह आदि हुन नसकेको अवस्थामा बालबालिका संरक्षणको जोखिममा पर्न सक्दछन् । त्यस्तै बालबालिका बाबु, आमा वा परिवारविहीन हुन पुगेको कारणबाट पनि उनीहरू बेवास्ता वा हेलचेक्राइँको अवस्थामा पर्न सक्दछन् । तथापि, कल्याणकारी राज्यको अवधारणाअनुसार बाबु, आमा वा परिवारविहीन अवस्थामा उनीहरूको स्याहारसुसार वा पालनपोषणको दायित्व राज्यले लिनुपर्दछ ।

***

# ९. बालसंरक्षण पद्धति



**१ घण्टा ३० मिनेट**

### ९.१ सत्रको परिचय :

बालबालिकाको संरक्षणका लागि स्थानीय, जिल्ला र राष्ट्रियतहमा विभिन्न संयन्त्र वा संरचनाहरू क्रियाशील रहेका हुन्छन् । यस्ता संरचनाहरू औपचारिक वा स्थायी प्रकृतिका र अनौपचारिक वा अस्थायी प्रकृतिका दुवै हुने गर्दछन् । राज्य वा सरकारले निर्माण गरी राष्ट्रिय, जिल्ला र स्थानीयतहमा रहेका सरकारद्वारा निर्दिष्ट संरचनाहरू औपचारिक संयन्त्र वा पद्धति हुन् । त्यसैगरी गैरसरकारी वा नागरिक समाजको सक्रियतामा स्थानीयस्तरमा स्थापना भई क्रियाशील संरचनाहरू अनौपचारिक संयन्त्रहरू हुन् । स्थानीय समुदायले स्वतःस्फूर्तरूपमा स्थापना गरेका संरचनाहरू भने स्वालम्बी-समूहहरू हुन्, तिनीहरू दिगो प्रकृतिका हुन्छन् । यसै सन्दर्भमा बालसंरक्षण पद्धतिको अवधारणाबारे र संरचनाहरूबारे छलफल गर्ने उद्देश्यले प्रस्तुत सत्र तयार गरिएको हो ।

### ९.२ अपेक्षित उपलब्धि :

यस सत्रको अन्त्यमा सहभागीहरूले,

- बालसंरक्षण पद्धति के हो भन्न सक्नेछन् ।
- समुदायतहमा बालसंरक्षण पद्धति किन आवश्यक छ भन्ने बारे छलफल गर्न सक्नेछन् ।
- समुदायतहमा रहेका बालसंरक्षण संरचनाहरूबारे बताउन सक्नेछन् ।

### ९.३ सत्र सञ्चालनका लागि आवश्यक सामग्री :

न्यूजप्रिन्ट पेपर, मार्कर, विभिन्न रङ्का मेटाकार्ड, गम र मास्किङ् टेप, आदि ।

### ९.४ सत्रको तयारी :

- सत्र सञ्चालन गर्नको लागि दिइएको विभिन्न रेखाचित्रहरूलाई न्यूजप्रिन्टपेपरमा उतार्नुहोस् । र, विभिन्न तहमा क्रियाशील बालसंरक्षण संरचनहरूबारे बढीभन्दा बढी जानकारी हासिल गर्नुहोस् ।

### ९.५ सत्र सञ्चालन गर्ने प्रक्रिया :

- सुरुमा, प्रस्तुत सत्रमा छलफल गरिने शीर्षकहरू वा क्रियाकलापबारे संक्षिप्त जानकारी दिनुहोस् र देहायका क्रियाकलापहरूसहित छलफल अगाडि बढाउनुहोस् ।

### क्रियाकलाप १: बालसंरक्षण पद्धति (३० मिनेट)

- सत्रको विषयवस्तुमा पस्नुअघि सहभागीहरूसँग 'पद्धति' भनेको के हो भनी छलफल गर्नुहोस् ।

## पद्धति (वा सिस्टम)


- सामान्यरूपमा बुझ्दा पद्धति (प्रणाली) वा सिस्टम भनेको कुनै निश्चित उद्देश्यका लागि विभिन्न अङ्ग वा संरचनाहरूको सामुहिक कार्य हो । यसमा भिन्नभिन्न अङ्ग वा संरचनाहरूका भिन्नभिन्न जिम्मेवारी हुने गर्दछन् वा कार्यप्रकृति फरकफरक हुने गर्दछन् । तर, ती सबैले एउटा निश्चित उद्देश्य प्राप्तिका लागि काम गर्दछन् ।

- उदाहरणका लागि हामीले खाना खाँदा हातले मुखमा खाना पुऱ्याउँदछौं मुखले चपाउँदछौ र निल्दछौं । पेटमा भएको आमासय र आन्द्राहरूले विभिन्न पाचन रस निकालेर पचाउने कार्य गर्दछ । त्यसपछि काम नलाग्ने वा अपच तत्वहरू मलद्धारबाट बाहिर निस्कन्छ । यसमा पाचन प्रणाली (वा सिस्टम)ले काम गरेको हुन्छ ।

- यस्तै, अस्पतालको दृष्टान्त पनि लिन सकिन्छ । कुनै पनि व्यक्ति विरामी (अस्वस्थ) भएपछि अस्पताल जाने गर्दछन् । अस्पताल पुगेपछि, त्यहाँ उसले के के गर्नुपर्दछ ? अस्पतालका डाक्टर, नर्स वा कर्मचारीहरूले के के गर्दछन् ? अस्पतालमा के के सेवाहरू उपलब्ध छन् ? उसलाई उक्त अस्पतालमा उपलब्ध नभएको सेवाको आवश्यकता भएको खण्डमा के हुन्छ वा के गरिन्छ ? विशेषज्ञ सेवा चाहिएमा नि? अस्पतालका सेवा प्रदायक (डाक्टर, नर्स, प्राविधिक, कर्मचारी तथा प्रशासक) हरूले के के जिम्मेवारी लिन्छन् ? विरामी स्वयं र उनको परिवारका सदस्यले के के जिम्मेवारी लिनुपर्दछ ? उनको अनुगमन र फलोअप के कसरी गरिन्छ ? कुन अवस्थामा विरामीलाई डिस्चार्ज गरिन्छ ? उक्त विरामीको रेकर्डलाई अस्पतालले के कसरी व्यवस्थापन गर्दछ ? यी सवै प्रश्नहरूको जवाफ भनेको नै अस्पतालको पद्धति (वा सिस्टम) हो ।
- उपर्युक्त छलफलका क्रममा सहभागीबाट आएका सबै विचारहरूलाई गम्भीरतापूर्वक ध्यान दिनुहोस् किनकि त्यसले पछिको छलफललाई सहयोग गर्दछ ।
- 'यस्तै, बालबालिकाको संरक्षणको सवालमा पनि बालसंरक्षण पद्धतिको आवश्यकता हुन्छ' भनी सहभागीलाई त्यसबारे महसुस गर्न सघाउनुहोस् । देहायका बुँदाका आधारमा बालसंरक्षण पद्धतिसम्बन्धी छलफललाई अघि बढाउनुहोस् ।

## बालसंरक्षण पद्धति

- अस्पतालको सबै कार्यहरू गर्नको लागि एक पद्धति वा सिस्टम स्थापित भएको हुन्छ र तिनीहरू स्वभावत क्रियाशील रहेका हुन्छन् । अस्पतालमा जाने अधिकांश बिरामीको एक मात्र ध्येय भनेको चाँडै निको हुनु हो । रोगबाट छुटकारा पाउनु हो ।
- त्यसरी नै बालसंरक्षणको सवालमा जोखिममा रहेका वा प्रभावित/पीडित बालक वा बालिकाको उद्धार र पुर्नस्थापनाका लागि एउटा पद्धति वा सिस्टमको आवश्यकता हुन्छ ।
- माथि नै छलफल गरिसकियो कि राज्यले कानुन, नीति वा कार्यविधि बनाएर निश्चित उद्देश्य पूरा गर्न कर्तव्य र अख्तियारी तोकेर स्थापना गरेका पद्धति एवम् संयन्त्र औपचारिक पद्धति वा संयन्त्र हो भने गैरसरकारी संघसंस्था वा राज्यभन्दा बाहेकका व्यक्ति वा संस्था वा नागरिक समाजलगायतले स्थापना गरेका संरचनाहरू अनौपचारिक संरचना हुन् ।
- बालसंरक्षणका पद्धतिअन्तर्गत खासगरी- क) कानुन, नीतिनियम र कार्यविधि तथा रणनीतिहरू, ख) विभिन्न तहमा कार्य गर्ने गरी स्थापना भएका बालसंरक्षणसम्बन्धी संरचनाहरू, ग) सामाजिक कल्याण सेवा, शिक्षा, स्वास्थ्य, सुरक्षा, न्याय र सामुदायिक सेवाहरूको व्यवस्था (सेवा प्रदायकको जिम्मेवारी किटान) र सुदृढीकरण, घ) बालसंरक्षणका जोखिमको रोकथाम र घटना घटेमा त्यसको व्यवस्थापनसम्बन्धी स्पष्ट रणनीति, ङ) बालसंरक्षणका विभिन्न संयन्त्रहरू (सरकारी र गैरसरकारी) को स्पष्ट कार्यविभाजन र प्रतिबद्धता, र च) मूल्याङ्कन तथा अनुगमनसमेत समावेश भएका हुन्छन् । तलको रेखाचित्रमा बालसंरक्षण पद्धतिका तत्वहरूलाई देखाइएको छ :




- बालसंरक्षण पद्धति एवम् संयन्त्रले– क) बालबालिका र वयस्कहरूको शिक्षा, चेतना अभिवृद्धि र सशक्तीकरण, ख) बृहत् सामाजिक परिचालन, र ग) बालसंरक्षण संरचनाहरूको क्षमता अभिवृद्धि तथा उनीहरूको उत्तरदायित्व बढाउने लगायतका रणनीतिक कार्यहरूले सहयोग पुऱ्याउँदछ ।
- यसर्थ औपचारिक र अनौपचारिक दुवै प्रकृतिका बालसंरक्षणसम्बन्धी संरचनाहरूले माथिका कार्यहरूमा एकाअर्काको परिपूरकको रूपमा कार्य गर्न सक्दछन् ।
- यस छलफलको क्रममा सक्रियतापूर्वक सहभागी भएकोमा सबैलाई धन्यवाद दिनुहोस् ।

### क्रियाकलाप २: बालसंरक्षण पद्धति किन आवश्यक छ ? (२० मिनेट)

- सहभागीको सङ्ख्या बराबर विभिन्न चार वा पाँच रङ्को मेटाकार्डको चपातीहरूलाई एकठाउँ मिसमास पारी प्रत्येक सहभागीलाई एकएक वटा चपाती टिप्न लगाउनुहोस् ।
- सबैले चपाती लिइसकेपछि एकै रङ्का चपाती पर्ने सहभागीहरू एक ठाउँमा जम्मा हुन भन्नुहोस् र त्यसबाट समूह निर्माण गर्नुहोस् ।
- अब, सबै समूहलाई देहायको कार्य समूहमा छलफल गरी न्यूजप्रिन्ट पेपरमा लेख्न लगाउनुहोस् ।
    - हाम्रो समुदायमा विद्यमान बालसंरक्षणका सवाल (मुद्दा)हरू के के छन् ?

- समूह-कार्यको प्रस्तुतिपछि बालसंरक्षण पद्धतिको आवश्यकताबारे देहायको प्रस्तुति र छलफललाई अगाडि बढाउनुहोस् ।

**प्रणालि पद्धति किन?**

- बालसंरक्षणका सन्दर्भमा उपचारात्मक उपायभन्दा पनि रोकथाममूलक उपाय प्रभावकारी हुने भएकाले वृहत्तर सरोकारवाला निकाय, संघसंस्था तथा व्यक्तिहरूको संलग्नता आवश्यक हुन्छ ।
- एउटै बालक वा बालिका पनि धेरै प्रकारका हानिबाट प्रभावित भएका हुन सक्दछन् । एउटै प्रकृतिको घटनाबाट पनि प्रत्येक बालक वा बालिकापिच्छे फरकफरक असर गर्ने भएकाले सोहीअनुरूप उनीहरूलाई सहयोग आवश्यक पर्दछ । र, एकप्रकारको जोखिममा परेको बालक वा बालिकालाई उद्धार, पुर्नस्थापना र सहयोगका लागि धेरै प्रकारका निकाय तथा संघसंस्थाहरूको संलग्नता आवश्यक हुन्छ ।
- एक खालको हानिबाट प्रभावित बालक वा बालिकामा अर्को हानि हुनसक्ने जोखिम सधैं रहिरन्छ । यसर्थ, उनीहरूका लागि नियमित र आवश्यक परेकै समयमा सहयोग गर्नुपर्ने हुन्छ ।
- कुनै पनि विषय वा मुद्दा केन्द्रित कार्यक्रमले प्रभावकारी ढङ्गबाट बालबालिकाको संरक्षणमा सहयोग नपुग्ने भएकाले बालबालिकामाथि आइपर्ने हरेक हानिको एकैखाले सम्बोधन गरिनुपर्दछ । सवाल, विषयमा केन्द्रित कार्यक्रमहरूले समस्याको मूल कारणमा नभई परिणामलाई मात्र सम्बोधन गर्दछ ।
- प्रायः रोकथामको अभावको कारणबाट घटनामा कमी ल्याउने गरी दीर्घकालीन प्रभाव पर्ने गरी कार्य गर्न सकिंदैन । त्यो बहुक्षेत्रगत पनि हुँदैन, खण्डिकृत हुन्छ र समानान्तर पहललाई दोहोऱ्याउने प्रसय बढी हुने खालको हुन्छ । त्यसले साधनस्रोतको दुरूपयोग हुने र दिर्घकालीन योजनामा नभई अल्पकालीन परियोजनामा आधारित हुने हुन्छ ।
- बालसंरक्षण प्रणालीमा बृहत् सरोकारवालाको संलग्नता र कुनै पनि समस्याको मूल कारणहरूको सम्बोधन गर्ने बहुक्षेत्रगत, विषयगत, औपचारिक र अनौपचारिक प्रक्रिया एवम् संघसंस्थाहरूको सक्रिय सहभागिता, दिर्घकालीन प्रभाव पुग्नेगरी योजना निर्माण र कार्यान्वयन, उद्देश्यअनुरूपको कार्यहरूको दिगोपना, सेवाहरूको गुणस्तर निर्धारण, न्यून लागत एवम् यसको प्रभावकारिता लगायतका पक्षहरूको संयोजन भएको हुन्छ ।


- यस छलफलमा सक्रियतापूर्वक सहभागी भएकोमा सबैलाई धन्यवाद दिनुहोस् ।

## क्रियाकलाप ३ः बालसंरक्षणसम्बन्धी दायित्वको चक्र र रोकथाममूलक तयारी (३० मिनेट)


(कुनै रमाइलो चुटकिला सुनाएर वा सहभागीहरूलाई एक छिन ब्रेक दिइसकेपछि)

- बालबालिकाको संरक्षण वा बालअधिकार सुनिश्चित गर्न विभिन्न निकाय वा संरचनाहरूको भिन्नभिन्न दायित्व रहने गर्दछ भन्दै देहायको जानकारीका आधारमा छलफल अघि बढाउनुहोस् ।

**बालसंरक्षणसम्बन्धी दायित्वको चक्र**



- बालसंरक्षण सवालमा कार्य गर्दा प्राथमिक दायित्व र द्वितीय दायित्वको भूमिका पहिचान गर्नु वा केलाउनु आवश्यक छ । यसले विभिन्नतहमा रहेका समूह वा संरचनाहरूको भिन्नभिन्न भूमिका रहने गर्दछ ।
- बालबालिकालाई सुखद् बाल्यकाल दिएर सार्थक वयस्क जीवनको आधार खडा गरिदिनु परिवार, समुदाय र राज्यको दायित्व हो ।
- बालबालिकाको संरक्षणका लागि विभिन्न समूह वा निकायहरूको दायित्वको तह निम्नानुसार हुने गर्दछ :
- परिवारले बालबालिका हुर्कन एक स्वाभाविक वा प्राक्रितिक वातावरण प्रदान गर्दछ । परिवारले बालबालिकाका– क) भौतिक




आवश्यकताहरू, ख) मनोवैज्ञानिक वा संवेगात्मक आवश्यकताहरू, र ग) सामाजिक आवश्यकताहरू पूरा गरिरहेको हुन्छ । यो परिवारको प्राथमिक (मुख्य) जिम्मेवारी हो ।
- परिवारपछि समुदाय बालबालिकाको नजिकमा रहने संरचना हो । समुदायमा बालबालिकाको अधिकार परिपालनाका लागि कार्य गर्ने व्यक्ति र समूहहरूका साथसाथै अधिकार हनन गर्न उद्यत व्यक्ति वा समूह पनि रहेका हुन्छन् । बालसंरक्षणका सन्दर्भमा कुनै पनि समुदायमा आफ्नै परम्परागत अभ्यास, पद्धति तथा संयन्त्रहरू विद्यमान रहेका हुन्छन् ।
- स्थानीय तथा जिल्लास्तरका निकाय तथा बालकेन्द्रित संघसंस्था अनि केन्द्रीयतहका संरचनाहरूको बालसंरक्षणमा महत्वपूर्ण भूमिका हुन्छ । यी निकायहरूले– क) नीतिनियम लागु गरेर, ख) कार्यविधि वा प्रक्रियाहरू तय गरेर, ग) अधिकार प्रवर्द्धनका लागि तथा सेवा प्रदान गर्ने कार्यक्रमहरू निर्धारण गरेर, र घ) बालअधिकारको नियमित अनुगमन गरेर बालसंरक्षणमा योगदान दिन सक्दछन् । यसरी नै केन्द्रीय सरकार र अन्तर्राष्ट्रिय समुदाय पनि बालबालिकाको अधिकारका लागि जिम्मेवार छन् ।
- यस पछि बालसंरक्षणको सवालमा रोकथाममूलक वातावरणको तयारी हुन्छ भन्दै देहायको जानकारीका आधारमा छलफल गर्नुहोस् ।

### बालसंरक्षणका लागि रोकथाममूलक वातावरण तयारी

- बालबालिकाको अधिकार सुनिश्चित गर्नका लागि राज्यले उपयुक्त कानुन, नीति र कार्यविधिहरू आवश्यक पर्दछन् । त्यस्तै राज्यले शिक्षा, स्वास्थ्य, पारिवारिक स्याहार, सामाजिक कल्याण तथा बालन्यायलगायत क्षेत्रमा रणनीतिक योजनाका साथ कार्य गर्नुपर्ने हुन्छ ।

- बालबालिकामाथि हुनसक्ने हानिबाट जोगाउन तथा बालसंरक्षण सुनिश्चित गर्न- क) बालबालिकाका आधारभूत आवश्यकताको परिपूर्ति, ख) बालबालिका तथा परिवारको सशक्तीकरण, ग) समुदायको बालसंरक्षणबारे सतर्कता, घ) विशिष्टीकृत सेवाको व्यवस्था (र, सेवा प्रदायकको क्षमता अभिवृद्धि), र ङ) कानुनी तथा प्रशासनिक निकायहरूको सबलीकरणलगायतका पक्षमा काम गर्नु आवश्यक हुन्छ ।
- साथै, बालबालिकाको सशक्तीकरण गरी आफूमाथि आइपर्न सक्ने सबै खालका शोषण, दूर्व्यवहारविरूद्ध प्रतिकार गर्न सक्नेगरी सक्षम बनाउनुपर्दछ ।
- बालबालिकाका अधिकार परिपूर्तिका लागि काम गर्दा खासगरी- क) बालबालिकाको सशक्तीकरण, ख) बालबालिकाको अधिकार परिपालनामा जिम्मेवार व्यक्ति तथा निकायको क्षमता अभिवृद्धि र ग) परिवार, समुदाय एवम् जिम्मेवारी वहन गर्ने अधिकारीको बालअधिकारबारे चेतना अभिवृद्धि गरिनुपर्दछ ।
- बालअधिकार हनन भएका घटनाको उजुरी लिने, आवश्यक सूचना, जानकारीको सङ्कलन गर्ने, आवश्यकताअनुसार घटनाको छानबिन गर्ने, बालबालिकाको संरक्षणका लागि तत्काल काम गर्ने, सेवा प्रदायकहरूसँग समन्वय गर्ने र सुझाव तथा सिफारिस गर्ने (Referral) लगायतका काम गर्नेगरी संस्थागत संरचना हुनुपर्दछ ।
- त्यसैगरी बालसंरक्षणका लागि बालबालिका स्वयं तथा परिवार र समुदायको सहज पहुँचमा रहने गरी बालसंरक्षणसम्बन्धी संस्थागत पद्धति एवम् संरचना हुनु आवश्यक हुन्छ ।
- बालसंरक्षणमा काम गर्ने संस्था वा निकायले आफ्नो संस्थागत क्षमता बढाएर आफूलाई तयारी अवस्थामा राख्नु पनि आवश्यक पूर्वशर्त हो ।

## क्रियाकलाप ३ः सत्रको मूल्याङ्कन र सारसंक्षेप (१० मिनेट)

- अन्त्यमा सहभागितामूलक विधिबाट सत्रको मूल्याङ्कन गर्नुहोस् ।

मूल्याङ्कनका लागि सहभागीलाई सोध्न सकिने प्रश्नहरू

- बालसंरक्षण पद्धति भनेको के हो ? यो किन आवश्यक छ ?
- बालसंरक्षण पद्धतिका लागि केकस्ता तत्वहरू हुनु आवश्यक छ ?
- बालबालिकाको संरक्षणका लागि सबभन्दा बढी को जिम्मेवार हुने गर्दछ ?
- बालसंरक्षणको लागि रोकथाममूलक तयारीका लागि के-के गरिनुपर्दछ ? आदि ।

- छलफलमा सक्रियतापूर्वक सहभागी भएकोमा धन्यवाद सबैलाई दिंदै सत्रको अन्त्य गर्नुहोस् ।

***

# अध्ययन सामग्री-३

## ३.१ बालसंरक्षण र संरक्षण पद्धति

बालसंरक्षणका लागि उपयुक्त पद्धति एवम् संयन्त्र आवश्यक पर्दछ । बालसंरक्षणसम्बन्धी पद्धति एवम् संयन्त्रहरू राज्यबाट र नागरिक समाज वा संघसंस्थाका तर्फबाट तर्जुमा गरिएका हुन सक्दछन् । युनिसेफका अनुसार बालसंरक्षण संयन्त्र भन्नाले "सामाजिक क्षेत्रमा कानुन, नीति, नियम र सेवाहरूको आवश्यकता पर्ने-विशेषगरी सामाजिक कल्याण, सुरक्षा र न्याय, शिक्षा र स्वास्थ्यजस्ता संरक्षणसँग सम्बन्धित जोखिमहरूबाट रोकथामका लागि मद्दत पुऱ्याउने" औपचारिक तथा अनौपचारिक क्षेत्रसमेतलाई बुझाउँदछ । ("A set of laws, policies, regulations and services, needed across all social sectors – especially social welfare, security and justice, education and health – to support prevention and response to protection-related risks", including formal (government) and informal (civil society) sectors")

राज्यले कानुन, नीति वा कार्यविधि बनाएर निश्चित उद्देश्य पूरा गर्न कर्तव्य र अख्तियारी तोकेर स्थापना गरेका पद्धति एवम् संयन्त्रलाई औपचारिक पद्धति वा संयन्त्रका रूपमा बुझ्न सकिन्छ । यी स्थायी प्रकृतिका हुन्छन् र यिनले राज्यका तर्फबाट बालसंरक्षणसम्बन्धी विषयमा उत्तरदायित्व वहन गर्दछन् । समाज सेवा, मानवअधिकारको परिपालना वा मानवकल्याणमा कार्य गरिरहेका नागरिक समाज वा संघसंस्थाका सक्रियातामा स्थापना भई बालसंरक्षणसम्बन्धी कार्य गर्ने संरचनाहरूलाई अनौपचारिक पद्धति एवम् संयन्त्रका रूपमा बुझ्न सकिन्छ । त्यस्ता पद्धति वा संरचनाहरू राज्यको कानुन वा नियमद्वारा निर्देशित नगरिएका तर समाज वा समुदायको सक्रियतामा स्थापना भई क्रियाशील रहेका हुन्छन् । यस्ता पद्धति तथा संयन्त्रले बालसंरक्षणलाई सामाजिक दायित्वका रूपमा लिएर काम गर्दछन् । यिनले- क) बालसंरक्षणसम्बन्धी मुद्दा वा घटनामा सम्बन्धित निकायलाई सचेत गर्ने र मुद्दामा आफ्नो सरोकार देखाउने (Response), ख) समुदायमा शिक्षा र चेतना बढाउने (Awarness Raising), र ग) राज्यका पद्धति एवं संयन्त्र तथा सम्बन्धित निकायलाई लक्षित गरी वकालत वा पैरवी गर्ने (Advocacy) गर्ने काम गर्दछन् । सामान्यतया समाजका औपचारिक वा अनौपचारिक दुवै खालका पद्धति एवम् संयन्त्रहरूले एक अर्कालाई परिपूरकका रूपमा सघाइरहेका हुन्छन् ।

### प्रणालि पद्धति किन?




- बालसंरक्षणका सन्दर्भमा उपचारात्मक उपायभन्दा पनि रोकथाममूलक उपाय प्रभावकारी हुने भएकाले बृहत्तर सरोकारवाला निकाय, संघसंस्था तथा व्यक्तिहरूको संलग्नता आवश्यक हुन्छ ।
- एउटै बालक वा बालिका पनि धेरै हानिबाट प्रभावित हुन सक्दछन् । एउटै प्रकृतिको घटना पनि प्रत्येक बालक वा बालिकापिच्छे फरकफरक असर गर्ने भएकाले सोहीअनुरूप उनीहरूलाई सहयोग आवश्यक पर्दछ । र, एकप्रकारको जोखिममा परेको बालक वा बालिकालाई उद्धार, पुर्नस्थापना र सहयोगका लागि धेरै प्रकारका निकाय तथा संघसंस्थाहरूको संलग्नता आवश्यक हुन्छ ।

- एक खालको हानिबाट प्रभावित बालबालिकामा अर्को हानि हुनसक्ने जोखिम सधैँ रहिरन्छ । यसर्थ उनीहरूका लागि नियमित र आवश्यक परेकै समयमा सहयोग गर्नुपर्ने हुन्छ ।

- कुनै पनि विषय वा मुद्दा केन्द्रित कार्यक्रमले प्रभावकारी ढङ्गबाट बालबालिकाको संरक्षणमा सहयोग नपुग्ने भएकाले बालबालिकामाथि आइपर्ने हरेक हानिको एकैखाले सम्बोधन गरिनुपर्दछ । सवाल, विषयमा केन्द्रित कार्यक्रमहरूले समस्याको मूल कारण नभई परिणामलाई मात्र सम्बोधन गर्दछ । प्रायः रोकथामको अभावको कारणबाट घटनामा कमी ल्याउने गरी दीर्घकालीन प्रभाव पर्नेगरी कार्य गर्न सकिंदैन । त्यो बहुक्षेत्रगत पनि हुँदैन, खण्डिक्रित हुन्छ र समानान्तर पहललाई दोहोऱ्याउने प्रसय बढी हुने खालको हुन्छ । त्यसले साधनश्रोतको दुरूपयोग हुने र दिर्घकालीन योजनामा नभई अल्कालिन परियोजनामा आधारित हुने हुन्छ ।

- बालसंरक्षण प्रणाली बृहत सरोकारवालाको संलग्नता र कुनै पनि समस्याको मूल कारणहरूको सम्बोधन गर्ने बहुक्षेत्रगत, विषयगत, औपचारिक र अनौपचारिक प्रक्रिया एवम् संघसंस्थाहरूको सक्रिय सहभागिता, दिर्घकालीन प्रभाव पुग्नेगरी योजना निर्माण र कार्यान्वयन, उद्देश्यअनुरूपको कार्यहरूको दिगोपना, सेवाहरूको गुणस्तर निर्धारण, न्यून लागत एवम् यसको प्रभावकारिता लगायतका पक्षहरूको संयोजन भएको हुन्छ ।


बालसंरक्षणका पद्धतिअन्तर्गत- क) कानुन, नीतिनियम र कार्यविधि तथा रणनीतिहरू, ख) विभिन्नतहमा कार्य गर्ने गरी स्थापना भएका बालसंरक्षणसम्बन्धी संरचनाहरू, ग) सामाजिक कल्याण सेवा, शिक्षा, स्वास्थ्य, सुरक्षा, न्याय र सामुदायिक सेवाहरूको व्यवस्था (सेवा प्रदायकको जिम्मेवारी किटान) र सुदृढीकरण, घ) बालसंरक्षणका जोखिमको रोकथाम र घटना घटेमा त्यसको व्यवस्थापनसम्बन्धी स्पष्ट रणनीति, ङ) बालसंरक्षणका विभिन्न संयन्त्रहरू (सरकारी र गैरसरकारी) को स्पष्ट कार्यविभाजन र प्रतिबद्धता, र च) मूल्याङ्कन तथा अनुगमनसमेत समावेश भएका हुन्छन् । बालसंरक्षण पद्धति एवम् संयन्त्रमा- क) बालबालिका र वयस्कहरूको शिक्षा, चेतना अभिवृद्धि र सशक्तीकरण, ख) बृहत् सामाजिक परिचालन, र ग) बालसंरक्षण संरचनाहरूको क्षमता अभिवृद्धि तथा उनीहरूको उत्तरदायित्व बढाउनेलगायतका रणनीतिक कार्यहरूले सहयोग पुऱ्याउँदछन् । बालसंरक्षण पद्धति एवम् संयन्त्रले सामाजिक सुरक्षा अङ्गको एक विशिष्टीक्रित भागका रूपमा कार्य गर्दछ । बालसंरक्षण पद्धति एवम् संयन्त्रले बहिष्करण र भेदभावलाई कम गर्न तथा हिंसा, शोषण र दूर्व्यवहारको जोखिम न्यूनीकरण गर्न बालबालिकाका परिवार तथा समाजलाई परिचालन गर्न मद्दत गर्दछ ।

नेपालमा विभिन्न मन्त्रालय, विभाग र निकायहरू मातहत बालसंरक्षणका विभिन्न पद्धति एवम् संयन्त्रहरू क्रियाशील रहेका छन् । उदाहरणका लागि महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयसमेतको सक्रियतामा स्थापना भएको बालबालिका खोजतलास समन्वय केन्द्र र बाल हेल्पलाइन, नेपाल प्रहरीअन्तर्गतको महिला तथा बालबालिका सेवा निर्देशनालय र सेवा केन्द्र, पीडित बालबालिकाको हेरचाह गर्ने स्वास्थ्य संस्थाहरू तथा स्वास्थ कार्यकर्ताहरू, गाउँ तथा जिल्लातहमा क्रियाशील बालसंरक्षण समितिहरूलाई लिन सकिन्छ । यस्तै नागरिक समाज वा संघसंस्थाको सक्रियातामा स्थापना भएका पद्धति एवम् संयन्त्रहरूमा बालसंरक्षण दबाब समूह तथा स्वावलम्बी समूह (Self-Help Groups) हरू जस्तैः बालक्लब, महिला समूह, अपाङ्गता भएका व्यक्तिहरूको समूह आदिलाई लिन सकिन्छ ।

बालसंरक्षणमा सहयोग पुऱ्याउने उपायहरू- क) बालसंरक्षणका जोखिमहरूको रोकथाम, ख) जोखिममा रहेका वा पीडित बालबालिकाको उद्धार, सेवा र सहयोग, तथा ग) बालबालिकाको पारिवारिक तथा सामाजिक पुनर्स्थापना गरी तीनवटै पक्षमा उचित तालमेल आवश्यक पर्दछ । बालसंरक्षण पद्धति एवम् सहयोगका उपायहरूसँग सम्बन्धित केही अवधारणाका बारेमा देहायअनुसार छलफल गरिएको छ ।

### ४.७.१ बालसंरक्षण पद्धति एवम् संयन्त्रका लागि आवश्यक तत्वहरू (Essential Elements for Child Protection System and Mechanisms)

बालसंरक्षण पद्धति एवम् संयन्त्रका सन्दर्भमा आठवटा पक्षहरूको आवश्यकता पर्दछ । यी सबै तत्वहरूले एक अर्कामा परिपूरकका रूपमा कार्य गर्दछन् । बालसंरक्षण कार्यलाई प्रभावकारी बनाउन यी सबै पक्षहरूको विकास गर्न रणनीतिक रूपबाट काम गर्नु आवश्यक हुन्छ । यी तत्व/पक्षहरू- १) हेरचाह (समुदायदेखि राष्ट्रियतहसम्म), ४) आर्थिक स्रोत (प्राप्ति, परिचालन र व्यवस्थापन), ५) कानुन,




नीति, ढाँचा र प्रक्रियाहरूको तर्जुमा र लागु, ६) घटना व्यवस्थापन प्रक्रियाहरू (यसमा सेवा प्रदायकहरूको पहिचान, समन्वय र सिफारिससमेत पर्दछन्), ७) तथ्य सङ्कलन, अनुसन्धान तथा विश्लेषण, र ८) बाह्य सहयोगी तत्वहरूको खोजी, परिचालन आदि हुन् । त्यसैगरी यी सबै पक्षहरूका सन्दर्भमा नियमितरूपमा अनुगमन तथा मूल्याङ्कन गरिनु आवश्यक हुन्छ ।


यी पक्ष/तत्वहरूले बालबालिकालाई संरक्षणको जोखिमबाट बचाउन तथा कुनै बालक वा बालिका शोषण, दूर्व्यवहारमा परेको अवस्थामा उसलाई तत्काल आवश्यक सेवा प्रदान गर्न एवम् उसमाथि पर्नसक्ने नकारात्मक असरको मात्रालाई कम गर्न सहयोग पुऱ्याउन सकिन्छ । नेपालको कानुन र न्यायप्रणाली पीडितलाई सहयोग पुऱ्याउने पक्षमा भन्दा पनि घटनाको अपराधीकरणमा बढी केन्द्रित भएको पाइन्छ । अर्थात्, बालबालिकामाथि शोषण, दूर्व्यवहार भएमा उसलाई सहयोग र संरक्षण गर्नमा भन्दा पनि औपचारिक न्याय प्रणाली त्यसका दोषीलाई कारबाही गर्नमा बढी केन्द्रित भएको पाइन्छ । दोषीलाई कारबाही गर्ने काम महत्वपूर्ण नै हो । त्यसभन्दा पनि महत्वपूर्ण काम पीडितलाई उसमाथि परेको पीडा वा असरलाई कम गर्न उसको स्याहार, हेरचाह र पुनर्स्थापनामा काम गर्नु हो । समग्रमा बालसंरक्षण पद्धति एवम् संयन्त्र पीडितलाई सहयोग गर्नमा केन्द्रित हुनुपर्दछ ।

### ३.२ बालसंरक्षणसम्बन्धी दायित्वको तह/चक्र (Child Protection Responsibility Flow-Chart)

परिवार बालबालिकाको सबभन्दा नजिकमा रहेको हुन्छ । र, परिवारले उनीहरूलाई हुर्कन एक स्वाभाविक वातावरण (Natural Environment) प्रदान गर्दछ । परिवारले बालबालिकाका- क) भौतिक आवश्यकताहरू, ख) मनोवैज्ञानिक वा संवेगात्मक आवश्यकताहरू, र ग) सामाजिक आवश्यकताहरू पूरा गरिरहेको हुन्छ । बालबालिकाको अधिकार परिपूर्तिमा परिवारले प्राथमिक (मुख्य) जिम्मेवारी वहन गर्दछ र गर्नुपर्दछ । त्यसरी नै कुनै बालक वा बालिकाको अधिकार हनन भएको अवस्थामा सबभन्दा पहिले परिवार, परिवारका सदस्यहरू वा नजिकका आफन्तको सहयोग आवश्यक हुन्छ । र, अन्य कतिपय अवस्थामा परिवारले आफ्ना बालबालिकाको उचित संरक्षण गर्न नसकेको कारणबाट उनीहरू शोषण तथा दूर्व्यवहारमा परेका हुन्छन् । यसमा परिवार सजग हुनुपर्दछ । त्यसैगरी

परिवारभित्र नै हुनसक्ने दूर्व्यवहारबाट बालबालिकालाई जोगाउन पनि परिवारका सदस्य नै चनाखो हुनुपर्दछ ।

परिवारपछि समुदाय बालबालिकाको नजिकमा रहने संरचना हो । समुदायमा औपचारिक तथा अनौपचारिक दुवै खालका संरचनाहरूको




उपस्थिति हुन्छ । परिवारमा जस्तै समुदायका पनि आफ्ना मूल्य, मान्यताहरू हुन्छन् र कतिपय अवस्थामा यी मूल्य, मान्यताले परिवारको मूल्य, मान्यतालाई समेत प्रभावित गरिरहेको हुन्छ । त्यस्तै, समुदायमा बालबालिकाको अधिकार परिपालनाका लागि कार्य गर्ने व्यक्ति र समूहहरूका साथसाथै अधिकार हनन गर्न उद्यत व्यक्ति वा समूह पनि रहेका हुन्छन् । बालसंरक्षणका सन्दर्भमा कुनै पनि समुदायमा आफ्नै परम्परागत अभ्यास, पद्धति तथा संयन्त्रहरू विद्यमान रहेका हुन्छन् । त्यसैले पनि परिवार वा आफन्तहरू नभएको अवस्थाका बालबालिकालाई समुदायले उचित किसिमबाट सहयोग गर्न सक्दछ ।


यसो गर्दा समुदायले- क) आफ्ना स्रोत, साधनको परिचालन गरी बालबालिकाको अधिकार परिपालन गर्न बालबालिका र परिवारलाई सहयोग गर्न, ख) बालअधिकारका लागि जिम्मेवार सरकारी निकाय वा बालकेन्द्रित संस्थासमक्ष अधिकार माग गर्न, र ग) बालअधिकार हनन भएको वा परिपालन नभएको अवस्थामा सशक्त रूपमा आवाज उठाउन एवम् पैरवी गर्न सक्दछ । समुदायले खासगरी स्थानीय निकायहरूसँग मिलेर सहकार्य गर्न एवं जिल्ला तथा केन्द्रीयतहका सरकारी निकायलाई उत्तरदायी बनाउन भूमिका खेल्न सक्दछ ।

बालसंरक्षणमा स्थानीय तथा जिल्लास्तरका निकाय तथा बालकेन्द्रित संघसंस्था अनि केन्द्रीयतहका संरचनाहरूको महत्वपूर्ण भूमिका हुन्छ । यी निकायहरूले- क) नीतिनियम लागु गरेर, ख) कार्यविधि वा प्रक्रियाहरू तय गरेर, ग) अधिकार प्रवर्द्धनका लागि तथा सेवा प्रदान गर्ने कार्यक्रमहरू निर्धारण गरेर, र घ) बालअधिकारको नियमित अनुगमन गरेर बालसंरक्षणमा योगदान दिन सक्दछन् । बालबालिकाको संरक्षणमा संयुक्त राष्ट्रसंघीय निकायहरू (जस्तै युनिसेफ, आइएलओ आदि), बालअधिकारमा क्रियाशील अन्तर्राष्ट्रिय संघसंस्था, द्विपक्षीय वा बहुपक्षीय निकायहरूले खासगरी राष्ट्रिय तथा समुदायतहका पद्धति एवम् संरचनाको बालसंरक्षणसम्बन्धी प्रयासमा सहयोग पुऱ्याउन सक्दछन् । उदाहरणको रूपमा यिनले राज्यका निकायलाई- क) बालअधिकार परिपूर्तिमा सघाउन, ख) बालसंरक्षण पद्धति एवम् संयन्त्रको विकास गर्न आर्थिक तथा प्राविधिक सहयोग गर्न, र ग) बालसंरक्षणमा क्रियाशील समाजिक संघसंस्थालाई सामुदायिक संयन्त्रको क्षमता अभिवृद्धि गर्नमा मद्दत पुऱ्याउन सक्दछन् । साथै, अन्तर्राष्ट्रिय निकायहरूले अन्य देशहरूमा उपयोगी भएका बालसंरक्षणका असल अभ्यासका उदाहरणहरूबारे बताइदिएर राज्यको बालसंरक्षण अभियानमा योगदान पुऱ्याउन सक्दछन् ।

यसरी हेर्दा, बालसंरक्षणमा स्वयं बालक वा बालिकादेखि परिवार, समाज, सामुदायिक संस्था, स्थानीय निकाय, जिल्लातहका निकाय वा संस्थाहरू, केन्द्रीय निकाय र अन्तर्राष्ट्रिय समुदायसम्म सबैको आ-आफ्ना जिम्मेवारी एवम् दायित्व रहेका हुन्छन् । सबैले आ-आफ्ना जिम्मेवारी पूरा गरेको अवस्थामा मात्र बालसंरक्षण कार्य प्रभावकारी हुन्छ । माथिको रेखाचित्रबाट के देखिन्छ भने बालबालिकाको नजिकमा रहेका व्यक्ति, संरचना, संस्था वा निकायको बालसंरक्षणमा बढी दायित्व हुन्छ । त्यसो भएकोले जिल्लातहदेखि बाहिरका संरचनाहरूले परिवार, समाज तथा स्थानीयस्तरमा रहेका निकाय वा संयन्त्रको क्षमता अभिवृद्धिमा केन्द्रित भएर बालसंरक्षणसम्बन्धी काम गर्नुपर्दछ । र, यिनले- क) नीति, नियम र कानुनको तर्जुमा गर्न र लागु गर्न, ख) बालसंरक्षण कार्यविधि वा प्रक्रियाहरू निर्धारण गर्न, ग) सेवा प्रदान गर्ने निकायको जिम्मेवारी दायित्वलाई प्रभावकारी बनाउन, र घ) स्थानीयतहमा भएका कार्यको नियमित अनुगमन गरेर बालसंरक्षणमा योगदान दिन सक्दछन् ।

## ३.३ रोकथाममूलक वातावरणको तयारी (Preparation for Preventative Environment)

बालबालिकालाई सुखद् बाल्यकाल दिएर सार्थक वयस्क जीवनको आधार खडा गरिदिनु परिवार, समुदाय र राज्यको दायित्व हो । यसका लागि बालबालिकाको अधिकार प्रवर्द्धन गर्नुपर्दछ । सबै बालबालिकालाई उनीहरूको अधिकार परिपूर्तिका लागि र अधिकार हननको अवस्थाबाट जोगाउन उपयुक्त वातावरण बनाउन राज्यले पहल गर्नुपर्दछ । यसका लागि उपयुक्त कानुन, नीति र कार्यविधिहरू आवश्यक पर्दछन् । त्यस्तै राज्यले शिक्षा, स्वास्थ्य, पारिवारिक हेरचाह, सामाजिक कल्याण तथा बालन्यायलगायत क्षेत्रमा रणनीतिक योजनाका साथ कार्य गर्नुपर्ने हुन्छ । बालबालिकामाथि हुनसक्ने हानिबाट जोगाउन तथा बालसंरक्षण सुनिश्चित गर्न- क) बालबालिकाका आधारभूत




आवश्यकताको परिपूर्ति, ख) बालबालिका तथा परिवारको सशक्तीकरण, ग) समुदायको बालसंरक्षणबारे सतर्कता, घ) विशिष्टीकृत सेवाको व्यवस्था (र, सेवा प्रदायकको क्षमता अभिवृद्धि), र ङ) कानुनी तथा प्रशासनिक निकायहरूको सबलीकरणलगायतका पक्षमा काम गर्नु आवश्यक हुन्छ । साथै, बालबालिकाको सशक्तीकरण गरी आफूमाथि आइपर्न सक्ने सबै खालका शोषण, दुर्व्यवहारविरुद्ध प्रतिकार गर्नसक्ने गरी सक्षम बनाउनुपर्दछ ।

बालबालिकाका अधिकार परिपूर्तिका लागि काम गर्दा खासगरी- क) बालबालिकाको सशक्तीकरण, ख) बालबालिकाको अधिकार परिपालनामा जिम्मेवार व्यक्ति तथा निकायको क्षमता अभिवृद्धि, र ग) परिवार, समुदाय एवम् जिम्मेवारी वहन गर्ने अधिकारीको बाल( अधिकारबारे चेतना अभिवृद्धि गरिनुपर्दछ । त्यसैगरी बालसंरक्षणका लागि बालबालिका स्वयं तथा परिवार र समुदायको सहज पहुँचमा रहनेगरी बालसंरक्षणसम्बन्धी संस्थागत पद्धति एवम् संरचना हुनु आवश्यक हुन्छ । यस्तो संस्थागत संरचनाले बालअधिकार हनन भएका घटनाको उजुरी लिने, आवश्यक सूचना, जानकारीको सङ्कलन गर्ने, आवश्यकताअनुसार घटनाको छानबिन गर्ने, बालबालिकाको संरक्षणका लागि तत्काल काम गर्ने, सेवा प्रदायकहरूसँग समन्वय गर्ने र सुझाव तथा सिफारिस गर्ने (Referral) लगायतका काम गर्नुपर्दछ । बालसंरक्षणका लागि अख्तियारी प्राप्त व्यक्ति तथा निकायलाई उनीहरूको दायित्वबोध गराउने, आवश्यक क्षमता अभिवृद्धि गर्ने र आफ्नो जिम्मेवारीप्रति प्रतिबद्ध भएर क्रियाशील हुने वातावरण तयार गरिनुपर्दछ । यसका लागि बालबालिका, उनीहरूको परिवार तथा स्याहारकर्ता सचेत भई बालसंरक्षणका लागि निरन्तर वकालत वा पैरवी गर्न आवश्यक हुन्छ । यसो भएमा बालसंरक्षणका लागि रोकथामूलक वातावरणको तयारीमा सहयोग पुग्दछ । यसले बालबालिकाको अधिकार प्रवर्द्धन र बालसंरक्षण गर्नमा समेत योगदान पुग्दछ ।

बालसंरक्षणमा काम गर्दाको एक अहम् सिद्धान्त भनेको कुनै पनि बालबालिकाले कुनै पनि प्रकारको शोषण, दुर्व्यवहारको सामना गर्नु नपरोस् भन्ने नै हो । साथै, कथंकदाचित कुनै बालबालिकामाथि हानि पुग्ने घटना भएमा क्षति कम गर्नका लागि उनीहरूलाई आवश्यक सबै सेवा, सुविधा समयमै प्रदान गर्नमा जोड दिनुपर्दछ । यसका लागि पूर्वतयारी गर्नु आवश्यक हुन्छ र बालबालिकामाथि आइपर्नसक्ने जोखिमको आँकलन गर्न सक्नुपर्दछ । साथै, बालसंरक्षणमा काम गर्ने संस्था वा निकायले आफ्नो संस्थागत क्षमता बढाएर आफूलाई तयारी अवस्थामा राख्नु पनि आवश्यक पूर्वशर्त हो ।

***

# १०. समुदायस्तरका विद्यमान बालसंरक्षणका संरचनाहरू र यसका कार्यहरू



**१ घण्टा**

## १०.१ सत्रको परिचय :

समुदायस्तरमा बालसंरक्षणका विभिन्न संरचनाहरू क्रियाशील भएका पाइन्छन् । यी संरचनाहरू औपचारिक वा अनौपचारिक ढङ्गबाट गठन भएका हुन्छन् । समुदायका बालसंरक्षणका संरचनाहरूले आ–आफ्नो तवरले क्रियाकलापहरू सञ्चालन गरिरहेका हुन्छन् । यस्तो अवस्थामा कुनै क्रियाकलापहरू वा भूमिकामा दोहोरोपना आउनुका साथै बालबालिकाको संरक्षणका मुख्य पक्षहरूमा यथोचित ध्यान पुग्न नसकेको पनि पाइन्छ । यस सन्दर्भ समुदायमा क्रियाशील बालसंरक्षणसम्बन्धी संरचनाहरूबारे जानकारी दिनु तथा तिनका बालसंरक्षणसम्बन्धी भूमिका पहिचान गर्न सघाउने उद्देश्यले यो सत्रको छलफल राखिएको छ ।

## १०.२ अपेक्षित उपलब्धि :

यस सत्रको अन्त्यमा सहभागीहरूले,

- समुदायमा रहेका बालसंरक्षणका संरचनाहरूबारे जानकारी पाई तिनका स्वरूपलाई पहिचान गर्न सक्नेछन् ।
- समुदायतहका बालसंरक्षण संरचनाले गर्नसक्ने कार्यहरूबारे बताउन सक्नेछन् ।

## १०.३ सत्र सञ्चालनका लागि आवश्यक सामग्री :

न्यूजप्रिन्ट पेपर, मार्कर, विभिन्न रङ्का मेटाकार्ड, गम र मास्किङ् टेप, आदि ।

## १०.४ सत्रको तयारी :


- सत्र सञ्चालनका लागि दिइएका रेखाचित्रहरूलाई न्यूजप्रिन्ट पेपरमा उतार्नुहोस् । स्थानीयतहमा क्रियाशील बालसंरक्षणसम्बन्धी विभिन्न संरचना र तिनका कार्य एवम् भूमिकाबारे सत्र सञ्चालन गर्नुपूर्व नै सकेसम्म धेरै जानकारी हासिल गर्नुहोस् ।

## १०.५ सत्र सञ्चालन गर्ने प्रक्रिया :


- यस सत्रमा छलफल गरिने विषयहरूबारे संक्षिप्तमा जानकारी दिनुहोस् र देहायका क्रियाकलापहरूसहित सत्रको छलफल अगाडि बढाउनुहोस् ।

### क्रियाकलाप १: समुदायस्तरमा रहेका बालसंरक्षणका संरचनाहरू (२० मिनेट)

- सहभागीहरूलाई समुदायतहमा रहेका बालसंरक्षण संरचनाहरू केही यसप्रकार रहेका छन् भनी तलको चित्र प्रस्तुत गर्नुहोस् ।
- अब यी संरचनाहरूबारे आवश्यकतानुसार संक्षिप्तमा जानकारी गराउनुहोस् र यी संरचनाहरूमध्ये गाउँ वा नगर बालसंरक्षण समितिलाई सरकारी औपचारिक संरचनाअन्तर्गत हो भने बालक्लब र महिला समूहले स्थानीय रूपमा स्वावलम्बी समूहको रूपमा विकसित भइरहेकोबारे छलफल गर्नुहोस् ।




- यस्तै यी स्थानीयतहका बालसंरक्षण संरचनाहरूको प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा जिल्लाका विभिन्न संघसंस्थाहरूसँग सम्पर्क वा समन्वय र सम्बन्ध हुने गर्दछ । जिल्लास्तरमा बालसंरक्षणका लागि विभिन्न संस्थाहरू प्रत्यक्ष रूपमा क्रियाशील यसप्रकार छ भनी भन्नुहोस् ।




- यी संरचनाहरू औपचारिक हुनुका साथै बालसंरक्षणको सवालमा यी संरचनाहरूसँग प्रत्यक्ष र परोक्ष सम्बन्ध हुन्छ भन्दै आवश्यकतानुसार यी संरचनाहरूबारे जानकारी गराउनुहोस् । छलफलमा विशेषतः बाल हेल्पलाइन १०९८ र बालबालिका खोजतलास केन्द्रबारे जानकारी "१०४" गराई सबै बालबालिकाले यी नम्बर थाहा पाउनुपर्दछ भनी सबै सहभागीलाई ध्यान केन्द्रित गर्नुहोस् ।
- बालसंरक्षणका लागि समुदायका बालसंरक्षण संरचनाहरूले गर्न नसक्ने कार्य भएमा जिल्ला बालसंरक्षण संरचनाहरूमा सिफारिस गर्नुपर्दछ (यदि कानुनी कार्यबाहीका लागि भए जिल्ला प्रहरी कार्यालय र अन्य अवस्थामा जिल्ला बालकल्याण समितिमा सिफारिस गर्न सकिन्छ) ।

### क्रियाकलाप २ : समुदायस्तरमा रहेका बालसंरक्षणका संरचनाहरूले गर्नसक्ने कार्यहरू (१५.१५ मिनेट)

- समूह निर्माणका लागि सहभागीहरूको सङ्ख्याअनुसार निम्न प्रक्रिया अपनाउनुहोस् ।
    - सबभन्दा पहिले सबै सहभागीलाई एक ठाउँमा हात समाती गोलाकाररूपमा उभिन लगाउनुहोस् । यदि सम्भव छ भने खुल्ला चौरमा यो क्रियाकलाप गर्न सकिन्छ ।
- अब सहभागीलाई यस खेल वा क्रियाकलापको नियमबारे जानकारी गराउनुहोस् । जसमा- क) यस क्रियाकलाप वा खेलमा 'कति भाइ कति', 'कति बहिनी कति' भनी सहजकर्ताले भन्नेछन् र यसपछि सहभागीहरू सहजकर्ताले भनेजति सङ्ख्या भन्दै गोलबन्द हुनुपर्नेछ । ख) अनि सहजकर्ताले २ वा ४ वा ८ वा जति पनि नम्बर भन्न सक्नेछन् र त्यसपछि सहभागीहरू उक्त सङ्ख्यामा समूह निर्माण गर्नुपर्नेछ ।
- सबै सहभागीले नियम बुझेनबुझेको एकीन गर्नुहोस् र कुनै सहभागीले नबुझेको खण्डमा खेलको नियम पुनः एकपटक दोहोऱ्याउनुहोस् ।
- अब सहजकर्ताले 'कति भाइ कति', 'कति बहिनी कति' भन्नुहोस् र सहभागीले 'तपाईंले भने जति' भन्दै गोलाकार रूपमा घुमिरहेको अवस्थामा कहिले एक, दुई, आठ वा कुनै सङ्ख्या भन्नुहोस् । यो क्रियाकलाप सहभागीको सक्रियतानुसार तीनचार पटक यसरी नै सञ्चालन गर्नुहोस् ।
- अन्तिममा सहजकर्ताले सहभागीहरू चार वा पाँचवटा समूह हुनेगरी कुनै नम्बर भन्नुहोस् ।
- समूह निर्माण भएपछि सहभागीलाई तालिम हलभित्र गई आ-आफ्नो समूहमा बस्न भन्नुहोस् र ती समूहलाई समुदायको बालसंरक्षण संरचनाले बालबालिकाको संरक्षणका लागि गर्न सक्ने कार्यहरूबारे छलफल गरी न्यूजप्रिन्ट पेपरमा लेख्न लगाउनुहोस् ।
    - गाउँ वा नगर बालसंरक्षण समिति
    - महिला समूह
    - बालक्लब
    - निगरानी समूह
    - आवश्यक भए, समुदायका अन्य समूह (जस्तै, वन उपभोक्ता समूह) आदि पनि थप गर्न सकिन्छ ।
- सबै समूहको समूह-कार्य सकिएपछि प्रत्येक समूहलाई आ-आफ्नो नेता छान्न लगाउनुहोस् । समूहको नेतालाई क्रमैसँग समूह कार्य प्रस्तुत गर्न लगाउनुहोस् र अन्य समूहलाई कुनै बुँदामाथि प्रष्ट हुन चाहेमा प्रश्न गर्न लगाउने तथा प्रस्तुत गर्ने नेता र समूह सदस्यहरूले स्पष्ट पार्न अनुरोध गर्नुहोस् ।
- सहजकर्ताले यदि कुनै बुँदामाथि छलफल गर्न आवश्यक ठानेमा समग्रमा छलफल गर्नुहोस् र सबैलाई धन्यवाद दिनुहोस् ।

### क्रियाकलाप ३ : सत्रको मूल्याङ्कन र सारसंक्षेप (१० मिनेट)

- अन्त्यमा सहभागितामूलक विधिबाट सत्रको मूल्याङ्कन गर्नुहोस् ।

मूल्याङ्कनका लागि सहभागीलाई सोध्न सकिने केही प्रश्नहरू

- यस सत्रमा हामीले के कस्ता कुराहरूमा छलफल गऱ्यौं ?
- समुदायमा के-कस्ता खालका बालसंरक्षणका संरचनाहरू हुँदारहेछन् ? ती संरचनाहरूले बालसंरक्षणसम्बन्धी के कस्ता खालका क्रियाकलापहरू गर्न सक्दारहेछन् ? आदि ।

- छलफलमा सक्रियतापूर्वक सहभागी भएकोमा सबैलाई धन्यवाद दिंदै सत्रको अन्त्य गर्नुहोस् ।

***

# अध्ययन सामग्री-४

## ४.१ समुदायतहका बालसंरक्षणसम्बन्धी संरचनाहरू

### १. गाउँ/नगर बालसंरक्षण समिति

गाउँ/नगर बालसंरक्षण तथा सम्बर्द्धन उपसमिति गठन गर्दा गाउँविकास समिति/नगरपालिकास्तरको भेला गराई देहायका व्यक्तिहरू रहने गरी समिति बनाउनुपर्दछ :

१. गाविस/नगरपालिकाको प्रतिनिधि................सदस्य
२. शिक्षक ................सदस्य
३. महिला स्वास्थ्य कार्यकर्ता ................सदस्य
४. महिला कार्यकर्ता ................सदस्य
५. बालअधिकारकर्मी वा नागरिक समाजको प्रतिनिधि ................सदस्य
६. इलाकास्तरीय बालक्लब सञ्जालको प्रतिनिधि ................सदस्य
७. आदिवासी, जनजाति, अल्पसंख्यक, दलित तथा पिछडिएका वर्ग र समुदायका यथासम्भव प्रतिनिधित्व हुने गरी ३ जना ................सदस्य

उप-समितिले आफूमध्येबाट उपसमितिको संयोजक र सदस्य-सचिव चयन गर्नेछ ।

निर्देशिकामा गाउँ/नगर बालअधिकार संरक्षण तथा सम्बर्द्धन उपसमितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम तोकिएको छ :

- सम्बन्धित गाविस/नगरपालिकामा विशेष हेरचाह र संरक्षणको आवश्यकता भएका बालबालिकाको तथ्याङ्क सङ्कलन गर्ने, अद्यावधिक गर्ने र जिल्ला बालसंरक्षण समितिमा सम्प्रेषण गर्ने ।
- गाउँमा बालबालिकाका क्षेत्रमा कार्यरत संघसंस्था, बालक्लब/मञ्च/समूह, बालसंरक्षण समिति, प्यारालिगल निगरानी समितिलगायतका निकायहरूको फेहरिस्त तयार पार्ने र यस्ता निकायहरूसँग आवश्यक समन्वय र सहकार्य गरी बालअधिकारको संवर्द्धनात्मक र संरक्षणात्मक कार्यहरू गर्ने, गराउने ।
- बालबालिकाका क्षेत्रमा स्थानीय आवश्यकता पहिचान गरी नेपाल सरकारका विभिन्न निकायहरू, विकासका साझेदार संस्थासँगको समन्वयमा समुदायमा आधारित कार्यक्रमहरूको तर्जुमा र कार्यान्वयन गराउन आवश्यक समन्वय गर्ने, बालबालिकासँग सम्बन्धित कार्यक्रमको रेखदेख र निरीक्षण गर्ने ।
- बालअधिकारको संरक्षण र सम्बर्द्धनका निमित्त चेतना अभिवृद्धि गर्ने ।
- स्थानीय संघसंस्थालाई बालबालिकाको क्षेत्रमा कार्य गर्न उत्प्रेरित गर्ने । कार्यक्रमको सञ्चालन गर्नका लागि आवश्यक परामर्श, सुझाव तथा निर्देशन दिने ।
- बालअधिकार हननका सम्बन्धमा आएका उजुरीहरूलाई सम्बन्धित निकायमा सिफारिस गरी पठाउने एवम् त्यस्ता उजुरी उपर समन्वयकारी भूमिका निर्वाह गरिदिने ।
- आवश्यकताअनुसार बालबालिकाका निमित्त आकस्मिक सहयोगको व्यवस्था मिलाउने ।
- बालसंरक्षणका विषयमा वकालत गर्ने र जिल्ला बालकल्याण समितिलाई बालसंरक्षणमा प्रभावकारी हुन मद्दत गर्ने ।
- गाविस/नगरपालिकामा बालबालिकासम्बन्धी सम्पन्न कार्यक्रम कार्यान्वयनको प्रगति पेश गर्ने ।

## ४.२ सामुदायिक स्वावलम्बन समूहहरू (Self-Help Groups at Community level)

### क) आमा/महिला समूह (Mother/Women Group)

नेपालका सबैजसो ठाउँ वा प्रत्येकजसो वडामा नै महिलाहरू एकआपसमा मिलेर महिला/आमा समूहहरू बनाएका छन् । उनीहरू समूहमा भेटघाट गरी स्थानीयस्तरमा भएका विभिन्न गतिविधिहरूबारे छलफल गर्छन् । यी छलफलहरूमा समूहका सदस्यहरू आफ्ना हकअधिकारबारे मात्र नभई गाउँमा भएगरेका विकास प्रगतिहरू, समुदायले भोगेका समस्याहरूबारे छलफल गर्दछन् । महिला वा आमा समूहले बालसंरक्षणका लागि निम्न काम गर्न सक्छन् :

- जनचेतना, सूचना प्रवाह गर्न सक्छन् जसबाट पूर्व-रोकथाम प्रक्रिया, घटनाको उचित प्रतिक्रिया र उपचार पद्धतिको लागि सहयोग गर्न सकिन्छ ।
- स्थानीय समुदायमा भएका घटनाको विस्तृत विवरण (जस्तैः के भइरहेको छ ? किन र कसरी यस्तो हुन गयो? अवस्थामा सुधार ल्याउन के-कसरी अगाडि बढ्न सकिन्छ? आदि) बारे वास्तविक मत दिनसक्छन् ।
- घटनालाई स्थानीयतहमा मध्यस्थकर्ताका रूपमा सहयोग गर्न सक्छन् ।
- घटना र यससँग सम्बन्धित तथ्य कुराहरू समूहमा छलफल गर्न सक्छन् साथै प्रभावित व्यक्तिहरूलाई समूहमा ल्याई आफ्ना कुराहरू जानकारी दिन लगाउन सक्छन् ।
- घटनाबाट प्रभावित व्यक्ति तथा परिवारलाई तत्काल भावनात्मक सहयोग (एक किसिमको अनौपचारिक मनोविमर्श) गरी आत्मसम्मान अभिवृद्धि सक्छन् ।
- सेवा प्रदायक निकायसँग समन्वय गर्ने र सिफारिस गर्न सक्छन् साथै यसबारे औपचारिक अनौपचारिक सञ्जाल निर्माण गरी पहल गर्न सक्छन् ।

### ख) बालक्लब (Child Clubs):

"सामान्यतया ८ वर्षदेखि १८ वर्षसम्मका बालबालिकाको आफ्नो र आफ्ना दौंतरीहरूको हकअधिकारको प्रवर्द्धन गर्ने उद्देश्यका साथ आपसमा सङ्गठित भई स्थापना भएका समूहलाई बालक्लब/समूहका रूपमा चिनिन्छ । बालबालिका बालक्लबमा सङ्गठित भएर आफ्नो र समाजको विकासको साझा उद्देश्य प्राप्तिका लागि सहभागितामूलक ढङ्गले सक्रिय रूपमा काम गर्दछन् । बालक्लबलाई बालअधिकार र बालसहभागिताको प्रवर्द्धनका लागि स्थानीयस्तरमा कार्यरत एउटा संस्थाका रूपमा समेत लिइन्छ ।"[1]




खासगरी बालक्लब विद्यालयमा आधारित र समुदायमा आधारित गरी दुई किसिमको हुने गरेको छ । हाल वडा वा गाउँ/टोलस्तरीय बालक्लबको गठनका साथै गाविसस्तरीय र

१ खतिवडा, चन्द्रिका तथा कन्सोर्टियम, बालक्लब सहजकर्ता भूमिका र कार्यहरू-२००३ (सन्) र खतिवडा, चन्द्रिका तथा कन्सोर्टियम, जिल्ला बालकल्याण समिति र बालसहभागिताको प्रवर्द्धन-२०६२ र सेभ द चिल्ड्रेन नर्वे, बालअधिकारको पवर्द्धनकर्ता एवम् परिवर्तनका बाहकका रूपमा बालक्लबहरू- २००५ (सन्)

जिल्लास्तरीय बालमञ्च वा सञ्जाल निर्माण भएको छ । बालबालिका पनि आफ्ना बालक्लब/समूहमार्फत् बालसंरक्षणका लागि देहायका काम गर्न सक्छन् :

- विभिन्न (सञ्चार) माध्यमहरू जस्तै सडकनाटक, बालगीत, र्‍याली, बालभित्तेपत्रिका आदिबाट जनचेतना, सूचना प्रवाह गर्न सक्छन् । यसबाट बालसंरक्षणका लागि पूर्वरोकथाम प्रक्रिया, घटनाको उचित प्रतिक्रिया र उपचार पद्धतिका लागि सहयोग गर्न सकिन्छ ।
- घटनाबाट प्रभावित बालबालिकालाई आफ्ना दौंतरी समूहले सहयोग तथा उनीहरूको उपयुक्त सशक्तीकरण गर्न आपसी छलफलका साथै विभिन्न गतिविधि चलाउन सक्छन् ।
- बालअधिकार हननका घटनाहरू हुनुभन्दा पहिले नै बालबालिका स्वयं आत्मसुरक्षा वा बचावटका लागि पूर्व तयारीका लागि सहयोग गर्न सक्छन् ।
- घटना अवस्थाबारे खुलेर छलफल गर्ने वातावरण सिर्जना गर्न र यसको उजुरीका लागि बालबालिकालाई तयार बनाउन सक्छन् ।
- घटनाको उपयुक्त व्यवस्थापनका लागि सम्बन्धित सरोकारित व्यक्ति निकायहरूको ध्यान केन्द्रित गर्न दबाब समूहका रूपमा काम गर्न सक्छन् ।
- प्रभावित बालबालिकालाई आफ्ना समूहमा समेटी यसबारे अझ वृहत्तररूपमा छलफल गर्न सक्छन् । यसबाट प्रभावितलाई भावनात्मक सहयोग पुग्दछ ।
- स्थानीयस्तरमा उपलब्ध सेवाप्रदायक निकायहरूसमक्ष घटना र यससँग सम्बन्धित पक्षहरूका बारेमा आफ्ना उपयुक्त मत वा विचार व्यक्त गर्न सक्छन् ।
- विभिन्न संस्थाको सहयोगमा बालबालिकाको भेला गराई स्थानीय, जिल्लातह र राष्ट्रियतहमा समेत नीतिगत प्रभाव पार्न सक्छन् ।

### ग) निगरानी समूह (Vigilance Group)

समुदायस्तरमा सार्वजनिक सेवाप्रवाहको अवस्थालाई स्वतन्त्ररूपमा निगरानी गर्न र त्यसलाई प्रभावकारी बनाउने दिशामा सहजीकरण गर्नका लागि स्वयंसेवीरूपमा बनेका समूहलाई निगरानी समूह भनिन्छ । निगरानी समूहहरू समुदायका व्यक्तिहरूको हितको लागि उनीहरू कै सहभागितामा गठन भई क्रियाशील रहेका हुन्छन् । यसले सार्वजनिक विकासका कार्यक्रमहरूलाई नियमित अनुगमन गर्ने तथा सुझाव दिनुका साथै समाजमा हुने विभिन्न प्रकारका हिंसाजन्य क्रियाकलापको निगरानी गर्ने गर्दछन् ।

कानुनअन्तर्गत रहेर स्थानीयस्तरमा आम-अनुशासन कायम गर्नेगराउने लक्ष्यअनुरूप निगरानी समूहले निम्न कार्यहरू गर्न सक्दछन् :

- सार्वजनिक पदमा रहेका व्यक्तिहरूले समुदायको हितमा काम गरेका छन्, छैनन् तथा सार्वजनिक उत्तरदायित्व पूरा गरेका छन्, छैनन् भन्ने कुराको निगरानी गर्ने,
- सार्वजनिक काममा पारदर्शिता छ, छैन भन्ने कुराको निगरानी गर्ने र सोबारे बहस चलाउने,
- समाजमा हुने विभिन्न प्रकारका हिंसाजन्य क्रियाकलापको निगरानी गर्ने र यस्ता क्रियाकलापलाई निरूत्साहित गर्न समुदायलाई अभिमुखीकरण गर्ने,
- विकास निर्माण तथा अन्य कार्यक्रमको कार्यान्वयनमा संघसंस्था, निकाय तथा समूहलाई सहयोग गर्ने र गुणस्तरीयरूपमा कार्यक्रम कार्यान्वयन गराउनका लागि सम्बन्धित निकायलाई सतर्क गराउने,
- स्थानीयस्तरमा प्रदान गरिने सार्वजनिक सेवामा जनताको पहुँच बढाउनका लागि सेवाग्राहीलाई सहजीकरण गर्ने, सेवा प्रवाहमा देखिएका ढिलासुस्तीबारे खबरदारी गर्ने र प्रभावकारी बनाउनका लागि पहल गर्ने,
- नागरिक अधिकार र जिम्मेवारीको बारेमा समुदायलाई जानकारी दिन सहजकर्ताको भूमिका निर्वाह गर्ने,
- सामुदायिक संवाद सञ्चालन गरी सार्वजनिक सरोकारका विषयसँगसम्बन्धित स्थानीय समस्याहरूबारे जानकारी सङ्कलन गर्ने र त्यसको समाधानका लागि पहल गर्ने, आदि ।

**घ) अन्य समूहहरू** (Other Groups)

माथि उल्लेख गरिएका संस्था/संरचनाहरूका अतिरिक्त समुदायमा-१) अपाङ्गता स्वावलम्बन समूह, २) किशोरी समूह, ३) उपभोक्ता समूह, ४) सामुदायिक वन समूह, ५) गाउँ अपाङ्गता पुनर्स्थापना समितिलगायतका समूहहरू क्रियाशील रहेका छन् । र, यी समूहहरूले बालसंरक्षणमा सक्रियतापूर्वक काम गर्न सक्दछन्

## ४.३ जिल्लातहमा रहेका बालसंरक्षणसम्बन्धी संरचनाहरू

### ४.३.१. जिल्ला बालकल्याण समिति

- बालबालिकाको हकहितको संरक्षण तथा शारीरिक र मानसिक विकाससम्बन्धी जिल्लास्तरीय दीर्घकालीन नीति र योजना तर्जुमा गर्ने ।
- स्वीक्रित नीति र योजनाअनुरूप वार्षिक कार्यक्रम र बजेट स्वीक्रित गरी/बनाई कार्य सञ्चालन गर्ने, गराउने ।
- वार्षिक कार्यक्रम सञ्चालन गर्नका निमित्त आवश्यक स्थानीय स्रोतको खोजी गर्ने र प्राप्त स्रोतको परिचालन गर्ने ।
- जिल्लामा कारागारमा रहेका, बेवारिसे अवस्थामा रहेका वा श्रमिकको रूपमा कार्यरत बालक तथा अपाङ्गता र सुस्तःमनस्थिति भएका बालबालिकाको तथ्याङ्क सङ्कलन गरी त्यसको अध्यावधिक अभिलेख राख्ने र त्यसको एकप्रति केन्द्रीय बालकल्याण समितिमा पठाउने ।
- जिल्लामा रहेको बालमजदुर र बालविवाह तथा देवीदेवताका नाउँमा चढाइएका बालक भए सोसम्बन्धी तथ्याङ्क सङ्कलन गरी अध्यावधिक अभिलेख राख्ने र त्यसको एकप्रति केन्द्रीय बालकल्याण समितिमा पठाउने ।
- माथिल्लो बुँदामा उल्लेखित कुप्रथा हटाउन जिल्लास्तरमा सामाजिक कार्यकर्ता तथा प्रतिष्ठित व्यक्तिहरूको सम्मेलन गराई सुझाव सङ्कलन गरी त्यस्तो कुप्रथा हटाउने कार्यमा सामाजिक कार्यकर्ता तथा गैरसरकारी संघसंस्थाहरूलाई प्रोत्साहन तथा सहयोग गर्ने ।
- जिल्लाभित्र सञ्चालित बालगृह, बालसुधारगृह, अनाथालय तथा सुस्तमनस्थिति केन्द्र वा त्यस्तै अन्य गृह वा केन्द्र भए त्यसको क्षमता, सुविधा आदिको तथ्याङ्क सङ्कलन गरी अध्यावधिक अभिलेख राख्ने र त्यसको एकप्रति केन्द्रीय बालकल्याण समितिमा पठाउने ।
- जनसहभागिताबाट वा सरकारी एवम् गैरसरकारी संघसंस्थाहरूको सहभागिता जुटाई जिल्लाका विभिन्न भागमा बालबालिकाको हकहितको संरक्षण तथा शारीरिक र मानसिक विकाससम्बन्धी बालकल्याणकारी कार्य सञ्चालन गर्ने र त्यस्तो कार्य गर्न सामाजिक कार्यकर्ता तथा सरकारी एवम् गैरसरकारी संघसंस्थाहरूलाई सहयोग गर्ने ।
- जिल्लाभित्र सञ्चालित बालकल्याणगृह, बालसुधारगृह, अनाथालय तथा सुस्तःमनस्थिति केन्द्रको निरीक्षण गर्न गराउन व्यवस्थापन समिति, बालकल्याण गृह प्रमुख तथा प्रशासकलाई आवश्यक निर्देशन एवम् सुझाव दिने ।

### ४.३.२. नेपाल प्रहरी र महिला तथा बालबालिका सेवा केन्द्र (Nepal Police and its Women and Children Sevice Centre)

नेपाल प्रहरी नागरिकका अधिकार रक्षा गर्न र देशमा शान्ति सुव्यवस्था कायम गर्न क्रियाशील नेपाल सरकारको महत्वपूर्ण अङ्ग हो । नेपाल प्रहरीले समाजमा अपराध नियन्त्रण गरी जनधनको सुरक्षा गर्ने दायित्व वहन गर्दछ जसअन्तर्गत अपराधीलाई दण्डित गर्ने तथा पीडित व्यक्तिहरूको संरक्षण गर्ने समेतको काम पर्दछ । बालसंरक्षणका लागि नेपाल प्रहरी सङ्गठन, यसका केन्द्रीय, क्षेत्रीय तथा जिल्ला र सोको मातहतमा रहेका युनिटहरू सबै नै कार्यरत रहेका छन् ।

यसको साथसाथै सामुदायिक प्रहरी र महिला तथा बालबालिका सेवा केन्द्र विशेषरूपमा महिला र बालबालिकाको संरक्षण गर्ने उद्देश्यले स्थापना भई कार्यरत एकाइहरू भएकाले यिनका बारेमा यहाँ विस्तृतरूपमा छलफल गरिएको छ ।

क) **सामुदायिक प्रहरी**: समाजका व्यक्तिहरूको सहभागितामा शान्ति सुव्यवस्था कायम गर्ने र अपराध नियन्त्रण कार्यलाई प्रभावकारी बनाउने उद्देश्यले सामुदायिक प्रहरीको स्थापना भएको हो । देशभरका ७२ वटा जिल्लाहरूमा कूल १७९ वटा सामुदायिक प्रहरी युनिटहरू क्रियाशील रहेका छन् । यी केन्द्रहरू महिला तथा बालबालिकाको बेचबिखन, लागुऔषध दुरूपयोग, तासजुवा खेल्ने, यौनविक्रितिलगायतका अपराधको नियन्त्रणमा क्रियाशील रहेका छन् । केन्द्रहरूले समाजमा जनचेतना बढाउन विभिन्न अन्तर्क्रिया, सभाजुलुस गर्ने लगायतका चेतनामूलक कामहरू गर्दै आएको छ ।

ख) **महिला तथा बालबालिका सेवा केन्द्रहरू**: नेपाल प्रहरीले पीडित महिला तथा बालबालिका संरक्षण, उनीहरूविरूद्धका अपराधमा पुनः प्रताडित नहुने गरी र उनीहरूको गोपनीयताको अधिकारसमेतको सम्मान गरी प्रहरीसमक्ष उजुरी दिन आउन सक्ने वातावरण तयार गर्न र अनुसन्धानका प्रक्रियाहरूलाई अगाडि बढाउन नेपाल प्रहरीमा महिला प्रहरीहरू संलग्न भएको 'विशेष अनुसन्धान समूह' को आवश्यकता महसुस भएअनुसार सन् १९९६ (वि.स. २०५२) मा प्रहरी ऐन, २०१२ को दफा ३९ र नियमावली २०४९ को नियम १६१ अनुरूप नेपाल प्रहरीले महिला तथा बाललिका सेवा केन्द्रको स्थापना गरेको हो । महिला तथा बालबालिका सेवा केन्द्रले अपराधीहरूलाई सजाय दिलाउनका लागि विशेषरूपमा कार्य गर्दछ । सुरुमा केही जिल्लाबाट काम सुरु गरिएको महिला तथा बालबालिका सेवा केन्द्रलाई हाल ७५ जिल्लामा विस्तार गरिएको छ ।




महिला तथा बालबालिका सेवा केन्द्रहरू निम्न उद्देश्यहरू प्रप्तिका लागि क्रियाशिल छन्:

- महिला तथा बालबालिकाको हकहितको संरक्षणमा केन्द्रित रहने ।
- महिला तथा बालबालिकाविरूद्धको अपराध अनुसन्धान गर्ने र उनीहरूविरूद्धको अपराध नियन्त्रण तथा रोकथाम गर्न सक्रिय हुने ।
- महिला तथा बालबालिकासँग सम्बन्धित अपराधको अभिलेख राख्ने, त्यसको आधारमा अपराधको प्रकृति तथा प्रवृत्तिका बारेमा विश्लेषण गर्ने र अपराधको रोकथामका लागि आवश्यक रणनीति तथा कार्यक्रम बनाउन (प्रहरी) विभागलाई सुझाव दिने ।
- महिला तथा बालबालिकाविरूद्धका अपराध अनुसन्धानलाई प्रभावकारी बनाउन दक्ष जनशक्ति उत्पादन गर्न तालिम, गोष्ठी र अनुशिक्षण कार्यक्रमहरू सञ्चालन गर्ने । सेवा केन्द्रहरूमा कार्यरत जनशक्तिको व्यवस्थापन गर्ने ।
- महिला तथा बालबालिका सेवा केन्द्रहरूको काम-कारवाही, सेवाबारे र महिला तथा बालबालिकाविरूद्धका अपराधहरूबारे आमजनतालाई सुसूचीत गराउने ।
- विभिन्न आर्थिक तथा सामाजिक समस्याका कारण सडकमा रहन बाध्य बालबालिकाको तथ्याङ्क सङ्कलन गर्ने र तिनीहरूको पुनर्स्थापनाका लागि सम्बन्धित सरकारी तथा गैरसरकारी संस्थाहरूसँग समन्वय गर्ने ।
- अपराधीलाई सजाय दिलाउनुका साथै पीडितलाई मानवीय आवश्यकता परिपूर्ति गराउन सरकारी तथा गैरसरकारी निकायसँग समन्वय गर्ने ।

सेवा केन्द्रले महिला र बालबालिकाविरूद्धका अपराध रोकथामको लागि जनचेतना अभिवृद्धिका अभियानहरू, विद्यालय भ्रमण तथा अन्तर्क्रिया कार्यक्रमहरू, बृहत् चेतनामूलक र्‍यालीहरू, रेडियो/टिभी कार्यक्रमहरू उत्पादन तथा प्रसारण र सूचनामूलक सामग्रीको प्रकाशन तथा वितरणजस्ता गतिविधि सञ्चालन गर्दै आइरहेको छ । त्यस्तै, अनुसन्धानमा सहयोग पुर्‍याउनका लागि सेवा केन्द्रले घटनाको जानकारी दिनका लागि उपयुक्त वातावरणमा सूचना लिने, प्रमाण सङ्कलन गर्ने, अन्तर्वार्ता लिने, प्रतिवादीलाई खोजी गरी

पक्रने र अदालती प्रक्रियासम्मका काम गरिआएको छ । पीडितको सहयोगका लागि सेवा केन्द्रले आवश्यकता (खासगरी आवास, औषधिउपचार, मनोविमर्श सहयोग, पुनर्स्थापना तथा सीपमूलक तालिम आदि) पहिचान गर्ने र सम्बन्धित निकायहरूसँग समन्वय गरी सेवा दिने गरेको छ ।

महिला तथा बालबालिका सेवा केन्द्रले– क) पीडक तथा पीडित महिला तथा बालबालिकाको सुनुवाई र जानकारी दिने उपयुक्त वातावरणको सिर्जना गरेको, ख) महिला तथा बालबालिकाको उच्चतम हितमा आधारित गोपनीयताको अधिकारलाई सम्मान तथा संवर्द्धन गर्ने, ग) नेपाल प्रहरीभित्रका सम्बन्धित विभागहरूमा कार्यरत प्रहरी कर्मचारीमाफ महिला तथा बालबालिकाको मुद्दाबारे चेतना फैलाउने, घ) हिरासतमा रहेका आरोपी महिलाहरूको सुरक्षमा चासो दिने, ङ) बालबालिका खोजतलास समन्वय केन्द्र स्थापना गर्न र नेपाल प्रहरीभित्र ७५ जिल्लामा क्षेत्र विस्तार गर्न नयाँ पदहरू दरवन्दीहरू विस्तार गर्नको लागि वकालत तथा पैरवी गर्नमा योगदान दिएको छ । सेवा केन्द्रले प्रहरी अधिक्रितहरूलाई पीडित सहयोगी तौरतरिका, मनोविमर्श सेवासम्बन्धी तालिम सञ्चालन गर्दै आएको छ । सेवा केन्द्रले सबैजसो महिला प्रहरीहरू (११०० भन्दा बढी सङ्ख्यामा) लाई महिला तथा बालबालिकाको अधिकारको विषयमा र उनीहरूलाई कसरी सहयोग गर्ने भन्ने विषयसमेतको तालिम दिइसकेको छ ।

### ४.३.३ बालबालिका खोजतलास समन्वय केन्द्र "१०४" (National Center for Children at Risk, 2006)

बालबालिकाको अपहरण भएमा वा उनीहरू हराउने बित्तिकै राज्यका सूचना र स्रोतका सम्पूर्ण क्षेत्रहरूमा सूचना र समाचारको निःशुल्क सम्प्रेषण गरी बालबालिकाप्रति हुने कुनै पनि दुर्दान्त घटनाको रोकथाम र समाप्तिका लागि परिवार, नागरिक समाज, राज्य र अन्तर्राष्ट्रिय जगतसमेतको सहकार्यमा वि.सं. २०६३ साल मंसिर २२ गते बालबालिका खोजतलास समन्वय केन्द्र (National Center for Children at Risk, 2006) को स्थापना भएको हो । यो केन्द्रको कार्यालय अहिले भृकुटीमण्डपस्थित समाजकल्याण परिषद्को एक भवनमा स्थापना गरिएको छ । हराएका, अपहरण भएका र बेवारिसे भेटिएका बालबालिका तथा बालअपराधसम्बन्धी सूचना दिन तथा सम्पर्कका लागि निःशुल्क बाल हेल्पलाइन नं. १०४ को व्यवस्था गरी यो केन्द्र चौबीसै घण्टा बालबालिकाको उद्धार सेवामा क्रियाशील छ ।

बालबालिका खोजतलास समन्वय केन्द्रका मुख्य उद्देश्यहरू देहायअनुसार छन् :

- हराएका, बेपत्ता भएका, अपहरण गरिएका, बेवारिसे अवस्थामा फेला परेका तथा आपराधिक क्रियाकलापको शिकार भएका बालबालिकाको उद्धार गरी/गराई आवश्यक सहयोग उपलब्ध गराउने ।
- बालबालिकाको घर, ठेगाना तथा परिवार (आमा, बुवा वा अन्य नातेदार) पत्ता लगाई पारिवारिक पुनर्एकीकरण, पुनःस्थापन र पुनर्मिलन गराउने ।
- बालबालिकाको घर, ठेगाना तथा परिवार तत्काल पत्ता लाग्न नसकेमा त्यस्ता बालबालिकाको संरक्षण (पालनपोषण, शिक्षादीक्षा र स्वास्थ्य) का लागि आवासीय बालगृहमा राख्न लगाउने र बालगृहसँग सुदृढ सम्बन्ध विस्तार गर्न प्रयास गर्ने ।
- बालबालिकाप्रति हुने आपराधिक घटनाहरूका बारेमा अभिभावक, बालबालिका, विद्यालय, समुदाय, बालगृह र सम्बन्धित सरकारी निकाय तथा गैरसरकारी संघसंस्थाहरूमा सूचना प्रवाह गर्ने ।
- बालबालिकाविरुद्ध हुने आपराधिक घटनाहरूलाई प्रभावकारी रूपमा रोक्न र निर्मूलन गर्न सरकारी निकाय र गैरसरकारी संघसंस्थासँग समन्वय र सहकार्य गर्ने ।
- बालअधिकारसम्बन्धी चेतना अभिवृद्धिसम्बन्धी कार्य गर्ने ।
- हराएका, बेपत्ता भएका, अपहरण गरिएका, बेवारिसे अवस्थामा फेला परेका तथा आपराधिक क्रियाकलापको शिकार भएका बालबालिकाको कारणसहितको अभिलेखीकरण गर्ने र आवधिक प्रतिवेदन तयार गरी सम्बन्धित निकायमा नियमित पेश गर्ने ।

### ४.३.४ **बाल-हेल्पलाइन १०९८ (दश-नौ-आठ)** (Child Help Line 1098)




बालसंरक्षण गरी बालबालिकाको मानसिक, शारीरिक तथा सामाजिक विकासका निमित्त अनुकूल वातवारण सुनिश्चित गर्नु राज्यको दायित्व हो । यस दायित्व पूरा गर्न सरकारी र अन्य सरोकारवालासँगको सहकार्य र समन्वयमा जोखिमपूर्ण अवस्थामा रहेका बालबालिकाको आपतकालीन उद्धार, राहत र मनोविमर्श सेवा प्रदान गर्न नेपाल सरकार, महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयले **बाल-हेल्पलाइन सञ्चालन कार्यविधि, २०६४** जारी गरी बाल–हेल्पलाइन सञ्चालन गर्दै आ( एको छ । सरकारी तथा विभिन्न गैरसरकारी संस्थाहरूको संयुक्त प्रयासमा सञ्चालनमा आ( एको बाल–हेल्पलाइन सेवाको औपचारिकरूपमा सन् २००७ को नोभेम्बर २० तरिखमा उद्घाटन गरिएको हो । बाल–हेल्पलाइनअन्तर्गत टोल फ्री नं. १०९८ (दश–नौ–आठ) भएको देशभर एकै नम्बर रहने टेलिफोनको स्थापना गरिएको छ । मन्त्रालयबाट स्वीक्रित राष्ट्रिय नीतिअनसार तोकिएको शर्त पूरा गर्ने कुनै पनि बालकेन्द्रित सरकारी र गैरसरकारी संस्थाले बाल–हेल्पलाइनको व्यवस्थापनको जिम्मा लिई साझेदारितामा सञ्चालन गर्न सक्दछ ।

**बाल-हेल्पलाइन सञ्चालन कार्यविधि, २०६४** को परिच्छेद २ अनुसार बाल–हेल्पलाइन सञ्चालनको उद्देश्य देहायअनुसार उल्लेख गरिएको छ :

- जोखिमपूर्ण अवस्थामा रहेका बालबालिकालाई आपतकालीन उद्धार, राहत र मनोविमर्श सेवा प्रदान गर्ने,
- सम्बन्धित निकाय, जनसमुदाय, नागरिक समाजजस्ता सरोरकारवालाको सहयोग र समन्वयमा बालअधिकारविरूद्ध हुने सबै प्रकारका शोषण, दूर्व्यवहार, यातनाजस्ता अपराधको रोकथामका लागि बालअधिकार पर्यवेक्षण, अनुगमन र सामाजिक चेतनाको अभिवृद्धि गर्ने, चेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्न मद्दत पुऱ्याउने,
- जोखिमपूर्ण अवस्थामा रहेका बालबालिकाको सूचना र जानकारी सङ्कलन गरी अभिलेख राख्ने ।
- यस्ता बालबालिकालाई आवश्यकताअनुसार सहयोग उपलब्ध गराई सामाजिक र पारिवारिक पुनर्एकीकरणमा सघाउ पुऱ्याउने,
- समुदायको जिम्मेवारीमा हुने बालसंरक्षण तथा पुनर्एकीकरण कार्यलाई संस्थागत गर्न सक्रिय योगदान गर्ने,
- जोखिमपूर्ण अवस्थामा रहेका बालबालिकाको हकहित र सामाजिक न्यायका लागि सम्बन्धित सरकारी निकाय, संस्था र नागरिक समाजबीच समन्वय र सहयोगको विकास गर्न सहजकर्ताको भूमिका निर्वाह गर्ने,
- बालबालिकालाई नियोजित तरिकाले जोखिमपूर्ण अवस्थामा पुऱ्याउन जिम्मेवार व्यक्ति वा समूहविरूद्ध कानुनी कारवाही गर्न क्रियाशील हुने,
- बालअधिकारको संरक्षण र सम्बर्द्धनका लागि क्रियाशील संस्था एवम् व्यक्तिसमक्ष उपलब्ध सूचना जानकारी प्रवाह गर्ने, र
- बाल–हेल्पलाइनमा बढीभन्दा बढी बालबालिकाको पहुँच सुनिश्चित गर्ने । संस्था, नागरिक समाज, विद्यालय, बालक्लबहरूको बालअधिकार संरक्षणमा सहयोग अभिवृद्धि गर्न समन्वय र परिचालन गर्ने ।

यसैगरी कार्यविधिको परिच्छेद ३ अनुसार बाल-हेल्पलाइनको सञ्चालन गर्न केन्द्रीय बालकल्याण समितिमा सचिवालय रहने गरी राष्ट्रियस्तरमा एक निर्देशन समिति रहेको छ जसमा निम्न निकायका प्रतिनिधि रहने व्यवस्था छः

क) महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय-संयोजक

ख) गृह मन्त्रालय

ग) शिक्षा मन्त्रालय

घ) स्वास्थ्य मन्त्रालय

ङ) स्थानीय विकास मन्त्रालय

च) नेपाल दूरसञ्चार प्राधिकरण

छ) नेपाल प्रहरी, महिला तथा बालबालिका सेवा केन्द्र

ज) केन्द्रीय बालकल्याण समिति

झ) बालबालिकाका क्षेत्रमा कार्यरत राष्ट्रियस्तरका संस्थाहरूमध्येबाट दुई जना

ञ) बालबालिकाका क्षेत्रमा काम गर्ने अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूमध्येबाट दुई जना,

ट) युनिसेफ नेपाल

ठ) बाल हेल्पलाइन सञ्जालमा कार्यरत संस्था मध्येबाट दुई जना,

ड) बालबालिकाको राष्ट्रिय मञ्चबाट एक जना ।

### ४.३.५ **अदालत र बालन्याय समन्वय समिति** (Court and Juvenile Justice Coordination Committee)




मानवअधिकारको संरक्षण र संवर्द्धन गर्न अदालतको महत्वपूर्ण भूमिका हुन्छ । नेपालमा सर्वोच्च अदालत, पुनरावेदन अदालत र जिल्ला अदालत गरी तीनतहका अदालतहरू रहेका छन् । बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५५ को व्यवस्थाबमोजिम बालक वादी वा प्रतिवादी भएको मुद्दाको सुरु कारवाही र किनार गर्न गठन हुने बाल अदालतलाई लिन सकिन्छ । हुनतः ऐनले परिकल्पना गरेअनुसार बालअदालत गठन भइसकेको छैन । यसरी बालअदालत गठन नभएसम्मका लागि बालबालिकासम्बन्धी मुद्दा हेर्ने अख्तियारी पाएका प्रत्येक जिल्ला अदालतमा बालइजलास रहने व्यवस्था छ । यही प्रावधानअनुरूप ७५ वटै जिल्ला अदालतमा बालइजालस गठन भएको छ । बालइजलासमा जिल्ला न्यायाधीशका अतिरिक्त बालमनोविज्ञ र सामाजिक कार्यकर्तालाई मुद्दाका कारवाही र किनारामा संलग्न गराउने कार्य सुरु भएको छ । बालइजलासको भौतिक तथा प्राविधिक क्षमता विस्तार गर्न सरकारी निकाय तथा संघसंस्थाको पहलमा विभिन्न परियोजनाहरू सञ्चालनमा रहेका छन् । यसमा केन्द्रीय बालकल्याण समिति, राष्ट्रिय न्यायिक प्रतिष्ठान र प्लान नेपालको संयुक्त साझेदारीमा सञ्चालित परियोजना प्रमुख रहेको छ ।

नेपाल सरकारले बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५८ ले दिएको अधिकारको प्रयोग गरी बालन्याय (कार्यविधि) नियमावली, २०६३ लागु गरेको छ । यस नियमावलीले बालन्यायसम्बन्धी प्रक्रियाहरूलाई व्यवस्थित गर्नुका साथसाथै यससँग सम्बन्धित विभिन्न विषयहरूलाई व्याख्या विश्लेषण गर्ने काम गरेको छ । बालइजलासले कानुनको सम्पर्कमा आएका बालबालिकालाई कानुनी संरक्षण प्रदान गर्नेमात्र नभएर पीडित बालबालिका र उनीहरूको परिवारको संरक्षणका लागि समेत महत्वपूर्णरूपमा कार्य गर्दै आएका छन् । बालन्याय (कार्यविधि) नियमावली, २०६३ को व्यवस्थाअनुसार जिल्ला अदालत (वा बालइजलास) अन्तर्गत रहनेगरी जिल्ला बालन्याय समन्वय समितिको व्यवस्था छ । यसै प्रावधानअनुरूप केन्द्रीय बालकल्याण समितिले सर्वोच्च अदालत र केन्द्रीय बालन्याय समन्वय समितिको क्रियाशीलतामा ४० वटा जिल्लाहरूमा जिल्ला बालन्याय समन्वय समिति गठन भई जिल्ला अदालतअन्तर्गत नमूना बाल इजलास स्थापना भएका छन् । कार्यविधि नियमावलीको नियम ६ अनुरूप र केन्द्रीय बालन्याय समन्वय समितिको निर्णयानुसार देहायका सदस्यहरू रहने बढीमा ९ जनासम्मको जिल्ला बालन्याय समन्वय समिति गठन गरिएको छ :

- जिल्ला न्यायाधीश .................................. अध्यक्ष
- जिल्ला बालकल्याण समितिको प्रतिनिधि ........... सदस्य
- जिल्ला सरकारी वकील कार्यालयको प्रतिनिधि ...... सदस्य
- जिल्ला प्रहरी कार्यालयको प्रतिनिधि ................. सदस्य
- जिल्ला बार एसोसियसनको प्रतिनिधि ............. सदस्य
- बालन्यायमा तालिम प्राप्त व्यक्तिहरूको प्रतिनिधि.... सदस्य
- बालन्यायसँग सम्बन्धित अन्य व्यक्ति वा संस्था .... सदस्य
- स्रेस्तेदार ............... सदस्य सचिव

समितिले आवश्यकताअनुसार बालन्यायको क्षेत्रमा कार्यरत अन्य व्यक्तिलाई आमन्त्रित सदस्यको रूपमा बोलाउन सक्नेछ । यस समितिले जिल्लातहमा तालिम प्राप्त मानवीय स्रोतहरूलाई परिचालन गर्ने र जिल्लातहमा बालन्याय सम्पादनको सिलसिलामा कार्यरत सरकारी तथा गैरसरकारी निकायहरूबीचमा समन्वय गर्ने कार्य गर्दछ ।

त्यसैगरी जिल्ला न्यायाधिवक्ताको कार्यालय एवम् कानुनी सहायता परियोजनाहरूले कानुनी विवादमा परेका बालबालिकाका मुद्दामा सक्रियताका साथ काम गरिरहेका छन् ।

### ४.३.६ महिला तथा बालबालिका कार्यालय (Women and Children Office)

तत्कालीन स्थानीय विकास मन्त्रालयअन्तर्गत महिलाविकास शाखाको स्थापना वि.सं. २०३८ सालमा भएको हो जसलाई पछि महासाखामा परिणत गरियो । नेपाल सरकारको मिति २०५७/३/२६ को निर्णयबाट ७५ जिल्लामा रहेका कार्यालयहरूलाई महिलाविकास महाशाखालाई महिलाविकास विभाग र मिति २०६०/१२/२६ को निर्णयबाट महिलाविकास कार्यालय बनाइयो । नेपाल सरकारको मिति २०६०/४/५ गतेको निर्णयानुसार महिलाविकास कार्यालयलाई महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र गैरसरकारी संस्थाहरूको समन्वयकर्ता वा सहजकर्ताको भूमिका निर्वाह गर्ने सम्पर्क निकाय (Focal Agency) तोक्नुको साथै यसको नाम महिला तथा बालबालिका कार्यालय बनाइयो । नेपाल सरकारले महिलाविकास कार्यालयका प्रमुख, महिलाविकास अधिक्रितलाई २०५७।६।१२ गतेको निर्णयबाट बालकल्याण अधिकारीका रूपमा समेत कार्य गर्नेगरी अख्तियारी दिई उत्तरदायित्व तोकेको छ ।

बालबालिकासम्बन्धी ऐन २०४८ को नियमावली २०५१ को नियम १३ अनुसार बालकल्याण अधिकारीको काम, कर्तव्य र अधिकार देहायबमोजिम व्यवस्था भएका छन्:

क) बालबालिकाको हकहितको संरक्षण तथा बालकल्याणसम्बन्धी जिल्लास्तरीय योजना तथा कार्यक्रम तर्जुमा गर्न जिल्ला बालकल्याण समितिलाई सहयोग गर्ने ।

ख) जिल्ला बालकल्याण समितिको निर्णय एवम् निर्देशनहरू कार्यान्वयन गर्ने गराउने ।

ग) जिल्ला बालकल्याण समितिको स्वीकृत कार्यक्रमको आन्तरिक मूल्याङ्कन गराउने र त्यसका प्रगति विवरणहरू जिल्ला बालकल्याण समितिको बैठकमा पेश गर्ने ।

घ) जिल्ला बालकल्याण समितिको कार्यसञ्चालनका निमित्त आवश्यक स्रोतको खोजी गर्ने र प्राप्त स्रोतहरूको परिचालन गर्ने ।

ङ) जिल्ला बालकल्याण समितिको वित्तीय कारोबारको लेखा ठीकसँग राख्न लगाउने ।

च) जिल्ला बालकल्याण समितिको सचिव भई काम गर्ने ।

छ) जिल्ला बालकल्याण समितिबाट प्रत्यायोजित एवम् निर्देशित अन्य काम गर्ने, गराउने ।

### ४.३.७ जिल्ला प्रशासन कार्यालय (Distict Administration Office)

बालसंरक्षणका लागि जिल्ला प्रशासन कार्यालय जिल्लास्तरमा रहेको एक महत्वपूर्ण निकाय हो । गृह मन्त्रालयअन्तर्गत रहेको यस निकायले खासगरी जिल्लामा शान्तिसुरक्षा र अमनचैन कायम गर्न गराउन र अपराध नियन्त्रणका लागि नेपाल प्रहरीलाई परिचालन गर्ने समेतको अख्तियारी पाएको छ । जिल्लामा रहेका जोखिमी अवस्थाका बालबालिकाको उचित रेखदेख र पालनपोषणको व्यवस्था गर्ने गराउने दायित्व पनि प्रमुख जिल्ला अधिकारीलाई तोकिएको छ । प्रमुख जिल्ला अधिकारी जिल्ला बालकल्याण समितिका संयोजक/अध्यक्षसमेत रहने व्यवस्था बालबालिकासम्बन्धी ऐन, २०४८ ले गरेको छ ।

यसका साथसाथै जिल्ला प्रशासन कार्यालयअन्तर्गत बालसंरक्षणमा समेत कार्य गर्नेगरी विभिन्न विषयगत समितिहरू गठन भई क्रियाशील भएका पाइन्छन् । यस्ता समितिहरूमा- १) जिल्ला दैवीप्रकोप व्यवस्थापन समिति, २) जिल्ला शान्ति समिति, ३) महिला तथा बालबालिका बेचबिखनविरूद्ध जिल्ला समन्वय समिति, ४) अपाङ्गता परिचय-पत्र सिफारिस समिति आदि प्रमुख रहेका छन् ।

### ४.३.८ व्यावसायिक तथा पेशागत संघसङ्गठनहरू

शिक्षा, स्वास्थ, कानुनी सेवा, मनोसामाजिक र पुनर्स्थापना सेवा, अपाङ्गता भएका व्यक्तिहरूलाई प्रदान गर्ने विशेषज्ञ सेवा, पीडित महिला तथा बालबालिकालाई आवश्यक आवासीय सेवालगायतका सेवाहरू सरकारी निकाय, व्यावसायिक तथा पेशागत संघसंस्था आदिले प्रदान गरिरहेका छन् । नेपाल सरकारका जिल्लास्थित मातहतका निकायहरू तथा गैरसरकारी संस्थाहरूले यस्ता सेवाहरू दिने गर्दछन् । यसका साथसाथै बार एसोसियसन, शिक्षक संघसङ्गठनहरू, पत्रकार महासंघ, गैरसरकारी संस्था/महासंघ, अपाङ्गता महासंघ आदिजस्ता पेशागत संघसंस्थाहरूले बालसंरक्षणमा महत्वपूर्णरूपमा योगदान दिन सक्दछन्, दिइरहेका छन् ।

***

# ११. समुदाय तथा जिल्लास्तरमा उपलब्ध सेवा तथा सेवा प्रदायक (संस्था/व्यक्ति) हरूको नक्साङ्कन



**१ घण्टा**

### ११.१ सत्रको परिचय :

कुनै पनि बालबालिका जोखिममा रहेको अवस्थामा उद्धार गरी पुर्नस्थापनाका लागि विभिन्न संस्थाहरूको सहयोग लिनुपर्ने हुन्छ । र, कतिपय सन्दर्भमा बालबालिकाको संरक्षणका लागि समुदायमा नै विभिन्न व्यक्ति वा संस्थाहरूले सहयोग गरिरहेका हुन्छन् । कुनै खास वा विशेषज्ञ सेवाका सम्बन्धमा मात्र जिल्ला वा राष्ट्रियतहमा भएका संघसंस्थाहरूको सहयोग लिनुपर्नेहुन्छ । तर त्यसलाई प्रभावकारीरूपमा समन्वय गरी परिचालन गर्न सेवा तथा सेवा प्रदायकको नक्साङ्कन गरिनु आवश्यक हुन्छ । समुदायस्तरका व्यक्तिहरूकै संलग्नतामा समुदायमा उपलब्ध सेवा तथा सेवा प्रदायक संस्था वा व्यक्तिहरूको नक्साङ्कन गर्ने उद्देश्यले यो सत्र तय गरिएको हो ।

### ११.२ अपेक्षित उपलब्धि :

यस सत्रको अन्त्यमा सहभागीहरूले,

- बालसंरक्षणसम्बन्धी सेवा तथा सेवा प्रदायक संस्था वा व्यक्तिको नक्साङ्कन गरिनुको महत्वबारे भन्न सक्नेछन् ।
- बालसंरक्षणका सम्बन्धमा समुदायमा उपलब्ध सेवा तथा सेवा प्रदाकहरूको सूची तयार पार्नेछन् ।

### ११.३ सत्र सञ्चालनका लागि आवश्यक सामग्री :

न्यूजप्रिन्ट पेपर, मार्कर, विभिन्न रङ्गका मेटाकार्ड, गम र मास्किङ्ग टेप, आदि ।

### १.११.४ सत्रको तयारी :

- सहभागीको सङ्ख्या बराबर सबैलाई एक एकवटा पुग्नेगरी बेलुनभित्र हावा भरी टुप्पोमा खुट्टामा बाँध्न मिल्ने लम्बाइ राखी धाँगोले बाँध्नुहोस् ।
- निर्धारित सहभागी सङ्ख्या बराबरको सङ्ख्यामा चार वा पाँच रङ्गको मेटाकार्डलाई गोलो आकार (चपाती) तयार गर्नुहोस् ।

### ११.५ सत्र सञ्चालन गर्ने प्रक्रिया :

- सहभागीलाई सत्रमा छलफल गरिने विषयबारे संक्षिप्त जानकारी दिनुहोस् र देहायका क्रियाकलापहरूसहित सत्रको छलफल अगाडि बढाउनुहोस् ।

### क्रियाकलाप १: बालसंरक्षणका लागि सेवाबारे सामान्य परिचय (१५ मिनेट)

- सहभागीलाई बालसंरक्षणसम्बन्धी सेवाको नक्साङ्कनबारे सामान्य जानकारी दिनुहोस् ।

बालसंरक्षणसम्बन्धी सेवाको नक्साङ्कन

- धेरै समय अघिदेखि नै समुदायका सदस्यहरूले स्रोत नक्साङ्कन कुनै न कुनै रूपमा प्रयोग गर्दै आइरहेको विधि हो । बालसंरक्षण कार्यको सन्दर्भमा यसलाई हामी सेवा तथा सेवाप्रदायकहरूको नक्साङ्कन भनिएको छ ।
- यस कार्यद्वारा बालसंरक्षणको क्षेत्रमा क्रियाशील र समुदायमा रहेका विभिन्न समूहहरू, निकाय वा संस्थाहरूको विवरण र यसका क्षमता वा उपलब्ध गर्ने सेवाहरूको विवरण एकिक्रित गरिन्छ ।
- बालसंरक्षण कार्यको सन्दर्भमा निम्न उद्देश्यका लागि स्रोत नक्साङ्कन उपयोगी हुने गर्दछः

क) बालसंरक्षण कार्यको सन्दर्भमा स्थानीयतहमा सेवाहरूको पहिचान र यसको दीर्घकालीन उपयोग गर्न,

ख) विद्यमान सेवाहरूको अलावा बालसंरक्षण कार्य (रोकथाममूलक र पुनर्स्थापकीय कार्य दुवैसँग सम्बन्धित क्रियाकलाप सञ्चालन) का लागि थप स्रोतहरू कहाँबाट कसरी प्राप्त गर्ने भन्नेबारे योजना तय गर्न,

ग) समुदायमा विद्यमान र अन्य पहुँचमा रहेका जिल्लातहका सेवाहरूको नक्साङ्कनबाट सामुदायिक बालसंरक्षण पद्धतिको स्थापनाका गर्न ।

- बालसंरक्षणसम्बन्धी सेवाको नक्साङ्कन सामान्य रूपमा निम्न प्रक्रियाबाट हुने गर्दछ भन्दै निम्न जानकारी प्रस्तुत गर्नुहोस् ।

सेवाहरूको नक्साङ्कन प्रक्रिया

- सेवाहरूको उपलब्धताको विवरण सङ्कलन गर्ने
- बालबालिका तथा तिनका परिवारको उपलब्ध स्रोतमाथि पहुँच र उपयोगको सुनिश्चितता गर्ने
- सेवाहरूको बाँडफाड तथा उपयोगमा दोहोरोपनमाथि नियन्त्रण गर्ने
- नयाँ साझेदारिता र सम्बन्ध निर्माण गर्ने
- बालबालिकाका लागि उत्तरदायी निकाय तथा संघसंस्थाबीच सेवाहरूबारे सूचना आदानप्रदान गर्ने
- समुदायका विभिन्न सरोकारवालासँग सहकार्यको प्रवर्द्धन गर्ने ।

- बालसंरक्षणसम्बन्धी सेवाको नक्साङ्कनका सम्बन्धमा कुनै जिज्ञासा भए सोध्न अनुरोध गर्ने र जिज्ञासाहरूको समाधानपश्चात् यस सत्रको अन्त्य गर्नुहोस् ।

## क्रियाकलाप २ः बालसंरक्षणसम्बन्धी सेवा तथा सेवाप्रदायकहरूको नक्साङ्कन (१५ देखि २० मिनेट)

- सहभागीहरूको सङ्ख्याअनुसार निम्न प्रक्रिया अपनाई तीन वा चार समूह तयार गर्नुहोस् । त्यसको लागि चार खालका मिठाईलाई एक कालो बाकस वा झोलामा राखी मिसमास गर्नुहोस् । अब सहभागीलाई नछानीकन एकएक वटा मिठाइ झोलाबाट झिक्न लगाउनुहोस् ।
- सबै सहभागीले मिठाई लिइसकेपछि त्यसको खोलको रङ्ग वा एकैखालका मिठाइ पर्ने सहभागीहरू एकठाउँमा जम्मा हुन लगाई समूह निर्माण गर्नुहोस् ।
- अब सहभागीलाई समूहमा निम्न विषयमा छलफल गरी न्यूजप्रिन्ट पेपरमा उतार्न अनुरोध गर्नुहोस् ।
    - समुदायमा विद्यमान बालसंरक्षण सेवा र सेवाप्रदायकहरूको सूची
    - जिल्लास्तरमा रहेको बालसंरक्षणसम्बन्धी सेवा र सेवा प्रदायकहरूको सूची

स्थानीयरूपमा उपलब्ध सेवाहरू तथा सेवा प्रदायकहरूको नक्साङ्कनसम्बन्धी नमूना यसप्रकार दिइएको छः

| क्र.सं. | सेवाप्रदायक व्यक्ति वा संस्थाको नाम र ठेगाना | सम्पर्क व्यक्तिको नाम तथा सम्पर्क नम्बर तथा इमेल | सेवा क्षेत्र (स्थानीय/ जिल्ला/ केन्द्रीय) | सेवाको प्रकृति (मनोविमर्श, कानुनी, शैक्षिक, आर्थिक, सीपमूलक आदि) | सेवा प्रदान गर्ने क्षमता (सङ्ख्या) यदि भए, |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

- सबै सहभागी समूहले समूह-कार्य सकेपछि तालिम हलभित्रको एकएक ठाउँमा टाँस्न लगाउनुहोस् र एकले अर्को समूहको समूह-कार्य अवलोकन गर्न लगाउनुहोस् ।
- यदि कुनै समूह सदस्यहरूलाई अर्को समूहले गरेको कार्यमा थप जिज्ञासा वा थप कारणहरू भएमा उल्लेख गर्न पनि सकिने व्यहोरा पनि जानकारी गराउनुहोस् ।
- सबै समूह सदस्यहरूले सबै समूहको समूह-कार्य अवलोकन तथा छलफल गर्न सकिएपश्चात् आ-आफ्नो स्थानमा बस्न आग्रह गर्नुहोस् ।
- यसखाले स्रोतको नक्साङ्कन समय-समयमा अद्यावधिक (अपडेट) गर्नुपर्ने बारे सहभागीलाई सचेत गराउनुहोस् । यो किन जरूरी छ भने कुनै पनि संघसंस्था वा निकायले दिने सेवा सदैव उही नहुन सक्छ भने त्यस्ता सेवा दिने अन्य संघसंस्था वा निकाय समुदायमा उपलब्ध हुनसक्छन् ।

## क्रियाकलाप ३ः सत्रको मूल्याङ्कन र सारसंक्षेप (१० मिनेट)

- अन्त्यमा, अहिलेसम्म गरिएका छलफलको सारांश खिच्दै सत्रको मूल्याङ्कन गर्नुहोस् ।

मूल्याङ्कनका लागि सहभागीलाई सोध्न सकिने केही प्रश्नहरू

- यस सत्रमा हामीले के कस्ता कुराहरूमा छलफल गर्‍यौं ?
- समुदायमा के-कस्ता खालका बालसंरक्षणसम्बन्धी सेवाहरू उपलब्ध छन् ? ती सेवाहरू कुन कुन संस्था वा निकायहरूले सञ्चालन गरिरहेका छन् ?
- बालबालिकाको संरक्षणका सन्दर्भमा कुनै सेवा समुदायमा उपलब्ध छैन भने के गर्न सकिन्छ ?

- सत्रमा सक्रियतापूर्वक सहभागी भएकोमा सबैलाई धन्यवाद दिई सत्रको अन्त्य गर्नुहोस् ।

***

# अध्ययन सामग्री-५

## ५.१ बालसंरक्षणसम्बन्धी सेवा र सेवाप्रदायकको नक्साङ्कन

स्रोत नक्साङ्कन धेरै समय अघिदेखि नै समुदायका सदस्यहरूले कुनै न कुनै रूपमा प्रयोग गर्दै आइरहेको विधि हो । बालसंरक्षण कार्यको सन्दर्भमा पनि यसलाई प्रयोग गर्न सकिन्छ । स्रोत नक्साङ्कन कार्यपश्चात् प्राप्त अभिलेख वा नतिजा बालसंरक्षण कार्यको बिभिन्नतहमा फरकफरक ढङ्गले प्रयोग गर्न सकिन्छ । स्रोत नक्साङ्कन कार्यद्वारा निश्चित उद्देश्यका लागि समुदायमा विद्यमान विभिन्न समूहहरू, निकाय वा संस्थाहरूको विवरण र यसका क्षमता वा उपलब्ध गर्ने सेवाहरूको विवरण एकीकृत गरेर राखेको खण्डमा बालसंरक्षण पद्धति निर्माण गर्न सहयोग पुग्दछ । बालसंरक्षण कार्यको सन्दर्भमा निम्न उद्देश्यका लागि स्रोत नक्साङ्कन उपयोगी हुने गर्दछः

क) बालसंरक्षण कार्यको सन्दर्भमा स्थानीयतहमा सेवाहरूको पहिचान र यसको दीर्घकालीन उपयोग गर्न,

ख) विद्यमान सेवाहरूको अलावा बालसंरक्षण कार्य (रोकथाममूलक र पुनर्स्थापकीय कार्य दुवैसँग सम्बन्धित क्रियाकलाप सञ्चालन) का लागि थप स्रोतहरू कहाँबाट कसरी प्राप्त गर्ने भन्नेबारे योजना तय गर्न,

ग) समुदायमा विद्यमान र अन्य पहुँचमा रहेका जिल्लातहका सेवाहरूको नक्साङ्कनबाट सामुदायिक बालसंरक्षण पद्धतिको स्थापनाका गर्न

सेवाहरूको नक्साङ्कन संक्षिप्त र सरलरूपमा बुझ्दा निम्न प्रक्रियाबाट सम्पन्न गर्न सकिन्छ :

- सेवाहरूको उपलब्धताको विवरण सङ्कलन,
- बालबालिका तथा तिनका परिवारको उपलब्ध स्रोतमाथि पहुँच र उपयोगको सुनिश्चितता,
- सेवाहरूको बाँडफाड तथा उपयोगमा दोहोरोपनमाथि नियन्त्रण,
- नयाँ साझेदारिता र सम्बन्ध निर्माण,
- बालबालिकाका लागि उत्तरदायी निकाय तथा संघसंस्थाबीच सेवाहरूबारे सूचना आदानप्रदान गरेर,
- समुदायका विभिन्न सरोकारवालासँग सहकार्यको प्रवर्द्धन गरेर ।

समुदायमा विद्यमान सेवाहरूको सूचनाका लागि नक्साङ्कन कार्य एकपटकमा सम्पन्न गर्न सकिने भए तापनि समयसमयमा यसको अद्यावधिक गरिराख्नुपर्ने हुन्छ । यो किन जरूरी छ भने कुनै पनि संघसंस्था वा निकायले दिने सेवा सदैव उही नहुन सक्छ भने त्यस्ता सेवा दिने अन्य संघसंस्था वा निकाय समुदायमा उपलब्ध हुन सक्छन् । यस्तो निकाय वा संघसंस्था वा समूहहरू स्थानीयस्तरमा सरसर्ती अवलोकन गर्दा गाविस, विद्यालय, सहकारी संस्था, वन उपभोक्ता समूह, महिला समूह, बालक्लब आदि हुनसक्छन् ।

स्थानीयरूपमा उपलब्ध सेवाहरू तथा सेवा प्रदायकहरूको नक्साङ्कन नमूनाः

| क्र.सं. | सेवाप्रदायक व्यक्ति वा संस्थाको नाम र ठेगाना | सम्पर्क व्यक्तिको नाम तथा सम्पर्क नम्बर तथा इमेल | सेवा क्षेत्र (स्थानीय/ जिल्ला/ केन्द्रीय) | सेवाको प्रकृति (मनोविमर्श, कानुनी, शैक्षिक, आर्थिक, सीपमूलक आदि) | सेवा प्रदान गर्ने क्षमता (सङ्ख्या) यदि भए, |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

***

# १२. बालसंरक्षण नीति



१ घण्टा

### १२.१ सत्रको परिचय :

बालबालिकासँग प्रत्यक्ष वा अप्रत्यक्षरूपमा संलग्न भई काम गर्ने कुनै संस्था, निकाय वा समूह वा समुदायका सदस्यहरूले बालसंरक्षण नीतिको मातहत काम गर्नुपर्दछ । त्यसो भएमा बालबालिकामाथि हुनसक्ने हानिहरूबाट जोगाउन आवश्यक सावधानी अपनाउन सकिन्छ र बालसंरक्षणको लागि आचारसंहिता तर्जुमा गरी लागु गर्न सकिन्छ । यी सबैको समग्र रूपलाई बालसंरक्षण नीतिको रूपमा बुझ्न सकिन्छ । बालसंरक्षण नीति आफैमा एक प्रतिबद्धता हो र यसलाई बालबालिकामाथि हुने जोखिम न्यूनीकरण गर्नका लागि पूर्व-तयारी वा सतर्कताको रूपमा लिइन्छ । अतः यस सत्रको उद्देश्य भनेको स्थानीयतहमा बालसंरक्षण नीतिको महत्वबारे छलफल गरी नीति तयार गर्न सघाउनु हो ।

### १२.२ अपेक्षित उपलब्धि :

यस सत्रको अन्त्यमा सहभागीहरूले,

- समुदायस्तरमा बालसंरक्षण नीतिको आवश्यकता र महत्वबारे भन्न सक्नेछन् ।
- समुदायस्तरमा बालसंरक्षण नीति-निर्माणका लागि आवश्यक आधार तयार पार्नेछन् ।

### १२.३ सत्र सञ्चालनका लागि आवश्यक सामग्री :

न्यूजप्रिन्ट पेपर, मार्कर, विभिन्न रङ्गका मेटाकार्ड, गम र मास्किङ्ग टेप, आदि ।

### १.१२.४ सत्रको तयारी :

- सहभागीको सङ्ख्या बराबर हुने गरी मेटाकार्ड वा कागजलाई विभिन्न तीन आकार (जस्तै गोलो, आयाताकार वा वर्गाकार वा त्रिभुजाकार) मा काट्नुहोस् र एउटा बाकसमा मिसमास पारी राख्नुहोस् ।
- बालबालिकामाथि हुने हानिहरूबारे विस्तृतरूपमा जानकारी हासिल गर्नुहोस् । र, विभिन्न संघसंस्थाहरूले अवलम्बन गरेका बालसंरक्षण नीति तथा बालसंरक्षण आचारसंहिताका नमूनाहरू अध्ययन गर्नुहोस् ।

### १२.५ सत्र सञ्चालन गर्ने प्रक्रिया :

- सहभागीलाई यस सत्रमा छलफल गरिने विषयबारे संक्षिप्त जानकारी दिनुहोस् र तलका क्रियाकलापहरू सञ्चालन गर्नुहोस् ।

### क्रियाकलाप १: बालसंरक्षणका नीतिबारे परिचय (२० मिनेट)

- सहभागीहरूलाई देहायका सामग्रीको आधारमा बालसंरक्षण नीति भनेको के हो भन्ने बारेमा जानकारी दिनुहोस् ।

बालसंरक्षण नीति

- बालबालिकासँग प्रत्यक्ष वा अप्रत्यक्षरूपमा संलग्न भई काम गर्ने कुनै संस्था, निकाय वा समूह वा समुदायका सदस्यहरूले बालबालिका माथि हुनसक्ने हानिहरूबाट जोगाउन अपनाइने वा अपनाउनुपर्ने आचारसंहिता (शर्त वा सावधानीका बुँदाहरू) नै बालसंरक्षण नीति हो ।
- संस्था वा समूहका सदस्यहरू र बालसंरक्षण नीतिमार्फत् बालबालिकासँग प्रत्यक्ष वा अप्रत्यक्षरूपमा काम गर्ने विभिन्न व्यक्तिहरूको व्यवहारलाई सावधानीपूर्वक नियन्त्रण गर्न बालसंरक्षण नीतिले सघाउँदछ ।
- बालसंरक्षणप्रति संस्थागत वा सामुहिक प्रतिबद्धता र यसको कार्यान्वयनका लागि बालसंरक्षण नीतिको आवश्यकता हुने गर्दछ । यसर्थ, नीतिलाई बालबालिकामाथि हुने जोखिम न्यूनीकरणका लागि पूर्व तयारी वा सतर्कताको रूपमा लिइन्छ ।
- बालसंरक्षण नीति निम्न उद्देश्यका लागि तयार गर्ने गरिन्छ :
    - बालबालिकाको हित, सुरक्षा र बालमैत्री प्रक्रिया निर्धारण एवम् सुनिश्चितताका लागि
    - बालसंरक्षण कार्यका सन्दर्भमा बालबालिकालाई भेदभाव गर्न नहुने
    - बालबालिकासँग कार्य गर्दा व्यावसायिक वा दक्षतापूर्ण व्यवहार तय गर्न
    - बालबालिकाको सम्बन्धमा प्राप्त सूचना, जानकारीहरूको गोपनीयता कायम हुने वातावरण सिर्जना गर्न,
    - बालसंरक्षण नीतिविपरीत हुने कार्यलाई संस्था वा समूहको पहिचान कायम हुने भएकाले स्वयं व्यक्तिलाई उत्तरदायी बनाई बालबालिकाको उच्चतम हित कायम गर्न ।
- समुदायतहमा रहेका विभिन्न संघसंस्था वा समूहका लागि बालसंरक्षण नीति आवश्यक हुने गर्दछः
    - क) बालबालिकामाथि हुने हानि (बालदूर्व्यवहार, शोषण, हिंसा, भेदभावलगायत) उपर शुन्य सहनशीलताको सुनिश्चितताका लागि ।
    - ख) बालबालिकामाथि अपराध गर्ने व्यक्तिलाई कानुनी दायरामा ल्याउन ।
    - ग) बालसंरक्षणका लागि संस्थागत वा सामुहिक प्रतिबद्धताका लागि
    - घ) बालबालिकासँग प्रत्यक्ष वा अप्रत्यक्षरूपमा काम गर्दा बालसंरक्षणको पूर्वाधार तयारी वा सर्तकताका लागि ।

- बालसंरक्षण नीतिको तर्जुमा के कसरी गर्न सकिन्छ भन्ने बारे देहायको छलफल अगाडि बढाउनुहोस् ।

## बालसंरक्षण नीति तर्जुमा (निर्माण) प्रक्रिया

- बालसंरक्षण नीतिको महत्व र आवश्यकताबारे संस्था वा समूह सदस्यहरूबीच छलफल गर्ने ।
- संस्थागत वा समूहगतरूपमा बालसंरक्षणका सन्दर्भमा वर्तमान अभ्यासहरू के छन् भन्ने बारेमा विश्लेषण गर्ने (स्वविश्लेषण गर्ने) ।
- संस्थागत वा समूहगतरूपमा स्वामित्व ग्रहण गर्नेगरी सरोकारित सबै सदस्यहरूसँग छलफल गर्ने । (बालबालिकाको सहभागिता सुनिश्चित गर्ने) ।
- बालसंरक्षण नीति उल्लंघन भएमा उजुरी गर्ने प्रक्रिया र संयन्त्रको पहिचान र स्थापना गर्ने ।
- बालसंरक्षण नीतिको मस्यौदा तयार गर्ने, छलफल गर्ने र पारित गर्ने ।
- बालबालिका संलग्न हुने सबै क्रियाकलापहरूमा बालसंरक्षण नीति लागु गर्ने ।

- बालसंरक्षण नीतिका सम्बन्धमा केही अलमल भए सहभागीलाई प्रश्न सोध्न भन्नुहोस् र प्रश्नहरूको समाधानपश्चात सत्रको अन्त्य गर्नुहोस् ।

### क्रियाकलाप २: बालसंरक्षण नीतिको मस्यौदा तयारी (२०देखि १५ मिनेट)

- सहभागीहरूलाई तीन समूहमा विभाजन गरी देहायका प्रश्नहरू समूहमा छलफल गरी न्यूजप्रिन्ट पेपरमा लेख्न लगाउनुहोस् ।
    - समुदायका बालबालिकाको संरक्षणका लागि कार्य गर्ने व्यक्ति र संस्थाले के के कुरामा ध्यान पुर्‍याउनुपर्दछ ?
    - समुदायमा बालसंरक्षणका लागि कार्य गर्ने व्यक्ति र संस्थाले गर्न नहुने कुराहरू के-के हुन सक्दछन् ?
    - समुदायमा बालबालिका संरक्षणको जोखिममा परेमा कहाँ र कसरी उजुरी दिन सकिन्छ ?
- प्रत्येक समूहको नेतालाई क्रमैसँग समूह-कार्य प्रस्तुत गर्न लगाउनुहोस् र अन्य समूहलाई कुनै बुँदामाथि प्रष्ट हुन चाहेमा प्रश्न गर्न र प्रस्तुत गर्ने नेता र समूहका सदस्यहरूलाई त्यसबारे स्पष्ट पार्न अनुरोध गर्नुहोस् ।
- सबै समूहको प्रस्तुति र छलफल सकिएपछि सहभागीहरूमध्येबाट बालसंरक्षण नीति मस्यौदा तयारी कार्य-समूह बनाई मस्यौदा लेखन गर्न प्रोत्साहित गर्नुहोस् ।
- बालसंरक्षण नीतिको तयारीका लागि आवश्यक कार्ययोजना (कहिलेसम्म के के गर्ने) समेत छलफल गरी तयार गर्नुहोस् :

| क्र.सं. | के काम | कहिलेसम्म | जिम्मेवारी |
|---|---|---|---|
| १. | बालसंरक्षण नीतिको आवश्यकताबारे संस्था वा समूहमा छलफल गर्ने र मस्यौदा तयारी समिति गठन गर्ने | | |
| २. | बालसंरक्षण नीतिको मस्यौदा तयार | | |
| ३. | संस्था वा समूहका व्यक्तिहरूसँग बालसंरक्षण नीतिको मस्यौदामाथि छलफल | | |
| | बालबालिकासँग बालसंरक्षण नीतिको मस्यौदामाथि छलफल | | |
| | अन्य सरोकारवालासँग बालसंरक्षण नीतिको छलफल | | |
| ४. | बालसंरक्षण नीतिको अन्तिम मस्यौदा तयार, संस्था वा समूहभित्र छलफल र त्यसलाई पारित गर्ने | | |
| ५. | बालसंरक्षण नीति लागु गर्ने । | | |

- बालसंरक्षण नीतिको मस्यौदा तयारी समूह तथा कार्ययोजना निर्माणका लागि सबैलाई धन्यवाद दिदै बालसंरक्षण नीतिको निर्माण तथा कार्यान्वयनका लागि शुभकामनासमेत दिनुहोस् ।

### क्रियाकलाप ३: सत्रको मूल्याङ्कन र सारसंक्षेप (५ मिनेट)

- अन्त्यमा सहभागितामूलक विधिबाट सत्रको मूल्याङ्कन गर्नुहोस् ।

मूल्याङ्कनका लागि सहभागीलाई सोध्न सकिने प्रश्नहरू
- बालसंरक्षण नीति भनेको के हो ?
- बालसंरक्षण नीति किन आवश्यक हुन्छ ?

- सत्रमा सक्रियतापूर्वक सहभागी भएकोमा सबैलाई धन्यवाद दिनुहोस् ।

***

# अध्ययन सामग्री-६

## ६.१ बालसंरक्षण नीति

बालसंरक्षण कार्य बालबालिकाका लागि र बालबालिकासँगै वा बालबालिकाको प्रत्यक्ष सहभागितामा गरिने भएकाले पनि कार्यको दौरानमा उनीहरू सुरक्षित हुने कुरा सुनिश्चित गरिनुपर्दछ । उनीहरू शारीरिक वा स्वास्थ्यको दृष्टिकोणले मात्र सुरक्षित हुनुपर्ने होइन, कतिपय वयस्क वा अन्य व्यक्तिका व्यवहारका सन्दर्भमा पनि सुरक्षाको आवश्यकता हुन्छ । बालबालिकाको उच्चतम हितलाई मध्यनजर गर्दै बालबालिकासंवेदी कार्य तथा व्यवहार गर्नु बालसंरक्षण कार्यमा संलग्न सबै व्यक्ति वा निकाय वा संस्थाका प्रतिनिधिको दायित्व हो ।

बालबालिकामाथि हुने सबै प्रकारका हानिहरूबाट जोगाउन संस्थागत तथा समूहगतरूपमा व्यक्त सार्वजनिक प्रतिबद्धता नै बालसंरक्षण नीति हो । यसले संस्था तथा समूहको समग्र क्रियाकलाप र यसमा संलग्न व्यक्तिहरूको व्यवहारलाई प्रतिबिम्वित गर्दछ । यसको साथै संस्थागत वा समूहगतरूपमा बालसंरक्षण नीतिलाई कार्यमा कसरी बदल्ने भन्ने कार्यविधिसमेत तय गर्दछ । बालसंरक्षण नीतिमा बालबालिकामाथि हुने सबैप्रकारका हानिहरूबाट बालबालिकालाई जोगाउनका लागि रोकथाममूलक उपायलाई समेटिएको हुन्छ । यसको साथै कुनै पनि हानि भएको खण्डमा उजुरी प्रक्रियाहरू (गोप्यरूपमा पनि उजुरी गर्नसकिने) उल्लेख गरिएको हुन्छ । बालबालिकाको हितविपरीत हुने हानिकारक व्यवहारको शुन्य सहनशीलताको नीति अपनाइन्छ । अझ यस्ता गलत कार्यमा संलग्न भएका व्यक्तिको हकमा कानुनी दायरा वा प्रक्रियामा ल्याउने पनि सोही संस्था वा समूहको दायित्व हुने गर्दछ ।

## ६.२ बालसंरक्षण नीतिको सामान्य उद्देश्यहरू :

- बालबालिकाको हित, सुरक्षा र बालमैत्री प्रक्रिया निर्धारण एवम् सुनिश्चितताका लागि
- बालसंरक्षण कार्यका सन्दर्भमा बालबालिकालाई भेदभाव नहुने
- बालबालिकासँग कार्य गर्दा व्यवसायिक वा दक्षतापूर्ण व्यवहार तय गर्न
- बालबालिकाको सम्बन्धमा प्राप्त सूचना, जानकारीहरूको गोपनीयता कायम हुने वातावरण सिर्जना गर्न,
- बालसंरक्षण नीतिविपरीत हुने कार्यलाई संस्था वा समूहको पहिचान कायम हुने भएकाले स्वयं व्यक्तिलाई उत्तरदायी बनाई बालबालिकाको उच्चतम हित कायम गर्न ।

## ६.३ बालसंरक्षण नीतिको ढाँचा

### प्रस्तावना

संस्थाको भूमिका, प्रस्तावना र उद्देश्यबाट मुख्य मुख्य बुँदाहरू लिने ।

बालबालिकालाई दूर्व्यवहार, हिंसा, शोषण र भेदभावजस्ता जोखिमबाट संरक्षण गर्न यस संस्थाको उद्देश्य, कर्तव्य, दायित्व र प्रतिबद्धता भएकाले,

(.... .. सरोकारवाला र बालबालिकासमेतसँग परामर्श गरी) यो बालसंरक्षण नीति जारी गरिएको छ ।

यो बालसंरक्षण नीतिको पालना गर्नु ..यस संस्थासँग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सम्बद्ध पदाधिकारी, कर्मचारी, स्वयंसेवक तथा अन्य सरोकारवाला सबैको कर्तव्य हुनेछ ।

### ६.३.१ उद्देश्य :

- संस्थामा संलग्न सबै पदाधिकारी तथा कर्मचारी, स्वयंसेवकहरूलाई बालसंरक्षणका विषयमा जानकारी दिई कार्यक्रममा सहभागी बालबालिकालाई हिंसा, दूर्व्यवहार, शोषण र भेदभावबाट संरक्षण गर्नु यस बालसंरक्षण नीतिको उद्देश्य रहेको छ ।
- आचारसंहिताका रूपमा यो बालसंरक्षण नीति संस्थाका सबै सदस्यहरू, कर्मचारीहरू, स्वयंसेवकहरू, परामर्शदाताहरूलगायत बालबालिकासँग प्रत्यक्ष सम्पर्कमा रही काम गर्ने र बालबालिकाको साथमा विदेश भ्रमणमा जानेहरू सबैमाथि लागु हुन्छ ।
- यस बालसंरक्षण नीतिमा उल्लेख भएका आचारसंहिताको उल्लंघन गरेमा त्यसलाई विधान र कर्मचारी सेवा, शर्त विपरीत कार्य गरेको मानिनेछ र त्यसमा यही नीति कार्यान्वनयनका लागि बनेको कार्यविधिअनुसार कारबाही गरिनेछ ।

### ६.३.२ बालसंरक्षण नीति

- बालबालिकालाई कुटपिट गर्न वा शारीरिक वा मानसिक चोट पुऱ्याउन वा दूर्व्यवहार गर्नुहुँदैन ।
- बालबालिकासँग शारीरिक वा यौनसम्बन्ध राख्नुहुँदैन ।
- बालबालिकालाई कुनै काम वा बोलीबाट दूर्व्यवहार गर्न वा दूर्व्यवहारको जोखिममा पार्नुहुँदैन ।
- बालदूर्व्यवहारका मामिलालाई अतिरञ्जित वा उपेक्षित तुल्याउनुहुँदैन ।
- बालबालिकालाई अभद्र, अनुचित र आक्रामक शब्दको प्रयोग गर्ने, सल्लाह वा सुझाव दिने गर्नुहुँदैन ।
- ख्यालख्यालमा पनि बालबालिकालाई अभद्र इसारा वा बोली प्रयोग गर्नुहुँदैन ।
- जाति, संस्क्रिति, उमेर, लिङ्ग, शारीरिक अवस्था, धर्म, क्षेत्र, यौनिकता वा राजनीतिक आस्थाका आधारमा बालबालिकालाई भेदभाव हुने शब्द प्रयोग गर्ने वा व्यवहार गर्ने गर्नुहुँदैन ।
- सामान्यतयाः बालबालिकालाई मोटरमा एक्लै लिएर डुल्न जानुहुँदेन ।
- बालबालिकालाई अस्वभाविक र अनुपयुक्त मानिने तरिकाले अँगालो मार्ने, म्वाइँ खाने, धाप मार्ने, सुमसुम्याउने वा समात्ने गर्नुहुँदैन ।
- बालबालिकाले इच्छा नदेखाएमा उसँग हात मिलाउनेलगायतका व्यवहार गर्न कर गर्नु र त्यसमा आफू अगाडि सर्नहुँदैन ।
- बालबालिकामाथि आफ्नै दौंतरीहरूबाट पनि दूर्व्यवहार हुनसक्ने जोखिमप्रति सजग रहनुपर्छ ।
- आफूले जति नै सदाशय राखे पनि अरूले आफ्नो व्यवहारको अपव्याख्या गर्न सक्छन् भन्ने सधैं ख्याल राख्नुपर्छ ।
- कुनै पनि व्यक्तिले आफूले बालबालिकाप्रति दूर्व्यवहार, हिंसा, शोषण र भेदभाव गरेपनि आफ्नो व्यक्तिगत प्रतिष्ठाले कारबाहीबाट जोगाउँछ भनेर कहिल्यै ठान्नुहुँदैन ।
- बालबालिकाप्रति दूर्व्यवहार, हिंसा, शोषण र भेदभाव गरे पनि कारबाही हुने परिस्थितिमा आफू परिंदैन भनेर कहिल्यै ढुक्क हुनुहुँदैन ।
- संस्थाका पदाधिकारी, कर्मचारी, स्वयंसेवी र बालबालिकाले दण्ड, सुधार वा अनुशासन कुनै बहाना वा अवस्थामा बालबालिकामाथि कुनै पनि प्रकारको यातना, क्रुर, अमानवीय वा तिरस्कारपूर्ण व्यवहार गर्न, गराउन वा सहन हुँदैन ।
- दूर्व्यवहार, शोषण, हिंसा, भेदभावजस्ता व्यवहार भएमा त्यसको विरोध र प्रतिरोध गर्नुपर्दछ र तत्काल सुपरिवेक्षक व्यक्ति वा निकायलाई जानकारी गराउनुपर्दछ ।

- बालसंरक्षण नीति, नियम र आचारसंहिताको उल्लंघन भएको विश्वास वा हुने शङ्का भएमा समस्या समाधान गर्ने दायित्व र अधिकार भएको जिम्मेवार निकाय वा तहलाई तत्काल जानकारी गराउनुपर्दछ । त्यस्तो दायित्व आफ्नै रहेछ भने आवश्यक कारबाहीका लागि पहल गर्नुपर्छ ।
- सबैले बालबालिकाको गोपनीयताको अधिकारको सम्मान गर्नुपर्दछ र खासगरी कर्तव्य पालनका सिलसिलामा जानकारीमा आएको बालबालिका र उनीहरूको परिवारसँग सरोकार राख्ने कुनै पनि तथ्य प्रकाशमा ल्याउनुहुँदैन ।
- बालबालिकासँग सकारात्मक, स्नेहपूर्ण र आपसी सम्मानपूर्ण व्यवहार अनुरूपको सम्बन्ध राख्नुपर्छ ।
- बालबालिकाको मृत्यु, दुर्घटना, आत्महत्या, पलायन, वा बालबालिकामाथि दूर्व्यवहारजस्ता घटना भएको थाहा पाउने बित्तिकै व्यवस्थापनलाई सूचना दिनु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।
- कसैले पनि बालबालिकालाई धम्की दिने, श्रम र यौनशोषण गर्ने, कुटपीट गर्ने शारीरिक वा मौखिक दूर्व्यवहार गर्ने गर्नुहुँदै न । अरु कसैले त्यस्तो व्यवहार गरेको देखेमा प्रतिवाद गर्नुपर्छ र आवश्यक कारबाही गर्नु, गराउनुपर्छ ।
- बालबालिकाको सर्वोत्तम हितका निमित्त सधैं तत्पर हुनुपर्छ र कुनै पनि अवस्थामा जानीजानी बालबालिकामाथि क्षति पुग्ने काम गर्नुहुँदैन ।

### ६.३.४. बालसंरक्षण कार्यविधि :

...संस्था प्रत्यक्ष अप्रत्यक्ष रूपमा संलग्न संघसंस्था र व्यक्तिहरूका लागि तर्जुमा गरेको बालसंरक्षण नीति लागु गर्न निम्न बमोजिमको कार्यविधि स्वीक्रित गरी लागु गरेको छ ।

- बालसंरक्षण नीतिको कार्यान्वयनको अनुगमनका लागि बालअधिकारकर्मी, सामाजिक कार्य गर्ने व्यक्ति (Social Worker) शास्त्री, कानुनविद्, मनोसामाजिक विशेषज्ञ र संस्थाका प्रतिनिधि रहेको अनुगमन समिति गठन गरिनेछ । अनुगमन समितिले आफ्नो कार्यविधि आफैं तय गर्नेछ । अनुगमन समितिले कारबाहीको सिफारिस गर्दा घटनाको प्रकृति र गम्भीरताका आधारमा गर्नुपर्नेछ ।
- सबै पदाधिकारी, कर्मचारी, सदस्य तथा साझेदार संघसंस्थाका प्रतिनिधि, साधारण सदस्यहरूले बालसंरक्षण नीति पालना गर्ने प्रतिज्ञा पत्रमा हस्ताक्षर गर्नुपर्नेछ । यो नीति लागु भएपछि सदस्य बन्न चाहने वा न्यिूक्त हुने कर्मचारीले पनि त्यस्तो प्रतिज्ञापत्रमा हस्ताक्षर गर्नुपर्नेछ ।
- पदाधिकारी वा कर्मचारीमाथि बालसंरक्षण नीतिविपरीत कार्य गरेको आरोप लागेमा अनुमगन समितिले छानबिन गरी कारबाहीको सिफारिससहितको प्रतिवेदन अध्यक्षलाई दिनेछ । छानविनबाट सफाइ नपाउँदासम्म त्यस्तो आरोप लागेको व्यक्ति आफ्नो पदबाट निलम्वित हुनेछ । अध्यक्षले यस्तो प्रतिवेदन प्राप्त भएको बढीमा एक साताभित्र कार्यान्वयन गराउनुपर्नेछ ।
- बालसंरक्षण नीतिको उल्लंघन गरेको ठहर भएमा त्यस्तो व्यक्ति स्वतः पदमुक्त हुनेछ र भविष्यमा संस्थाको कुनै पनि पदका लागि अयोग्य भएको मानिनेछ ।
- बालसंरक्षण नीतिको उल्लंघन गर्ने पदाधिकारी वा कर्मचारीले गरेको घटनाको गम्भीरता र प्रकृतिअनुसार कानुनी कारबाहीका लागि सम्बन्धित निकायमा पठाउनुपर्नेछ ।
- बालसंरक्षण नीतिको कार्यान्वयनको अनुमगन सामान्यतया संस्थाका पदाधिकारीले गर्नेछन् । अनुगमनको कार्यविधि र सूचकाङ्कको अनुगमन समितिको सिफारिसमा संस्थाको कार्यसमितिले तय गर्नेछ ।
- संस्थाका पदाधिकारी वा साधारण सदस्यले बालसंरक्षण नीतिविपरीत कार्य गरेको ठहर भएमा निजलाई सदस्यताबाट हटाइनेछ ।

- संस्थासँग कारोबार गर्ने बैंक, व्यापारिक प्रतिष्ठान वा अन्य कुनै संस्था वा व्यक्तिले पनि बालसंरक्षण नीति पालना गर्नुपर्नेछ । त्यस्तो प्रतिष्ठान वा व्यक्तिले बालसंरक्षण नीतिविपरीत कार्य गरेको प्रमाणित भएमा वा अनुगमन समितिले प्रतिवेदन दिएमा त्यस्ता व्यक्ति वा संस्थासँग कुनै कारोबार गर्नेछैन । २.९ बालसंरक्षण नीति अनुगमन समितिले संस्थाका कार्यक्रमहरू, सदस्य संस्था र व्यक्तिहरूका संस्था र कारखाना तथा संस्थासँग कारोबार गर्ने व्यक्ति र संस्थाहरूको निरीक्षण/अध्ययन गरी सुझाव र सिफारिससहितको वार्षिक अनुगमन प्रतिवेदन संस्थाका अध्यक्षलाई बुझाउनुपर्नेछ । अनुगमन समितिको सहयोगका लागि आवश्यक सक्षम कर्मचारी संस्थाले खटाउनेछ ।

### ६.३.५ बालसंरक्षण नीतिको प्रचारप्रसार

यस बालसंरक्षण नीतिको बारेमा सरोकारवाला सबैलाई जानकारी दिन चरणबद्ध रूपमा तालिमको आयोजना गर्नुपर्छ । यसलाई यस नीतिको अभिन्न अङ्गको रूपमा लिइनुपर्दछ । यसलाई बालसंरक्षण नीतिको कार्यविधिमा नै उल्लेख गर्नुपर्छ ।

बालसंरक्षण नीतिको अन्तिम मस्यौदा तयार भएपछि निम्नअनुसारको कार्यक्रमहरू आयोजना गर्नुपर्दछ :

- संस्थाका पदाधिकारी र कर्मचारीहरू, सहयोग र सहकार्यमा कार्यक्रम सञ्चालन गर्ने संस्थाका पदाधिकारी र कर्मचारीहरू तथा साधारण सदस्य र बालबालिकाका लागि परिचय र अभिमुखीकरण गोष्ठी ।
- बालसंरक्षण नीतिलाई पुस्तिकाका रूपमा छपाउने र फ्लेक्स बोर्डमा चित्रित गरी पाठ्यसामग्री प्रकाशन र प्रचार गर्ने ।

***

# १३. बालसंरक्षण कार्यमा बालबालिकाको सहभागिता



**१ घण्टा**

## १३.१ सत्रको परिचय :

बालअधिकारको सन्दर्भमा 'सहभागिता' लाई बालबालिकाले आफ्ना अधिकार उपयोग गर्ने एक सशक्त माध्यमका रूपमा लिइन्छ । यसैले बालसंरक्षणको हरेक तह (सूचना वा जानकारी सङ्कलन, जनचेतना जागरण, बालसंरक्षण कार्ययोजना तर्जुमा र यसको कार्यान्वयनलगायत) मा पनि बालबालिकाको सहभागिता आवश्यक हुन्छ । बालबालिकामाथि हुने हानिहरूबारे सर्वप्रथम ती बालबालिकाले नै जानकारी पाउनुपर्दछ । जानकारीपश्चात् बालबालिका सचेत एवम् सशक्त भई यसको पूर्वसजगता अपनाउने, प्रतिकार गर्ने र बालबालिका जोखिममा परी प्रभावित भएको अवस्थामा सम्बन्धित निकाय वा स्थानमा उजुर गर्नसमेत सक्दछन् । यसकारण बालसंरक्षणको सचेतनालगायत सम्पूर्ण गतिविधिमा बालबालिकाको सहभागिता प्रवर्द्धन तथा सुनिश्चितता गर्ने उद्देश्यले यस सत्रको तय गरिएको छ ।

## १३.२ अपेक्षित उपलब्धि :

यस सत्रको अन्त्यमा सहभागीहरूले,

- बालसहभागिताको अर्थ तथा महत्व बताउन सक्नेछन् ।
- बालसंरक्षण र बालबालिकाको सहभागिताबीचको सम्बन्ध वा बालसंरक्षणमा बालसहभागिताको आवश्यकताबारे भन्न सक्नेछन् ।
- समुदायमा बालसहभागिताबारे छलफल गर्न सक्नेछन् ।

## १३.३ सत्र सञ्चालनका लागि आवश्यक सामग्री :

न्यूजप्रिन्ट पेपर, मार्कर, विभिन्न रङ्का मेटाकार्ड, गम र मास्किङ् टेप, आदि ।

## १३.४ सत्रको तयारी :

- विभिन्न संस्थाद्वारा प्रकाशित बालअधिकार र बालसहभागितासम्बन्धी विभिन्न पुस्तकहरू अध्ययन गर्नुहोस् । विस्तृत जानकारीको लागि बक्समा हेर्नुहोस् ।

बालसहभागितासम्बन्धी केही पुस्तक तथा प्रतिवेदनहरू यसप्रकार रहेका छन् :

१. बालसहभागिता निर्देशिका, २०६३, केन्द्रीय बालकल्याण समिति, पुल्चोक, ललितपुर ।
२. बालसहभागिता प्रवर्द्धनका लागि विद्यमान कानुनी एवम् नीतिगत व्यवस्था र सरकारका कार्यक्रमहरू, २०१० (अध्ययन तथा प्रतिवेदनः चन्द्रिका खतिवडा), बालसहभागितामा कार्यरत संस्थाहरूको साझा समूह (कन्सोर्टियम), काठमाडौं ।
३. स्थानीय निकाय एवम् समुदायस्तरमा बालसहभागिता प्रबर्द्धन तथा बालसंरक्षणको लागि सहयोगी पुस्तिका, २०६३ (लेखकः चन्द्रिका खतिवडा), केन्द्रीय बालकल्याण समिति र वर्ल्ड भिजन इन्टरनेशनल, नेपाल ललितपुर ।
४. खानेपानी, सरसफाइ तथा स्वास्थ्य परियोजनामा नैतिकतापूर्ण तथा अर्थपूर्ण बालसहभागिता प्रवर्द्धनका लागि मार्गनिर्देशिका (लेखकः चन्द्रिका खतिवडा), २०११, सेभ द चिल्ड्रेन, वाटर एड र नेपाल स्वास्थ्यको लागि पानी (नेवा), काठमाडौं ।
५. बालसहभागिता प्रवर्द्धनका लागि आधार-पत्र (लेखन तथा सम्पादनः चन्द्रिका खतिवडा, जियम श्रेष्ठ र कुमार भट्टराई), २०११, बालसहभागितामा कार्यरत संस्थाहरूको साझा समूह (कर्न्सोटियम), काठमाडौं ।
६. बालसहभागिताः अनुभव र शिक्षा, गौरी प्रधान, अनुभवहरू, बालसहभागितामा कार्यरत संस्थाहरूको साझा समूह (कन्सोर्टियम), काठमाडौं ।

## १३.५ सत्र सञ्चालन गर्ने प्रक्रिया :

- सहभागीलाई यस सत्रमा छलफल गरिने विषयबारे संक्षिप्त जानकारी दिँदै देहायका क्रियाकलापहरूका आधारमा छलफल अगाडि बढाउनुहोस् ।

### क्रियाकलाप १: बालसहभागिताको परिचय र महत्व (२० मिनेट)

- सहभागीलाई बालसहभागिता भनेको के हो ? बालसंरक्षणका सन्दर्भमा बालबालिकाको सहभागिता किन आवश्यक छ ? भन्ने जस्ता प्रश्न सोध्नुहोस् ।
- सहभागीबाट आएका कुरालाई न्यूजप्रिन्ट पेपर वा बोर्डमा टिप्नुहोस् र सबै सहभागीको विचार लिएपछि धन्यवाद दिनुहोस् ।
- अब, निम्न जानकारीका आधारमा बालसहभागितासम्बन्धी छलफल गर्नुहोस् ।

बालसहभागिताको परिचय

- बाल्यावस्था भनेको नै सिक्ने, बुझ्ने र जान्ने जिज्ञासु अवस्था हो । जीवनमा अत्यावश्यक आधारभूत ज्ञान तथा सीप सिक्ने समय बाल्यकाल नै हो ।
- बालबालिकालाई आफ्नो जीवनमा प्रभाव पार्ने विषयसँग सम्बन्धित निर्णयप्रक्रियामा सहभागी हुने अधिकार छ ।
- 'सहभागिता' बालबालिकाको सम्मानको आधार र सशक्तीकरणको एक व्यवहारिक उपाय हो ।
- **बालसहभागितामार्फत** बालबालिकाले आफूलाई असर गर्ने सबै विषयमा स्वतन्त्ररूपमा आफ्नो विचार व्यक्त गर्न पाउने अधिकार र सँगसँगै बालबालिकाको उमेर र परिपक्वताअनुसार उनीहरूको विचारलाई उचित मान्यता दिइनुपर्ने अधिकारसमेतलाई स्थापित गर्दछ ।
- बालबालिकालाई सहभागिताको अधिकार अभ्यास नगर्ने पनि अधिकार हुन्छ । आफ्ना विचारहरू प्रकट गर्ने एक बा( लबालिकाकाको छनौटको विषय हो, उसको दायित्व होइन ।
- आफ्ना जिज्ञासा र सिक्ने चाहनालाई पूरा गर्न बालबालिका आफूसँग सम्बन्धित सामाजिक, सांस्कृतिक, सामुदायिक, पारिवारिक जीवनका गतिविधिहरूमा सहभागी हुन चाहन्छन् ।
- सहभागिताबाट नै बालबालिकाले आफ्नो अधिकार र कर्तव्य दुवैबारे जानकारी एवम् पहिचान गर्न सक्दछन् ।
- बालसहभागिता कार्यान्वयनका लागि निम्न आधारभूत तत्वहरू आवश्यक हुन्छन् : क) पारदर्शिता र सुसूचितता, ख) स्वयंसेवा ग) सम्मानपूर्णता, घ) सान्दर्भिकता, ङ) बालमैत्री, च) समावेशीता, छ) तालिम दिएर सहयोग गर्ने, ज) सुरक्षित र जोखिमबारे संवेदनशीलता, र झ) जवाफदेहीता ।
- बालसहभागिता कार्यान्वयनका चरणहरू- क) तयारी, ख) बालसहभागिताको चरण, ग) बालबालिकाको क्षमता पहिचान, घ) बालसहभागिताको जानकारी, ङ) बालसहभागितासम्बन्धी जवाफदेहीता हुन् ।

- अब, बालसंरक्षणका सन्दर्भमा बालसहभागिताको महत्वबारे देहायको जानकारीका आधारमा छलफल अगाडि बढाउनुहोस् ।

**बालसंरक्षणका सन्दर्भमा बालबालिकाको सहभागिता**

- बालबालिका आफ्नो समुदायमा रहेका बालसंरक्षणका मुद्दाहरूको पहिचान गरी योजना बनाउने, सोको कार्यान्वयन गर्ने, अनुगमन, मूल्याङ्कन गर्न सक्दछन् ।
- बालबालिकाबीचका फरक–फरक क्षमता र दृष्टिकोणहरूसमेत उजागर हुन्छन् । बालसहभागिताले बालबालिका र वयस्ककाबीच अन्तरपुस्ता दूरी कम गराउन पनि मद्दत गर्दछ ।
- बालसहभागिताको अभ्यासबाट बालबालिका जोखिममा परेको अवस्था आफैलाई जोगाउन, दौतरीबीच छलफल गर्न र पीडित भएको अवस्थामा सम्बन्धित निकाय वा स्थानमा उजुरी दिन सक्षम बनाउदछ ।
- बालबालिकाले खाली आफ्नो संरक्षणसम्बन्धी जोखिम वा अधिकारको हनन भएको अवस्थामा अधिकार प्रत्याभूतिका लागि वयस्कमा निर्भर रहनेमात्र होइन कि आफ्नो निजी जीवनमा प्रभाव पार्ने कुराका सन्दर्भमा अधिकार हकदार भएको कुरा प्रष्ट गर्दछ ।
- बालबालिकाको सुनवाइ गर्ने निर्णयको अवस्थामा आफै उपस्थित भएर सीधै वा प्रतिनीधि वा अन्य उपयुक्त प्रक्रिया निर्धारण गरिनुपर्छ । बालसंरक्षण कार्यमा सम्भव भएसम्म सिधै सुनुवाइका लागि अवसर दिनुपर्ने हुन्छ ।

- बालसंरक्षणका सन्दर्भमा बालसहभागिताबारे थप कुनै कुनै जिज्ञासा भए सोध्न लगाउने र आएका जिज्ञासाहरूको समाधानपश्चात यस सत्रको अन्त्य गर्नुहोस् ।

## क्रियाकलाप २ः बालसंरक्षणका क्रियाकलापहरूमा बालबालिकाको सहभागिता (२०देखि १५ मिनेट)

- प्रत्येक सहभागीलाई आ–आफ्नो कापीमा बालसंरक्षणका क्रियाकलापहरूमा बालबालिकाको कसरी सहभागी हुन सक्दछन् ? भन्ने प्रश्नमा ३/३ वटा बुँदाहरू लेख्न भन्नुहोस् ।
- सबै सहभागीले आ–आफ्ना व्यक्तिगत कार्य सकेपछि अब सँगै रहेको अर्को साथीसँग छलफल गरी २ वा ३ साझा बुँदा तयार गर्न भन्नुहोस् ।
- जोडीजोडीको छलफल सकिएपछि अब चारचार जनाको समूहमा छलफल गरी बुँदाहरू तयार गर्न र न्यूजप्रिन्ट पेपरमा उतार्न भन्नुहोस् ।
- यसपछि उक्त चार–चारजनाको समूह–कार्यपश्चात् एक–एकजना नेता छानी पालैपालो प्रस्तुत गर्न लगाउनुहोस् ।
- यदि कुनै समूह सदस्यहरूलाई अर्को समूहले गरेको कार्यमा कुनै जिज्ञासा भए प्रश्न गर्न र प्रस्तुत गर्ने समूहको तर्फबाट जवाफ दिन प्रोत्साहित गर्नुहोस् ।
- सबै समूहको प्रस्तुतीपश्चात सबै सहभागीहरूलाई सक्रिय सहभागिताको लागि धन्यवाद दिनुहोस् ।

## क्रियाकलाप ३ः सत्रको मूल्याङ्कन र सारसंक्षेप (५ मिनेट)

- अन्त्यमा, सत्रको मूल्याङ्कन गर्नुहोस् ।

मूल्याङ्कनका लागि सहभागीलाई सोध्न सकिने केही प्रश्नहरू

- बालसहभागिता भनेको के हो ?
- बालसंरक्षणका सन्दर्भमा बालसहभागिता किन आवश्यक हुन्छ ?
- बालसंरक्षण कार्यमा बालबालिकाको सहभागिता कसरी सुनिश्चित गर्न सकिन्छ ?


- सत्रमा सक्रियतापूर्वक सहभागी भएकोमा सबैलाई धन्यवाद दिनुहोस् ।

***

# अध्ययन सामग्री-७

## ७.१ बालसंरक्षण कार्यमा बालसहभागिता[१]

बालबालिकालाई आफ्नो जीवनमा प्रभाव पार्ने विषयसँग सम्बन्धित निर्णय प्रक्रियामा सहभागी हुने अधिकार छ । 'सहभागिता' बालबालिकाको सम्मानको आधार र सशक्तीकरणको एक व्यवहारिक उपाय हो । बालअधिकारको सन्दर्भमा 'सहभागिता'लाई बालबालिकाले आफ्ना अधिकार उपयोग गर्ने एक सशक्त माध्यमका रूपमा लिइन्छ । त्यसो त सहभागिता आफैमा मानवअधिकारको लक्ष्यसमेत हो । एकातिर अर्थपूर्ण सहभागिताका लागि बालबालिकाको सशक्तीकरण गरिनु जरुरी हुन्छ भने अर्कोतर्फ सहभागिताको अवसरले उनीहरूलाई थप सशक्त बनाउँदछ ।



बालबालिकालाई आफूलाई असर गर्ने सबै विषयमा स्वतन्त्ररूपमा आफ्नो विचार व्यक्त गर्न पाउने अधिकार छ र सँगसँगै बालबालिकाको उमेर र परिपक्वताअनुसार उनीहरूको विचारलाई उचित मान्यता दिइनुपर्ने अधिकारसमेतलाई स्थापित गर्दछ । बालबालिकालाई सहभागिताको अधिकार अभ्यास नगर्नलाई पनि अधिकार हुन्छ । आफ्ना विचारहरू प्रकट गर्ने एक छनौटको विषय हो, उनको दायित्व होइन । यसको लागि बालबालिकाले आफ्नो सर्वोत्तम हितका निमित्त निर्णय लिनलाई सबै आवश्यक सूचना र सल्लाह प्राप्त गरेका छन् भन्ने कुरा राज्यपक्षहरूले सुनिश्चित गर्नुपर्दछ । बालबालिकाले खाली आफ्नो संरक्षणसम्बन्धी जोखिम वा अधिकारको हनन भएको अवस्थामा अधिकार प्रत्याभूतिका लागि वयस्कमा निर्भर रहनेमात्र होइन कि आफ्नो निजी जीवनमा प्रभाव पार्ने कुराका सन्दर्भमा अधिकार हकदार भएको कुरा प्रष्ट गर्दछ । बालबालिकाको सुनुवाइ गर्ने निर्णयको अवस्थामा आफै उपस्थित भएर सिधै वा प्रतिनिधि वा अन्य उपयुक्त प्रक्रिया निर्धारण गरिनुपर्छ । बालसंरक्षण कार्यमा सम्भव भएसम्म सिधै सुनुवाइका लागि अवसर दिनुपर्ने हुन्छ । बालबालिकाका प्रतिनिधिका रूपमा उनीहरूका बाबुआमा वा अभिभावक वा वकिल वा अरु कुनै व्यक्ति जस्तैं संरक्षक वा सामाजिक कार्यकर्ता हुनसक्छ । यदि प्रतिनिधिमार्फत बालबालिकाको सुनुवाइ गरिन्छ भने बालबालिकको विचार उक्त प्रतिनिधिले ठीकसँग अभिव्यक्त गरेको छ वा छैन भन्ने सुनिश्चित गरिनुपर्दछ । बालसहभागितालाई केवल एक क्रियाकलाप वा एकपटक गरिने कार्यविशेषभन्दा पनि एक विधि, प्रक्रिया र संस्कारको रूपमा लिइनुपर्दछ । 'सहभागिता'ले बालबालिकालाई वयस्क व्यक्ति, निकाय तथा संस्थासमेतसँग मिलेर काम गर्ने अवसर सिर्जना गर्दछ ।

### बालसहभागिता कार्यान्वयनका लागि आवश्यक आधारभूत तत्वहरू :

क) **पारदर्शिता र सुसूचीतता**ः आफ्ना विचार स्वतन्त्ररूपमा अभिव्यक्त गर्ने र आफनो विचारलाई महत्व दिइनुपर्ने अधिकारका सम्बन्धमा तथा सहभागिता कहाँ हुन्छ, यसको क्षेत्र वा दायरा के हो, यसको उद्देश्य के हो र यसले के-कस्ता सम्भावित

१ केन्द्रीय बालकल्याण समिति र कन्सोर्टियम, काठमाडौंले प्रकाशित गरेको पुस्तक बालबालिकाको सुनुवाइको अधिकार, २०१२ (बालअधिकार समितिको सामान्य टिप्पणी नं. १२ को नेपाली अनुवाद) र चन्द्रिका खतिवडा र शिवबहादुर थापाद्वारा लिखित महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको सशक्तीकरण (२०६९ असार)मा प्रकाशित लेख 'सहभागिताको सन्दर्भ र परिवार, विद्यालय, समुदाय एवम् स्थानीयतहमा बालबालिकाको सहभागिता' को आधारमा तयार पारिएको हो ।

परिणामहरू ल्याउँदछन् भन्नेबारे बालबालिकालाई उनीहरूले बुझ्नसक्ने गरी उमेर सुहाउँदो किसिमबाट सूचनाजानकारी दिइनुपर्दछ ।

ख) **स्वयंसेवी**: बालबालिकालाई आफ्नो इच्छाविरूद्ध विचार व्यक्त गर्न दबाव दिइनुहुँदैन र आफूहरूले कुनै पनि प्रक्रियाको कुनै चरणमा सहभागी हुनबाट आफूलाई अलग गर्नसक्ने बारे उनीहरू सूचीत हुनुपर्दछ ।

ग) **सम्मानपूर्णता** : बालबालिकाको विचारलाई सम्मानका साथ लिइनुपर्नेछ र उनीहरूलाई आफैं आफ्ना विचार व्यक्त गर्न र क्रियाकलापहरू सुरूवात गर्न अवसरहरू दिइनुपर्दछ । बालबालिकासँग काम गर्ने वयस्कहरू बालबालिकाका कुरा बुझ्न सक्ने, उनीहरूलाई सम्मान गर्ने र बालसभागितका राम्रा उदाहरणहरू सिर्जना गर्नसक्ने खालको हुनुपर्दछ । अझ त्यस्ता वयस्कहरूले बालबालिका रहने सामाजिक–आर्थिक परिवेश, वातावरण र सांसक्रितिक सन्दर्भलाई राम्ररी बुझ्नु आवश्यक हुन्छ । बालबालिकासँग र उनीहरूका लागि काम गर्ने व्यक्तिहरू र संस्थाहरूले सार्वजनिक गतिविधिहरूमा उनीहरूको सहभागिता गराउने तथा सबै सन्दर्भमा बालबालिकाको विचारलाई सम्मान गर्नुपर्दछ ।

घ) **सान्दर्भिकता** : बालबालिकाले आफ्ना विचार व्यक्त गर्न पाउने अधिकारसँग सम्बन्धित विषयहरू उनीहरूको जीवनको वास्तविकतासँग सम्बन्धित हुनुपर्दछ । र, त्यसले उनीहरूको ज्ञान, सीप र क्षमताहरू बढाउन सहयोग पुऱ्याउने हुनुपर्दछ । साथसाथै, यसको लागि बालबालिका आफूले पहिचान गरेका विषयहरू सान्दर्भिक र महत्वपूर्ण भएको कुरा जोड दिन र तिनलाई सम्बोधन गर्न उनीहरूलाई सक्षम बनाउने खालका उपयुक्त स्थान हुनु पनि आवश्यक हुन्छ ।

ङ) **बालमैत्री** : बालबालिकाको क्षमताअनुरूप हुनेगरी सहभागिताको वातावरण र कार्यविधिहरूको छनौट तथा पहिचान गरिएको हुनुपर्दछ । बालबालिकालाई सहभागी हुनको लागि पर्याप्त समय र स्रोतहरू उपलब्ध गराइएको हुनुपर्दछ ताकि बालबालिकाले पर्याप्त तयारी गरी आफ्ना विचार अभिव्यक्त गरी योगदान दिने अवसर र आत्मविश्वास जुटाउन सक्दछन् । बालबालिकालाई विभिन्नतहमा फरकफरक किसिमको सहयोगको आवश्यकता पर्दछ र उनीहरूले आफ्नो उमेरअनुरूप एवम् क्षमताअनुसार हुने गरी संलग्न हुने विभिन्न रूपहरूलाई मान्यता दिइएको हुनुपर्दछ ।

च) **समावेशीता** : सहभागिता विद्यमान भेदभावको स्वरूपहरूलाई अस्वीक्रित गर्ने तथा सीमान्तक्रित बालबालिका, बालिका तथा बालकहरू दुवैको लागि समान अवसरहरू उपलब्ध गराएर उत्साहपूर्वक संलग्नता गराउने खालको समावेशी हुनुपर्नेछ । बालबालिका एकै समूहका मात्र होइनन् र उनीहरूलाई कुनै पनि किसिमबाट भेदभाव नगरी सबैको लागि समान अवसर दिनेगरी सहभागी गराइनु आवश्यक हुन्छ । अझ, बालसहभागितासम्बन्धी कार्यक्रमहरू समुदायका सबै बालबालिकाका लागि सांस्कृतिकरूपमा संवेदनशील हुनेगरी सुनिश्चित गर्न आवश्यक हुन्छन् ।

छ) **तालिम दिएर सहयोग गर्ने** : बालबालिकाको प्रभावकारी सहभागिता प्रवर्द्धनका लागि सहजीकरण गर्न वयस्कहरूको तयारी चाहिन्छ र यसका लागि सीपविकास गरी उनीहरूलाई सहयोग गर्नुपर्दछ । उदाहरणका लागि, प्रभावकारी सुनाइ सीप, बालबालिकासँग सहकार्य गर्ने र प्रभावकारीरूपमा उनीहरूको उदयोन्मुख क्षमताअनुरूप हुनेगरी संलग्न गराउने जस्ता सीपहरू वयस्कहरूलाई दिइनुपर्दछ । यसरी तालिम दिंदा खासगरी सहभागितालाई कसरी प्रभावकारीरूपमा प्रवर्द्धन गर्ने भन्नेजस्ता विषयमा बालबालिका स्वयं पनि प्रशिक्षक तथा सहजकर्ता भएर काम गर्न सक्दछन् ।

ज) **सुरक्षित र जोखिमबारे संवेदनशीलता** : कुनै निश्चित अवस्थाहरूमा आफ्नो विचार व्यक्त गर्दा बालबालिकाले जोखिम मोल्नुपर्दछ । आफूले काम गर्ने बालबालिकाप्रति वयस्कहरूको सँधै उत्तरदायित्व रहन्छ । वयस्कहरूले बालबालिकामाथि हुनसक्ने हिंसा, दूर्व्यवहार वा उनीहरूको सहभागिताबाट उत्पन्न हुनसक्ने अरु कुनै पनि खालका नकारात्मक परिणामसम्बन्धी जोखिमलाई न्यूनीकरण गर्न आवश्यक सबै उपायहरू पूर्ववत् नै अपनाउनुपर्दछ । केही बालबालिकाको समूहले सामना गर्नुपर्ने निश्चित खालका जोखिमहरूलाई सम्बोधन गर्नेगरी, उनीहरूले सामना गर्नुपर्ने थप अवरोधहरुमा सहयोग गर्नेगरी र उनीहरूको संरक्षण सुनिश्चित गर्नको लागि स्पष्ट बालसंरक्षण रणनीतिको विकास गर्नुपर्दछ । र, सबै बालबालिकाले जोखिमबाट सुरक्षित हुनुपर्ने आफ्नो अधिकारबारे सचेत हुने र आवश्यक परेमा सहयोगको लागि कहाँ जाने भन्नेबारे जान्नुपर्दछ ।

झ) **जवाफदेहीता** : सम्पन्न गरिएका कार्यको अनुगमन र मूल्याङ्कन गर्न प्रतिबद्धता आवश्यक हुन्छ । कुनै पनि नतिजाहरूलाई बालबालिकाको सहभागिताले कसरी प्रभाव पारेको छ भन्ने बारेमा स्पष्ट पृष्ठपोषणसहित उनीहरूलाई

अधिकारका धारक तथा सरोकारवालाका रूपमा लिइनुपर्दछ । जहाँ उपयुक्त छ, बालबालिकालाई प्रक्रिया वा कुनै पनि क्रियाकलापको अनुगमनमा सहभागी हुने अवसर दिनुपर्दछ । बालबालिकाको सहभागितासम्बन्धी अनुगमन र मूल्याङ्कन सम्भव भएसम्म बालबालिका आफैले गर्न आवश्यक हुन्छ ।

## बालसहभागिता कार्यान्वयनका चरणहरू :

क) **तयारी** : बालबालिकालाई असर गर्ने सबै विषयवस्तु विशेषगरी न्यायिक वा प्रशासनिक निर्णयप्रक्रियामा आफ्नो विचार अभिव्यक्तिको अधिकार एवम् उनीहरूले अभिव्यक्त गरेको विचारले त्यसको प्रतिफलमा पार्ने प्रभाव बालबालिकाको जानकारीमा छ भन्ने कुरा बालबालिकाको उत्तरदायित्व बहन गर्नेहरूले सुनिश्चत गर्नुपर्दछ । बालबालिकाले स्वयं उपस्थित भएर आफैं वा प्रतिनिधिमार्फत् विचार अभिव्यक्त गर्ने विकल्पबारे जानकारी पाउनुपर्दछ । यसरी छनौट गरिएको विकल्पको सम्भाव्य परिणामबारे सचेत हुनुपर्दछ । यसर्थ बालबालिकालाई यसबारे पहिले नै तयार पार्नुपर्दछ । यसरी तयार पार्दा कसरी, कहिले र कहाँ सहभागी हुनुपर्दछ र सहभागीहरू को को हुन्छन् र बालबालिकाले व्यक्त गरेको विचारलाई कसरी मान्यता दिइन्छ भन्नेबारे प्रष्ट पार्नुपर्दछ ।




ख) **बालसहभागिताको चरण** : बालबालिकाको सहभागिताको अधिकार प्रयोग गर्ने परिस्थिति वा अवस्था उनीहरूलाई सशक्तीकरण गर्ने र प्रोत्साहित गर्ने खालको हुनुपर्दछ । यसो भएमा सुनुवाइको उत्तरदायित्व भएको वयस्कले आफ्ना कुरा र विषयलाई ध्यानपूर्वक सुनिरहेका छन् र आफूले सञ्चार गर्न चाहेको कुरा संवेदनशीलताका साथ लिन पनि इच्छुक छन् भन्ने कुरामा बालबालिका सुनिश्चित हुन सक्दछन् ।

ग) **बालबालिकाको क्षमता पहिचान** : बालबालिकाको विचारलाई उचित मान्यता दिइनुपर्दछ । घटनाहरूको विश्लेषण गर्दा बालबालिका आफ्ना विचार बनाउन सक्षम छन् भन्ने देखिन्छ । बालबालिका तर्कसंगतरूपमा स्वतन्त्र तरिकाले आफ्ना विचार बनाउन सक्षम रहेको मान्ने हो भने उनीहरूका विचारलाई सम्बन्धित बालसंरक्षण कार्यको उपयुक्त क्रियाकलापमा महत्वपूर्ण पक्षको रूपमा मान्यता दिइनुपर्दछ । यसैगरी बालबालिकाको क्षमता पहिचान गर्नका लागि असल अभ्यास गर्नुपर्दछ ।

घ) **बालसहभागिताको जानकारी** : बालबालिकाले व्यक्त गरेको विचारलाई उचित मान्यता दिएको कुरा स्वयं बालबालिकाले थाहा पाउनुपर्दछ । त्यसैले निर्णयकर्ताहरूले बालबालिकालाई उनीहरू संलग्न भएको कुनै प्रक्रियाबाट केकस्तो परिणाम वा प्रतिफल प्राप्त भयो भन्नेबारेमा बालबालिकालाई जानकारी दिने तथा कसरी उनीहरूका विचारहरूलाई मान्यता दिएका थिए भन्ने बारेमा व्याख्या गरिनुपर्दछ ।

ङ) **बालसहभागितासम्बन्धी जवाफदेहीता** : बालबालिकाले राखेका भनाइ वा विचारलाई उचित मान्यता दिइनुपर्ने बालअधिकारको उपेक्षा र उल्लंघन गरिएमा त्यसबारे उजुरी गराउने र त्यसबाट उपचार पाउने कुराबारे नीति तयार

हुनुपर्दछ । बालसंरक्षण कार्यमा संलग्न भएका समूह तथा निकायहरूका बालबालिकाको यसखालको अधिकार उल्लंघन भएमा जवाफदेहीताका लागि उजुरी संयन्त्रहरू खडा गर्नुपर्दछ । त्यस्ता अख्तियारप्राप्त व्यक्ति वा निकायहरू के-कुन हुन् र उनीहरूसम्म कसरी पहुँच पुऱ्याउने भन्ने बारेमा सबै बालबालिकाले थाहा पाउनुपर्दछ । यसखाले उजुरी प्रक्रियाका कारण बालबालिकाले पुनः जोखिम वा दण्ड हुनेछैन भन्नेबारे विश्वसनीय हुनु आवश्यक छ ।

## बालसहभागितासम्बन्धी सूचकहरू[२]:

बालबालिकाले सहभागिताको अधिकार के-कसरी उपभोग गरिरहेका छन् भनेर मापन गर्नु ज्यादै कठिन काम हो । तथापि तल उल्लेख गरिएका कुराहरूले बालसहभागिता भएको छ वा छैन भनेर जाँच गर्न आधार दिन्छ :

- बालबालिकासँग सरोकार भएका विषयहरूमा बालमैत्री सूचनाजानकारीमा उनीहरूको पहुँच छ वा छैन,
- वयस्क र बालबालिकाबीच खुल्ला सञ्चार-संवाद गर्ने परिपाटी विद्यमान छ वा छैन,
- बालबालिकाले अभिव्यक्त गरेको विचार तथा उनीहरूको भावनाको कदर गरिएको छ वा छैन,
- बालबालिकामा आफू संलग्न भएको गतिविधि वा क्रियाकलापमा स्वामित्वभाव वा अपनत्व देखिएको छ वा छैन,
- बालबालिकामा आफ्ना विचारहरूलाई निर्धक्कसँग राख्ने आत्मविश्वास आएको छ वा छैन र त्यसलाई उनीहरूको उमेर तथा परिपक्वताअनुरूपा मान्यता दिने संस्कार वयस्क व्यक्ति तथा समाजमा छ वा छैन,
- बालबालिकामा अरूहरूको भावना र विचारको सम्मान गर्ने तथा फरक मतलाई सम्मान गर्ने संस्कार विकसित भएको छ वा छैन,
- बालसहभागिता गराउँदा समावेशीरूपमा बालबालिकामाझ अवसरहरूको बाँडफाड गर्ने गरिएको छ वा छैन,
- कुनै पनि गतिविधि वा क्रियाकलापहरूमा बालबालिकाको सहभागिताले त्यसमा कुनै महत्ता बढाएको छ वा छैन र त्यसरी सहभागी हुनुले सम्बन्धित बालक वा बालिकाको वर्तमान र भावी जीवनमा कुनै योगदान पुऱ्याउने खालको छ वा छैन,
- बालबालिकालाई कुनै पनि गतिविधि वा क्रियाकलापमा भाग लिन र भाग लिन्न भन्न पनि पाउने दुवै अवस्था उपलब्ध गराइएको छ वा छैन र त्यसरी सहभागी हुँदा बालबालिकाको हकअधिकार वा क्षमता बढाउनको लागि सोचपूर्ण यत्न गरिएको छ वा छैन, आदि ।

बालसहभागितालाई अर्थपूर्णरूपमा प्रवर्द्धन गर्न सकिएमा व्यक्तिगत, पारिवारिक र सामाजिक जीवनका समस्या पहिचान गर्ने नयाँ दृष्टिकोण बन्दछ र समुदायमा थप विश्वासको वातावरण बन्दछ । अझ महत्वपूर्ण कुरा त सहभागिताले बालबालिकालाई भिन्न भुमिका र जिम्मेवारीमा रहेका वयस्क व्यक्ति, संस्था तथा निकायहरूसँग मिलेर सहकार्य गरी नयाँ सीप सिक्ने अवसर प्रदान गर्दछ । साथै, बालबालिकाको सहभागितालाई सही, प्रक्रियासङ्गत र व्यवस्थितरूपमा प्रवर्द्धन गर्न सकिएमा आजका बालबालिकालाई अधिकारप्रति जागरूक वयस्कका रूपमा तयार गर्न सकिन्छ । यसले समग्र समाजको दिगो विकासको आधार तयार गर्न मद्दत गर्दछ ।

वयस्कहरूले बालबालिकाको आफ्नो जीवनमा असर/प्रभाव पार्ने विषयको निर्णय प्रक्रियामा सहभागी हुने अधिकार छ भन्ने कुरा बुझ्नुपर्दछ । बालबालिकालाई विचार अभिव्यक्त गर्न दिने र तिनलाई उनीहरूको बढ्दो उमेर, अनुभव तथा परिपक्वताअनुरूप उचितरूपमा सुन्नु र सम्मान गर्नुपर्दछ । यो वयस्क व्यक्ति, परिवार, समाजका संरचनाहरू, संघसंस्था एवम् निकायहरूको कर्तव्य हो ।

***

२ बालसहभागितामा कार्यरत संस्थाहरूको साझा समूह (कन्सोर्टियम) को बालबालिकाको सहभागिताको अधिकारः जानकारी हेर्नुहोस् ।

# १४. समुदायतहमा बालसंरक्षणका लागि गरिने क्रियाकलापहरू



**१ घण्टा**

## १४.१ सत्रको परिचय :

समुदायतहमा बालसंरक्षणका लागि रोकथाममूलक क्रियाकलापहरू गर्न सकिन्छ । यस्तो कार्य विभिन्न समूहमा आबद्ध भएका व्यक्तिहरूको अगुवाइमा हुन सक्दछ । यस तालिमका सहभागीहरू समुदायतहमा क्रियाशील रहेका विभिन्न समूह तथा संस्थाहरूको प्रतिनिधिहरू हुने भएकाले यस तालिमपश्चात समुदायमा बालसंरक्षणसम्बन्धी क्रियाकलापहरू सञ्चालन हुने अपेक्षा गरिएको छ । यसर्थ समुदायस्तरका व्यक्तिहरूकै संलग्नतामा बालसंरक्षणसम्बन्धी कार्ययोजना तयार गर्ने यस सत्रको उद्देश्य रहेको छ ।

## १४.२ अपेक्षित उपलब्धि :

यस सत्रको अन्त्यमा सहभागीहरूले,

- समुदायमा बालसंरक्षणसम्बन्धी क्रियाकलापहरू हुनसक्दछन् भन्ने बारेमा छलफल गर्न सक्नेछन् ।
- समुदायमा आधारित बालसंरक्षणसम्बन्धी कार्ययोजना तयार भएको हुनेछ ।

## १४.३ सत्र सञ्चालनका लागि आवश्यक सामग्री :

न्यूजप्रिन्टपेपर, मार्कर, विभिन्न रङ्गका मेटाकार्ड, गम र मास्किङ्ग टेप, आदि ।

## १४.४ सत्रको तयारी :

- बालसंरक्षणका लागि स्थानीयतहमा के कस्ता स्रोतहरू (आर्थिक, मानवीय र भौतिक) उपलब्ध छन् भन्ने पूर्व जानकारी हासिल गर्नुहोस् ।
- व्यक्तिगतरूपमा समुदायमा गर्नसकिने बालसंरक्षणसम्बन्धी क्रियाकलापको सूची तयार गर्नुहोस् (यसले छलफललाई सहजीकरण गर्न मद्दत गर्दछ) ।

## १४.५ सत्र सञ्चालन गर्ने प्रक्रिया :

- सहभागीलाई यस सत्रमा समुदायतहमा गर्नसकिने बालसंरक्षणका क्रियाकलापहरू तय गर्ने र कार्ययोजना बनाउने सघाउने लक्ष्य राखिएको छ भनेर जानकारी दिनुहोस् ।
- सहभागीहरूले विभिन्न समूहमार्फत प्रतिनिधित्व गरेको भए सम्बन्धित समूहका सहभागीहरू एकठाउँ हुन सामेल हुन लगाउनुहोस्[1] (जस्तै, विद्यालय, बालसमूह, महिला समूह आदि) ।
- अब सहभागीलाई आ–आफ्नो समूहले एकवर्षभित्र गरिने बालसंरक्षणसम्बन्धी क्रियाकलापसहितको कार्ययोजना तयार गर्न अनुरोध गर्नुहोस् (कार्ययोजनासम्बन्धी नमूना यहाँ दिइएको छ) ।

---

१ यदि सहभागीहरू निश्चित समूहका प्रतिनीधिहरू हुन् भने उक्त समूह वा संस्थाको मात्र पनि कार्ययोजना तयार गर्न सकिन्छ ।

### कार्ययोजना निर्माणका लागि नमूना

| क्र.सं. | क्रियाकलाप (के गर्ने) | अनुमानित बजेट | लक्षित समूह (को को सहभागी हुने) | समय (कहिले गर्ने ?) | स्थान (कहाँ गर्ने?) | जिम्मेवार व्यक्ति वा समूह |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

- सबै समूहले समूह-कार्य सकिएपछि प्रत्येक समूहलाई आ–आफ्नो नेता छान्न लगाउनुहोस् ।
- समूहको नेतालाई क्रमैसँग समूह-कार्य प्रस्तुत गर्न लगाउनुहोस् र अन्य समूहलाई कुनै बुँदामाथि प्रष्ट हुन चाहेमा प्रश्न गर्न र प्रस्तुत गर्ने नेता र समूह सदस्यहरूले स्पष्ट पार्न अनुरोध गर्नुहोस् ।
- सहजकर्ताले यदि कुनै बुँदामाथि छलफल गर्न आवश्यक ठानेमा समग्रमा छलफल गर्नुहोस् । र, सत्रमा सक्रियतापूर्वक सहभागी भएकोमा धन्यवाद दिदै छलफलको अन्त्य गर्नुहोस् ।

***

**प्रशिक्षण तालिकाको नमूना**

**समुदायमा आधारित बालसंरक्षण संयन्त्रहरूका लागि बालसंरक्षणसम्बन्धी आधारभूत अवधारणा, पद्धति एवम् संरचनाहरूबारे तीन (३) दिने तालिम**

(१५ घण्टा ४५ मिनेट + बालबालिकासँग तालिम सञ्चालन गर्दा भने थप २ घण्टा समय चाहिन्छ)

| क्र.सं. | सत्रको शीर्षक | समय | कैफियत |
|---|---|---|---|
| १. | सहभागीबीच परिचय तथा तालिमको उद्देश्यबारे जानकारी | ४५ मिनेट | |
| २. | बालबालिका र बालअधिकारको आवश्यकता | ६० मिनेट | |
| ३. | बालअधिकार | ९० मिनेट | |
| ४. | बालअधिकारका सिद्धान्तहरू | ६० मिनेट | |
| ५. | बालबालिकाको संरक्षणको अधिकार | ९० मिनेट | |
| ६. | बालबालिकामाथि हुने हानिहरू | ६० मिनेट | |
| ७. | समुदायमा विद्यमान बालसंरक्षणका सवालहरू | ६० मिनेट | |
| ८. | समुदायभित्र जोखिम क्षेत्रको पहिचान | ९० मिनेट | |
| ९. | बालसंरक्षण पद्धति | ९० मिनेट | |
| १०. | समुदायस्तरका विद्यमान बालसंरक्षणका संरचनाहरू र यसका कार्यहरू | ६० मिनेट | |
| ११. | समुदाय तथा जिल्लास्तरमा उपलब्ध सेवा तथा सेवा प्रदायक (संस्था/व्यक्ति) हरूको नक्साङ्कन | ६० मिनेट | |
| १२. | बालसंरक्षण नीति | ६० मिनेट | |
| १३. | बालसंरक्षणमा बालबालिकाको सहभागिता | ६० मिनेट | |
| १४ | समुदायतहमा बालसंरक्षणका लागि गरिने क्रियाकलापहरू (कार्ययोजना) | ६० मिनेट | |
| १५ | बालबालिकाका लागि बालसंरक्षणका लागि जीवनोपयोगी सीपविकास (कम्तिमा २ सीप) * | १२० मिनेट | |

**यससम्बन्धी सत्र तालिम पुस्तकको भाग ३ मा उल्लेख गरिएको छ ।*

PLAN INTERNATIONAL

Save the Children

Terre des hommes
Helping children worldwide. tdh.ch

unicef

World Vision